
# बौद्धजगत्‌का स्मरणीय व्यक्तिहरू

## - चौथो भाग -



Dhamma.Digital

- लेखक -

**रत्नसुन्दर शाक्य**

"परियत्ति सद्धम्मपालक"

भक्तपुर

Downloaded from http://dhamma.digital

# बौद्धजगत्का स्मरणीय व्यक्तिहरू

## - चौथो भाग -


- लेखक -

**रत्नसुन्दर शाक्य**

"परियत्ति सद्धम्मपालक"

भक्तपुर


Dhamma.Digital


- प्रकाशक -

**विवेकानन्द लुमन्ति प्रकाशन**

बौद्ध समकृत विहार

भक्तपुर


Downloaded from http://dhamma.digital

प्रकाशक –

# विवेकानन्द लुमन्ति प्रकाशन

बौद्ध समकृत विहार

भक्तपुर-१७

(सर्वाधिकार सुरक्षित)

पहिलो संस्करण - १००० प्रति

बुद्धसम्बत् - २५४७
नेपालसम्बत् - ११२४
विक्रमसम्बत् - २०६०
ईश्वीसम्बत् - २००३

मूल्य - ६०।-

Dhamma.Digital

कम्प्यूटर सेटिङ : गोविन्द ह्यूमत, सुरेन्द्र कुमार राजथला र रामकृष्ण लामिछाने

*मुद्रक :*

**न्यू नेपाल प्रेस**

*प्रधान कार्यालय :*
नक्साल, नागपोखरी, काठमाडौं
फोन : ४४३४८५०, ४४३४७५३
फ्याक्स : (९७७-१) ४४३३९२९

*व्यापारिक कार्यालय :*
शुक्रपथ, न्यूरोड, काठमाडौं
फोन : ४२५९०३२, ४२५९४५०
फ्याक्स : (९७७-१) ४२५८६७८

Downloaded from http://dhamma.digital

## — समर्पण —

बुद्ध-धर्म प्रचार-प्रसारमा लागेका
सम्पूर्ण आत्मीय
मित्रहरु
प्रति

Dhamma.Digital

**- रत्नसुन्दर शाक्य**

Downloaded from http://dhamma.digital



भिक्षु विवेकानन्द महास्थविर

(वि.सं. १९७३-२०४२)

Downloaded from http://dhamma.digital

# भिक्षु विवेकानन्द महास्थविर

नेपालमा राणाकालमा बुद्ध-धर्म प्रचार-प्रसारार्थ आफ्नो जीवन समर्पण गर्नुभएका ज्येष्ठ भिक्षुहरूको क्रममा भिक्षु विवेकानन्द महास्थविर पनि एक हुनुहुन्छ ।

उहाँको जन्म वि.सं. १९७३ सालको भाद्र महिनामा पूर्वाञ्चलस्थित भोजपुरको टक्सारमा पिता मुनिराज शाक्य र माता भक्तकुमारी शाक्यको ज्येष्ठ पुत्रको रूपमा भएको थियो । माता-पिताको तर्फबाट राखिएको उहाँको नाम "प्रज्ञाधन शाक्य" थियो ।

उहाँले आफ्नो प्रारम्भिक शिक्षा लीलाकान्त नामका ब्राह्मण पण्डितबाट प्राप्त गर्नुभएको थियो। उक्त पण्डितले उहाँ र उहाँका मित्रहरूलाई संस्कृत र गणित सिकाएका थिए । यसको अतिरिक्त उहाँले त्यसताका प्रचलित बौद्धपरम्पराका धार्मिक स्तोत्र-पूजा पाठ आदि सिकेका थिए ।

पछि वि.सं. १९९३ सालको पौष महिनामा भिक्षु महाप्रज्ञा एवं श्रामणेर अमृतानन्दको भोजपुर आगमनपश्चात् मात्र उहाँहरूको शिक्षामा मोड (स्थविरवाद बुद्ध-धर्ममा संलग्न) आयो । विशेषत: भिक्षु महाप्रज्ञाको सत्संगतबाट उहाँ एवं उहाँका मित्र बन्धुहरूले छन्दोवद्ध कविता रच्ने, बुद्धमूर्ति निर्माण गर्ने र धर्मोपदेशको तरिका आदि बारे ज्ञान हासिल गर्दै ल्याए ।



Downloaded from http://dhamma.digital

भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्दको प्रेरणाबाट प्रज्ञाधन शाक्यका स्वबन्धुमित्रहरूमा कुलराज शाक्य वि.सं. १९९६ सालको वैशाखपूर्णिमा (बु.सं.२४८३) का दिन कुशीनगर पुगी भिक्षु ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को आचार्यत्वमा 'श्रामणेर सुबोधानन्द" भए त गजरत्न शाक्य सोही दिन कालिम्पोङ्गको त्रिपाई डाडाँमा अवस्थित प्रज्ञाचैत्य महाविहारमा पुगी भिक्षु महाप्रज्ञाको आचार्यत्वमा "श्रामणेर प्रज्ञारश्मि" हुनुभएको थियो ।

प्रज्ञाधन शाक्य- यसको ७ वर्षपछि मात्र कुशीनगर पुगी भिक्षु ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट वि.सं. २००३ सालमा "श्रामणेर विवेकानन्द" हुनुभयो । त्यस अवधि (वि.सं. १९९६-२००३) भित्रमा उहाँले घरबार त्यागी अनागारिक रूपमा यत्र-तत्र (काठमाडौं उपत्यकामा पनि) रही अध्ययन-मनन एवं लेखन कार्यमा पनि हात चलाइ सकेको थियो । उदाहरणको लागि "लोकनीति" पुस्तक र "धर्मदूत" पत्रिकामा प्रकाशित लेखलाई लिन सकिन्छ । "लोक-नीति" पुस्तक-जुन उहाँले ने.सं. १०६८ मा शाक्यमुनि विहार, टक्सार-भोजपुरको तर्फबाट प्रकाशन गरिएको थियो- यो एक प्राचीन पाली कृति थियो । यसैको हिन्दी अनुवादलाई उहाँले नेपालभाषामा गरी "प्रज्ञाधन शाक्योपासक" नामबाट प्रकाशन गरिएको थियो । सो कृतिमा त्यसताकाको प्रचलनअनुसार शुरुमै "सद्धर्म सुरक्षित नेपालया भूपति श्री ३ महाराज पद्मया जय !" भनी तत्कालीन शासकको नाम उल्लेख गरिएको थियो ।

यस्तै उहाँले गृहस्थको बेलामै सी. डब्ल्यू. लेडवीटर (C.W. Leadbeater) नामका एक ब्रिटिश पालीसाहित्यका बौद्धविद्वानले बालबालिकाहरूलाई उपयुक्त हुने किसिमले पालीभाषामा रचना गरिएको प्रश्नोत्तर ढंगको एक बौद्ध पुस्तिका जसको हिन्दी अनुवाद सीताराम वर्मा



Downloaded from http://dhamma.digital

बी.ए.ले गरेकोलाई नेपालभाषामा अनुवाद गरी प्रकाशनार्थ बाराणसी जाँदै गरेको बेला सो रकम गुम्भएको कारण सो कृतिको प्रकाशन कार्य तितर-बितर हुन गएको कुरा उहाँ यसरी उल्लेख गर्नुहुन्छ–

"अबले जिं तुम्हारा धर्म क्या हैं ? बौद्ध मत है (बौद्ध शिशु बोध) धयागु चिकिचा धंगु सफू छगू ब्वना। व ब्वँसेनिसें थ:त नं नेपालभाषा नं थथे ब्वने द:सा ज्यू धयागु मतीव:गु ख: । अले व सफू स्वया स:सथें अनुवाद याना । छापे यायेत भारत (काशी) वना । तर ज्वनावनागु दाँ कम्पनि रू. ४००।- रेले छम्ह गुण्डायात मचायक लवल्हाना । उकिं व ज्या फासांफुसु जुयावन - थ्व खँ नीदँ थुखे यागु मखु उखेयागु ख: ।"

यो उद्धहरण उहाँले सोही पुस्तकको स्मरण गरी त्यस्तै खालको पुस्तक "बाल बौद्ध शिक्षा" को रचना गरी ने.सं. १०८५ मा प्रकाशन गरेको बेला भूमिकामा उल्लेख गरिएको थियो ।

यसप्रकार गृहस्थको बेलादेखि लेखनकार्यमा हात चलिसकेका उहाँले जब श्रामणेर हुनुभयो तब पुन: शुरूगर्नुभयो सर्वप्रथम -"श्रामणेर विनय"। यो कृति उहाँले बु.सं. २४९४ मा प्रकाशित गर्नुभएको थियो ।

वि.सं. २००७ सालको फागुपूर्णिमाका दिन श्रामणेर विवेकानन्द, अन्य एक श्रामणेर अग्गधम्म जो २००१ सालमा राणा सरकारबाट निष्कासित गरिएका भिक्षु - श्रामणेरहरूमा एक थिएका साथ नेपालमा पहिलो पल्ट प्रतिस्थापित आनन्दकुटी विहारको सीमागृहमा संघनायक भिक्षु प्रज्ञानन्द महास्थविर (वि.सं. १९५७-२०४९) को उपाध्यायत्वमा उपसम्पन्न भई "भिक्षु विवेकानन्द" हुनुभएको थियो ।

उपसम्पदापश्चात् भिक्षु विवेकानन्द काठमाडौं उपत्यका एवं उपत्यकाबाहिर भोजपुर एवं कालिम्पोङ्गमा समेत गरी ४ वटा वर्षावास



Downloaded from http://dhamma.digital

बिताइसक्नुभएपछि सन् १९५४ देखि बर्मामा सम्पन्न भइरहेको छट्ठ संगायनामा एक संगीतिकारकको रूपमा सामेल हुन भिक्षु शाक्यानन्द (वि.सं. १९६६-२०५४) का साथ १३ नवम्बर १९५४ का दिन कलकत्ताबाट बर्मा पुग्नुभएको थियो ।

उहाँले उक्त संगायनाको द्वितीय सन्निपातमा सहभागी भएपश्चात् वर्षदिन त्यहाँ रही दिसम्बर, १९५५ मा कलकत्ता एवं कालिम्पोङ्को "धर्मोदय विहार" मा आइपुगे । कालिम्पोङ्को उक्त विहार मै उहाँले २५०० औं बुद्ध-जयन्तीको उत्सव मनाए । त्यसताका सो विहारमा भदन्त आनन्द कौशल्यायन, भिक्षु अनिरूद्ध एवं श्रामणेर ज्ञानसागर पनि रहँदै थिए ।

भिक्षु विवेकानन्दले २०१३ सालको वर्षावास धर्मोदय विहारमै बिताई सोही साल (१९५६ ई.) काठमाडौंमा सम्पन्न हुन गइरहेको विश्व बौद्ध भ्रातृत्व संघको "चतुर्थ विश्व बौद्ध सम्मेलन" अवलोकनार्थ भिक्षु अनिरूद्धका साथ २२ अक्टोबर १९५६ का दिन श्रीघः विहार, काठमाडौं आइपुगे ।

उहाँले २०१४ सालको वर्षावास श्रीघः विहारमा बिताए त २०१५ सालको वर्षावास भक्तपुरका प्रथम उपासक सम्यक्रत्न वज्राचार्य (हाल भिक्षु सम्यकज्योति महास्थविर) को अनुरोधमा मुनिविहारमा बिताउन आए । त्यसताका मुनिविहारमा रहँदैआउनुभएका भिक्षु रत्नज्योति आनन्दकुटी विहारमा वर्षावास बिताउन जानुभएको कारण भिक्षु विवेकानन्दलाई वर्षावासको निमित्त आमन्त्रित गरिएको थियो ।

यसै वर्षावासकालदेखि भिक्षु विवेकानन्दको सम्पर्क भक्तपुरका उपासकोपासिकाहरूसित घनिष्ठ हुँदै आए । उहाँको धर्मोपदेशबाट ती



Downloaded from http://dhamma.digital

उपासकोपासिकाहरूले धर्मावबोध गर्दै ल्याए । यसैको फलस्वरूप यस वर्षको वर्षावासकालपछि उहाँ भक्तपुरमा नरहनुभएता पनि उहाँले जहाँ वर्षावास बिताउन गएको भएतापनि सो स्थानमा पुगी उहाँसित सम्पर्क राख्दै गरेका व्यक्तिहरू भए । यसमा विशेषत: भक्तपुर खौमाबहालका उपासिका चिरिमाया शाक्य एवं उहाँकी पुत्री मायादेवी शाक्य (पछि अनगारिका वजिरञाणी) र पुत्र संघरत्न शाक्यले उहाँसित सम्पर्क कायम गर्दै राखे । सोही क्रममा उहाँहरू भिक्षु विवेकानन्दका साथ वि.सं. २०२० सालमा भारतको उत्तरप्रदेश र विहारप्रदेशमा अवस्थित बुद्धका संवेजनीय स्थलहरूको अवलोकनार्थ पनि पुग्नुभएको थियो अझ महाराष्ट्रको बम्बई शहरको पनि अवलोकन गरेर फर्केका थिए ।

विशेषत: भिक्षु विवेकानन्दले बलम्बूको प्रणिधिपूर्ण महाविहारमा ५ वर्षसम्म (वि.सं. २०१८-२३) रहनुभएको बेला धेरै श्रद्धालुहरूलाई पटक-पटक गरी बौद्ध तीर्थस्थलहरूको अवलोकनार्थ लग्नुभएको थियो । यसै ५ वर्षको बलम्बू निवासकालमा उहाँले केही कृतिहरूको लेखन एवं प्रकाशन कार्य पनि गर्नुभएको थियो जसमा प्रमुखत: उत्तरा, अनत्तलक्खण सुत्त, श्यामावती, बलम्बू ज्ञानमाला, बाल बौद्ध शिक्षा, सामकुमार आदिलाई लिन सकिन्छ ।

यी कृतिहरू प्रकाशनार्थ पनि केही-केही आर्थिक सहयोग दिँदै आउनुभएका चिरिमाया शाक्य एवं उहाँको पुत्र संघरत्न शाक्यले वि.सं. २०२८ सालमा भिक्षु विवेकानन्द महास्थविरलाई आफ्नो निवास स्थान खौमाबहाल नजिक रहेको लोकेश्वर विहारमा वर्षावासको निमित्त निम्तो गरियो । भिक्षु विवेकानन्द महास्थविरले पनि भक्तपुरमा केही गर्ने अभिप्रायले सहर्ष स्वीकार गरी उक्त लोकेश्वर विहारको सत्तलमा वर्षावासको अधिष्ठान गर्न आउनुभयो । त्यसैबेला देखि उहाँ भक्तपुरका भिक्षु हुँदै आउनुभयो ।



Downloaded from http://dhamma.digital

भिक्षु विवेकानन्द महास्थविरले वर्षावासकाल अवधिभित्र पर्ने श्रावण मास (गुँला) भरि धर्मदेशनाको कार्यक्रम सम्पन्न गर्नुभएको थियो साथै विहारमा आउनुहुने श्रद्धालुहरूमा विशेषत: संघरत्न शाक्यका मित्रहरूलाई पनि लोककल्याणको निमित्त बुद्ध-धर्मको प्रचार-प्रसार गर्नु, प्राचीन बहा-बहीहरूको संरक्षण गर्नु आ-आफ्नो कर्तव्य भएको कुरा महशुस गराउन सफल हुनुभएको थियो । यसैको फलस्वरूप (कार्यान्वयन हेतु) संघरत्न शाक्य लगायत उहाँका मित्रहरू भीमराज वज्राचार्य, पूर्णचन्द्र शाक्य, सिद्धिरत्न शाक्य र धर्मसुन्दर शाक्य मिली भिक्षु विवेकानन्द महास्थविरको धर्मानुशासकत्वमा १८ आश्विन २०२८ अर्थात् कार्तिक पूर्णिमा, बु.सं. २५१५ का दिन "बौद्ध संघ भक्तपुर" को स्थापना भए ।

वि.सं. २०२८ सालपछि भिक्षु विवेकानन्द महास्थविरले वि.सं. २०२९ र २०३० सालको वर्षावास काठमाडौंको श्रीघ: विहारमा बिताएका थिए । उहाँले श्रीघ: विहारमा वर्षावास बिताउनुभएको भएतापनि "बौद्ध संघ भक्तपुर" को अनुरोधमा प्रत्येक औंसी, अष्टमी र पूर्णिमाका दिन नियमित रूपमा बुद्ध-पूजा एवं धर्मोपदेशको निमित्त आइ नै रहेका थिए । त्यसताका बुद्ध-पूजा हुने स्थान खौमाबहालमा थिए ।

यसकिसिमले बुद्ध-पूजाको निमित्त काठमाडौं-भक्तपुर ओहोर-दोहोर गरिरहन आफूलाई गाह्रो भएको र यदि स्थायी रूपमा एक विहारको प्रबन्ध गर्न सकेमात्र आफू स्थायी रूपमा रही बुद्ध-पूजा एवं धर्मदेशना कार्यमा निरन्तरता दिइरहन सक्ने कुरा "बौद्ध संघ भक्तपुर" का उपर्युक्त सदस्यहरूलाई जानकारी दिए । तसर्थ उहाँहरूले स्थानको निमित्त यत्र-तत्र खोज्दै रहे । अन्तमा, भक्तपुर-१७ स्थित प्राचीन एक बही कुटुबही-जुन जीर्णअवस्थामा पुगिसकेको थियो जसलाई बहालमा पनि दिइसकेको थियोलाई संरक्षण पनि गर्ने अभिप्रायका साथ उक्त बहीका



Downloaded from http://dhamma.digital



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

प्राय: सम्पूर्ण हकदार (शाक्य-वज्राचार्य) हरूसित पटक-पटकको सहमति प्राप्त गरी सो स्थानमा स्थविरवादी भिक्षुहरू राखी बुद्ध-धर्म प्रचार-प्रसार गराउने लक्ष्य राखी "बौद्ध संघ भक्तपुर" लाई प्रदान गरेको थियो ।

बौद्ध संघ भक्तपुरले जीर्ण-अवस्थामा पुगिसकेको उक्त बहीलाई श्रद्धावानहरूको श्रद्धा एवं आफ्नो गच्छे अनुरूप झ्याल-ढोका राखी निर्माण कार्य शुरू गरी ३० आश्विन २०३० का दिनदेखि भिक्षु विवेकानन्द महास्थविरलाई स्थायी रूपमा रहने प्रबन्ध गर्दै आएको थियो । उक्त दिनदेखि स्थायीरूपमा रहँदै आउनुभएका भिक्षु विवेकानन्द महास्थविरले उक्त कुटुबही वा बौद्ध समंकृत विहारमा बुद्ध-पूजाको निमित्त आवश्यकता अनुरूप एक बुद्ध-मूर्तिको पनि निर्माण गरेको थियो । सो मूर्तिको पूर्ण तयारीपछि १६ वैशाख २०३१ का दिन एक समारोहका साथ प्रतिस्थापित गरिएको थियो । सो दिनको स्मरणलाई यस पंक्तिका लेखकले आफ्नो एक बाल्यस्मृतिको रूपमा लिएको छु ।

यसै वर्ष (वि.सं. २०३१) को पौष महिनामा भिक्षु विवेकानन्द महास्थविरले भक्तपुरका श्रद्धालुहरूलाई बुद्धका संवेजनीय स्थलहरूको अवलोकनार्थ "बौद्ध तीर्थयात्रा" को आयोजना सम्पन्न गर्न लगाएको थियो । 'बौद्ध संघ भक्तपुर' को आयोजनामा भिक्षु विवेकानन्द महास्थविरको प्रमुख नेतृत्वमा सम्पन्न सो यात्रामा संघरत्न शाक्य, भीमराज वज्राचार्य, रामकृष्ण वैद्य, लखचन्द्र शाक्य, सप्तरत्न शाक्य र धर्मसुन्दर शाक्यले टोली नेतृत्व गरेको थियो । यस्तै किसिमको यात्रा भिक्षु विवेकानन्द महास्थविरको प्रमुख नेतृत्वमा बौद्ध समंकृत विहारबाट २०३३ र २०३६ सालमा पनि सम्पन्न भएको थियो ।

भिक्षु विवेकानन्द महास्थविरको अन्य प्रमुख देन "नेपाल बौद्ध परियत्ति शिक्षा" को संचालनलाई पनि लिन सकिन्छ । यस्तै "विसन्तरया



Downloaded from http://dhamma.digital

छगू झलक" नाटक मञ्चनलाई पनि भक्तपुरका श्रद्धालुहरूले कहिल्यै बिर्सन सकिनेछैन । 'नेपाल बौद्ध परियत्ति शिक्षा' - बौद्ध समंकृत विहारका शिक्षार्थी बालकबालिकाहरूलाई नै सक्षम गराई प्रस्तुत गरिएको सो नाटक भक्तपुरमा मात्र होइन काठमाडौंको श्रीघ:, न:घलमा र पाटनको नागबहालमा समेत भव्यताका साथ प्रदर्शन गरिएको थियो । यो वि.सं. २०३३-३४ सालको कुरा हो ।

स्मरणीय छ, भिक्षु विवेकानन्द महास्थविरको संरक्षकत्वमा "बौद्ध संघ भक्तपुर" का एक संस्थापक सदस्य हुनुभएका धर्मसुन्दर शाक्य संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरको ७६ औं जन्मोत्सव (३१ वैशाख, २०३२ अक्षयातृतीया) का दिन पाटनको थैनास्थित शाक्यसिंह विहारमा उहाँकै आचार्यत्वमा प्रव्रजित भई "श्रामणेर धम्मसोभन" भइसकेका थिए त 'बौद्ध संघ भक्तपुर' कै कार्यकारिणी पदाधिकारीमा रहनुभएकी मायादेवी शाक्य पनि वि.सं. २०३२ साल, भाद्र-सापारूका दिन थाइलैण्डका एक प्रतिष्ठित भिक्षु धम्मधीर राजमहामुनी (त्यसताका आनन्दकुटी विहार, स्वयम्भूमा वर्षावास बिताउन आउनुभएका) को तर्फबाट "अनगारिका वजिरञाणी" भइसकेकी थिइन् । यस्तै एक अन्य उपासिका तीर्थमाया शाक्य (चिरिमाया शाक्य कै जेठी पुत्री) पनि वि.सं. २०३३ सालको तीर्थयात्राकालमा कुशीनगर मा भिक्षु अच्युतानन्द महास्थविर (निधन- ९ अक्टोबर १९९६) को आचार्यत्वमा "अनगारिका संघशीला" बनिन् ।

भिक्षु विवेकानन्द महास्थविरले सन् १९८० को नवम्बर महिनामा थाइलैण्डको बैङ्कक र च्याङमाईमा सम्पन्न भएको विश्व बौद्ध भ्रातृत्व संघको १३ औं विश्व बौद्ध सम्मेलनमा एक प्रतिनिधि भई भाग लिनुभएको थियो । त्यसबेला उहाँले सम्मेलनपश्चात् पनि ५ महिना विशेषत: बैङ्कको वाट स्राकेट (Wat Sraket– Golden Mount) मा रही थाइलैण्डको



Downloaded from http://dhamma.digital

रहन-सहन, परम्परा, भिक्षाटन आदिबारे ज्ञान हासिल गर्नुभएको थियो। स्मरणीय छ, त्यसबेला उहाँका शिष्य भिक्षु धम्मसोभन (उपसम्पदा-१९ फरवरी १९७६ ई.) बैङ्ककको महाचूला बौद्धविश्वविद्यालयमा बी. ए. अध्ययनरत भइरहेका थिए। उहाँ रहनुभएकै विहारमा भिक्षु विवेकानन्द महास्थविर रहनुभएको थियो।

भिक्षु विवेकानन्द महास्थविर २० अप्रिल १९८१ अर्थात् ८ वैशाख २०३८ का दिन थाइलैण्डबाट स्वदेश फर्कनुभयो र वि.सं. २०३८ सालको वर्षावास भक्तपुरको बौद्ध समंकृत विहारमै अधिष्ठान गर्नुभयो तर वर्षावास शुरुभएको महिनादिन नहुँदै २१ श्रावण २०३८ का दिन उहाँलाई डायबिटिज् र ब्लडप्रेसरको चाप बढेको कारण स्थानीय भक्तपुर अस्पतालमा लग्नुपरेको थियो जहाँ उहाँलाई महिना दिनसम्म उपचार गर्दा पनि केही सीप नचलेको कारण विशेषतः भिक्षु अमृतानन्द महास्थविर, भिक्षु सुदर्शन एवं बौद्ध समंकृत विहारका प्रमुख उपासक संघरत्न शाक्यको आपसी सरसल्लाहअनुरूप श्रीघः विहार-काठमाडौंमा राखी उपचार कार्य गर्ने निधो गरी काठमाडौं लगियो।

भिक्षु विवेकानन्द महास्थविरलाई ४-५ महिनासम्म श्रीघः विहारमा राखी उपचार गराइसकेपछि पुनः भक्तपुरमै ल्याइयो। रोग पूर्ण निको हुने त कुरै आएन पछि त आँखा पनि नदेखिने भयो।

यसप्रकार ४ वर्षसम्म रोगी-शय्यामा जीवन बिताई भिक्षु विवेकानन्द महास्थविरले आफ्नो देह ९ कार्तिक २०४२ शुक्रवारका दिन भक्तपुरको बौद्ध समकृत विहारमै परित्याग गर्नुभयो। यसको भोलिपल्ट सम्पन्न गरिएको उहाँको शवयात्रामा भिक्षु-अनगारिका, उपासकोपासिकाहरूको साथै अन्य साहित्यिक क्षेत्रमा लागेका क्यौं महानुभावहरू पनि सामेल भएका थिए। शवयात्रा बौद्ध समकृत विहार, इताछेंबाट खौमा-दरवार स्क्वायर-साकोठा-सुकुलढोका-गोल्मढी-इनाचो हुँदै हनुमानघाटमा पुऱ्याइयो।



Downloaded from http://dhamma.digital

शव-यात्राको अवसानमा उहाँको देन सम्बन्धी भिक्षु सुदर्शन महास्थविर र बौद्ध संघ भक्तपुरका अध्यक्ष त्रिरत्न शाक्यले मन्तव्य व्यक्त गर्नुभयो । त्यसपश्चात् उपस्थित सम्पूर्ण भिक्षुहरूबाट उहाँको चित्तामा दागबत्ती दिइयो । यसको केही समयपछि नै उहाँको पार्थिव शरीर क्रमशः विलीन हुँदै गयो । यसप्रकार भोजपुरबाट शुरू गरिएको उहाँको जीवन-यात्रा भक्तपुरमा टुंगियो ।

*– रत्नसुन्दर शाक्य*



Downloaded from http://dhamma.digital

# भूमिका

'बौद्धजगत्का स्मरणीय व्यक्तिहरू' यो चौथो भाग हो । तेस्रो भागसम्ममा ५० जना व्यक्तिको परिचयपछि यस भागमा १२ जना थपी ६२ जना स्मरणीय व्यक्तिको जीवनीको परिचय यहाँ प्रस्तुत हुन आएको छ । यी स्मरणीय व्यक्तिहरूको जीवनी पढ्दा यिनीहरू बौद्धजगत्का विभूतिहरू नै हुन् भन्नुमा अत्युक्ति नहोला । बुद्धधर्म सामाजिक क्रान्ति हो, कल्याणमार्ग हो । मानवीय विकृतिलाई पन्छाउन आफूलाई समर्पित गरी मानवसमाजको स्वच्छताको लागि अगुवाको भूमिका निभाएका व्यक्तिहरूको सँगालो यो पुस्तक बौद्ध विश्वकोषको अंग हुनेछ । यसमा विभूतिहरूको बसेको ठाउँ, तिनीहरूले भोगेका दु:ख, तिनीहरूको प्रयास र बुद्धधर्ममा प्रेरित भएका कुराहरूलाई समाजमा भविष्यनिर्माणको लागि उदाहरण भई प्रस्तुत भइदिएको छ । व्यक्तिपरिचयका संकलक लेखक रत्नसुन्दर शाक्यले ती व्यक्तिहरूलाई आफैले चिनेझैं गरी जीवन्तता दिएको छ । व्यक्तित्वचयनमा कुशलता देखिनुले यस पुस्तकको ठूलो विशेषता रहन गएको छ । गार्हस्थ्यजीवनयापनमा व्यावहारिक झोंझ झमेला रहँदै पनि धर्मप्रचारको माध्यमप्रति समर्पित भाव पोखेर अगाडि बढ्नुले लेखक स्वयं एक स्मरणीय व्यक्तित्वको क्रममा रहने खुड्किलाको निर्माता भएझैं देखिएको छ । प्राय: लेखकहरू धेरै विषयमा लागेका हुन्छन् तरपनि रत्नसुन्दरले एकै विषयमा मात्र केन्द्रित भई लेखनकार्यमा संलग्न हुनु उनको एउटा छुट्टै विशेषता हुन आएको छ ।

यस पुस्तकको उद्देश्य भनेको बुद्धको मानवतावादलाई अगाडि सार्नु हो । यस्ता पुस्तकको रचना गर्न धर्मको ज्ञाता भएर मात्र हुने होइन



Downloaded from http://dhamma.digital

अपितु धर्मप्रतिको मर्मज्ञ हुनुपर्दछ। लेखक यस मर्मप्रति आफू संवेदनशील रहेको देखिएको छ । यहाँ प्रयोग भएको नेपालीभाषामा उनको आफ्नै पनको मौलिक शैली छ। यसमा संकलित भएका कलिलो उमेरमै तृष्णा त्याग गर्ने र वास्तविकतालाई सकार्ने व्यक्तित्वहरूका जीवनीले सामान्य जनकै विचारमा परिवर्तन ल्याउने खालको भइदिएको छ । यसले बौद्धविद्वानहरूको लेखाजोखा भएको छ। बौद्धेतर धर्मावलम्बीसमक्ष बुद्धधर्मको सही परिचय यसले दिलाउँछ । यसैले यसलाई एउटा ठूलो सामाजिक परिवर्तनको श्रृंखला भनेपनि हुन्छ । मानिसलाई मानिस बनाउन दिइने एकाइ शिक्षा हो भने यस पुस्तकबाट शिक्षाक्षेत्रका अनेक विश्वविद्यालय र संस्थानहरूको राम्रो परिचय प्राप्त भएको छ।

बुद्धधर्म एक यानको रूपमा रहेतापनि महायानी र थेरवादी विचारले कहिलेकाहीं तार्किक प्रश्नहरू खडा गरिदिने हुन्छ। यस व्यक्तित्व परिचयात्मक लेखको संकलनमा महायानी र थेरवादी दुवै खेमाका व्यक्तित्वहरू परेका छन्। यसले बौद्धजगत्मा राम्रो इतिहास बनाएको छ र श्रद्धा र भक्तिलाई बटुलेर देखाइदिएको छ। यसबाट बुद्धधर्ममा निरन्तरता प्रदान गरेको देखिँदै जानेछ । लेखको सिलसिलागतरूपमा व्यक्तिहरूको पुनरावृत्तिको रूपमा उल्लेख गरिँदा त्यस्ता व्यक्तिको स्मरणीय तिथिमिति अर्थात् जन्ममिति, मृत्युमिति, प्रव्रजितमिति आदि कोष्ठकभित्र राखी प्रष्ट्याइदिने रत्नसुन्दरको शैली उपयोगी ठहरिएको छ।

यो संकलनले देशविदेशका कुन ठाउँमा कुन विहार छ भन्ने कुरा थाहापाइनुका साथै प्राचीन विहारहरू र बौद्धस्थलहरूको परिचय मिल्न आएको छ। बुद्धधर्मका ग्रन्थहरू विविध भाषामा लेखिनु र तिनको अनुवाद हुनु जस्ता कुराको ज्ञान मिल्न आएको छ। देशविदेशमा बौद्धसंस्कृति र सभ्यताको विस्तार भएका कुरा खुलस्त हुन आएको छ । बौद्धपनका



Downloaded from http://dhamma.digital

कुरा र विपश्यनाध्यानजस्तो विषयको परिचय जनसाधारणमा सजिलैसँग संप्रेषण भएको छ। बौद्धजगतमा भौतिकशास्त्र, रसायनशास्त्र आदि विभिन्न क्षेत्रका विद्वान्हरूले प्रवेश गरेका छन् भन्ने कुरा पनि थाहाहुन आएको छ। नेपालको थेरवादी बुद्धशासनमा आधारशिला बनी टेका दिएका व्यक्तित्वहरूको परिचयले नेपालीहरूमा थेरवादको परिचय हुन पुगेर तिनीहरूमा भगवान् बुद्धको वास्तविक धर्मको ज्ञान हुनमा मद्दत पुऱ्याएको छ। यसबाट पौराणिक विचारधाराका गन्थनलाई छानी छानी त्यसबाट उपयोगीप्रकारका धर्मका सारमात्र ग्रहण गर्नका लागि सहयोग पुगेको छ। यस्तै नेपालमा भिक्षुजीवनको कठिनता र बौद्धहरूको शोषण कसरी भएको छ भन्ने कुरा पढ्न पाइएको छ र धेरैजसो धर्मसम्बन्धी पुस्तकहरूको नाम सुन्न पाइएको छ। अस्थिधातु र स्तूप आदिको परिचय राम्ररी पाइएको छ भने कुन देशमा कुन बौद्धव्यक्तित्व रहे भन्ने कुरा जानिनाले बौद्धहरूलाई हौसला प्राप्त हुन प्रेरणा मिलेको छ। यसमा डा. विद्यावती 'मालविका', मेरी एलिजावेथ फोस्तर, मिस् आई.बी.हर्नर र मिसेस रीस डेविड्स् गरी चारजना महिला व्यक्तित्व समावेश भएको छ। यो एउटा अन्तर्राष्ट्रिय परिचयको वस्तु बन्न आएको छ। यसविषयमा लेखक रत्नसुन्दरको अध्ययन पछ्याएर गहन हुँदै जाने कुरामा शंका छैन। विशेष व्यक्तिहरूको जीवनी प्रकाशनार्थ स्रोत जम्मा पार्ने जमर्को चानचुने मिहेनतको कुरा होइन। यो चौथो भागमा प्रकाशित १२ जनाको जीवनीले विभिन्न धर्मका वादको कुरा थाहापाइएको छ र जनसमक्ष संझाउनुपर्ने मुख्य मुख्य कुराहरू यहाँ उल्लेख गरिएका छन्। यसमा ज्येष्ठताको क्रमले जीवनी प्रकाशित गरिएको लेखकको एउटा विवेकको कुरा हो।

इशापूर्व ८३ देखि २०५२ सालसम्मका व्यक्तिहरूको संस्मरणस्वरूपको यस सँगालोका व्यक्तिहरूमा प्रत्येक व्यक्तिको



Downloaded from http://dhamma.digital

परिचयभित्र उल्लेखनीय कुराहरूमाथि प्रकाश पार्नयोग्य बुंदाहरूले प्रभाव पारेको छ । यस सँगालोको पहिलो व्यक्ति आचार्य नागार्जुनको आयु एक हप्तामात्र रहेको भन्ने ज्योतिषीहरूको भनाइअनुसार उनका बाबु आमाले उनको आयुवृद्धिको लागि १०० जना बौद्धभिक्षुहरूलाई भोजन दान गरेका थिए । त्यस भिक्षुभोजनदानबाट त्यस बेला सादा ब्राम्हण भएर पनि बुद्धधर्ममा पनि विश्वास राख्ने धार्मिक क्षेत्रभित्र भएका कुराले धर्ममा जात जातिप्रतिको पूर्वाग्रह राख्नेहरूलाई सोच विचार पुऱ्याउन जनाउ दिएझैं भएको छ । यसैले बाहुन भयो भन्दैमा बुद्धको विरोधी नै हुन्छ भन्ने छैन बरु शिक्षा-दीक्षा, समाज व्यवहार र साथसंगतको कुरा हुने हो भन्ने देखाउँछ । यसमा मानिस कसरी स्मरणीय व्यक्तिको पंक्तिमा रहन जान्छ भन्ने कुराको विशेषतापक्षलाई दर्शाइएको छ । नागार्जुन नालन्दाविहारका प्रमुख भिक्षु हुँदा शीलसम्पन्न भिक्षुहरूको सम्मान र शीलभ्रष्ट भिक्षुरूको समुदायबाट निष्काशन भएको कुराले बौद्धजगत्मा भिक्षुसंघ र विहार संचालन व्यवस्था कस्तो हुनुपर्दछ भनी बताइएको नमूना आजको अवस्थामा लिन योग्य छ । नागार्जुनको दार्शनिक पण्डित्यको गहिराइको कारण उनलाई "दोस्रो बुद्ध" समेत भनियो र उनले धर्मको प्रचार प्रसार नागार्जुनपर्वतमा रही गरेको कारण त्यही प्रचार प्रसारलाई नै बुद्धको "दोस्रो धर्मचक्रप्रवर्तन" पनि भनियो । आज बुद्ध आफैले श्रीपर्वतमा रही महायानसम्बन्धी दोस्रो धर्मचक्रप्रवर्तन गरेका हुन् भनी जिद्दी पुऱ्याउनेहरूलाई वास्तविकता बुझेरमात्र कुरा गर्नुपर्ने विषयमा चेतावनी भएको छ ।

डा. टी. डब्ल्यू रीस डेविड्सले पाली टेक्स्ट सोसाइटीको अध्यक्ष भई त्यस सोसाइटीको उन्नति गरेकोमा उनको मृत्युपछि उनकी श्रीमती करोलिन अगस्ता फोली रीस डेविड्सले आफ्नो श्रीमान्को उन्नतिशील कार्यलाई जिम्मा लिई आफैले पनि त्यस कार्यलाई अगाडि बढाउन अग्रसर



Downloaded from http://dhamma.digital

भइन् । यस कार्यले जस्तो श्रीमान्को गुण हो श्रीमतीको गुण पनि उस्तै हुनुपर्ने नमूना प्रस्तुत गरेको छ । मात्र श्रीमान्को श्रीमती बनेर सम्मानित भई सुप्त सम्मान पाउने गरेका नारीहरूलाई यसले आफै जाग्रत भई प्रोत्साहित हुन उदाहरण दिएको छ ।

गुरुभक्त र गुरुको सहानीय कामको पीछा गरी गुरुको सदिच्छा पूरा गर्नु भनेको फूलमाला लिई मंचमा भाषण गरी गुरुको तारिफ गर्नुभन्दा हजार गुणा बढी श्रद्धाको श्रद्धाञ्जली दिनु हुनेछ । त्यसका सेर्गेई फ्योदोरोविच ओल्डेनवर्गले गुरुप्रति श्रद्धाभाव राखी आफ्नो देशभन्दा बाहिरका देशको भाषा, साहित्य र कला आदिमा चाख लिई कार्यरत रहेकोबाट विश्वमै उपलब्धि मूलक कुरा भएको मानिएको छ । क्रियाशील कृतज्ञहरूको यो एउटा स्मरणयोग्य कुरा भएको छ ।

लातभन्दा बात सहन अति गाह्रो छ । त्यस्ता असह्य बातले स्वाभिमानी मानिसलाई कसरी चोट पुऱ्याउँछ र तिनलाई उत्साही र कर्मठ बनाउन कसरी चेतना जगाउँछ भन्ने उदाहरणको लागि डा. काशीप्रसाद जायसवालको जीवनी मनन योग्य छ । आफूलाई लागेको कुरामा तर्क गर्दा 'बडे बारिस्तर बने हुए हैं' भनी आरोप लगाइएबाट उनी श्रीमती र २ सन्तानलाई छोडेर बेलायत गए र त्यहाँबाट बारिस्तर बनी छोडे । यस्तै यस जीवनीभित्र पढ्न पाइएको भारतको बोधगयाको 'महाबोधिचैत्य' विदेशीहरूको केन्द्रस्थल हुन जाने भय भारतस्थित ब्रिटिशशासनलाई भएको र त्यसबाट बचाउन बरु ब्रिटिशसरकारले त्यस बुद्धगया मन्दिरलाई नै हिन्दूमहन्तको हातमा सुम्पिथियो । यसरी बौद्धमन्दिर हिन्दूको हातमा सुम्पेको विरोधमा भएको मागअनुसार त्यस बोधगयामन्दिर बौद्धहरूको हातमा सुम्पिने गराइयो । यस कुराले लुम्बिनीमा ब्राम्हण भट्टलाई पुजारी राख्ने बौद्ध विरोधी चालबाजीलाई संझाउँछ ।



Downloaded from http://dhamma.digital

भिक्षु उत्तम महास्थविरको जीवनीमा डा. ए.एल. नायरले अस्पतालमा बुद्धविहार बनाएको कुराले शारीरिक, मानसिक र आध्यात्मिकरूपमा मानिसको पीडा शान्त गर्नमा उपयोगी भएको सिद्ध गर्दछ । आजकाल नेपालका प्रत्येक अस्पतालमा हिन्दूमन्दिर बनाइएका छन् भने शान्ति, धैर्य र सहनशीलतामा सान्त्वना दिने बुद्धको सन्देश त्यस्ता ठाउँहरूमा राखिनु पनि उत्तिकै आवश्यक भएको कुरालाई यसले औंल्याउँछ । कुनैपनि धर्मका व्यक्ति अरू धर्मको सभा समारोहमा लाग्नुहुन्न भन्ने कमजोर मानसिकताका मानिसहरूलाई भिक्षु उत्तम महास्थविरले हिन्दूमहासभाको अध्यक्षता गरेको कुराले यस्तो सहभागिता वास्तविक धर्म र सिद्धान्तमा बाधा नहुने कुरा बुझ्न प्रत्येक धर्मावलम्बीको लागि पाठभैं भई सिकाएको छ । अखिल नेपाल भारतीय हिन्दूमहासभाको १६ औं अधिवेशन उक्त सभाका अध्यक्ष भिक्षु उत्तम महास्थविरको अध्यक्षतामा संपन्न गराइएको थियो । एक भिक्षुको अध्यक्षता हिंन्दूमहासभा गर्नु कम विवेक र साहसको कुरा होइन । बुद्धधर्मका अनेक पक्षलाई हिन्दूहरूसमक्ष अवगत गराउने हेतु निर्भीक भई त्यसको अध्यक्षता ग्रहणमा स्वीकार गर्नुले धार्मिक विकृतिको सट्टा सुस्थितिको प्रष्ट्याइँ अग्रसर गराउने सुअवसर प्राप्त भएको मानिन्छ । उक्त अधिवेशनमा भारतलगायत श्रीलंका, बर्मा र जापान आदि देशका बौद्धहरूलाई पनि विशेषरूपमा सम्मिलित गराई त्यस अधिवेशन सम्पन्न गराइएको थियो । त्यसबेला प्रखर बौद्धविद्वान् भदन्त आनन्द कौशल्यायन पनि सम्मिलित थिए ।

धर्मको मर्मसहितको सिद्धान्तमा विचार नपुऱ्याउँदा आफूले बुझेको कुरा नै अरूलाई बुझाउने कुरामा उल्टो भइरहेको छ कि भन्ने कुरा मानिसले सम्झेको हुँदैन । यहाँ भिक्षु उत्तमसँग यस्तै कुरा निस्केको छ । हिन्दूमहासभाका अध्यक्ष भिक्षु उत्तम महास्थविरलाई आर्यसमाजी नेता



Downloaded from http://dhamma.digital

लाला नारायणदत्तको आतिथ्यमा रहँदा लालाजीले भिक्षु उत्तमलाई राम, कृष्ण र अन्य अवतारहरूका साथ बुद्धको तस्वीर देखाउँदा भिक्षु उत्तम प्रसन्न होला भनी ठानेको थियो तर भिक्षु उत्तमले खुशीहुनुको साटो भोगीको साथमा योगीलाई राखिएको कुरा बताई बुद्धको अवतारवादिता नरहेको आफ्नो राय प्रष्टसँग राखिदिएको छ । नेपालका हिन्दूहरू पनि त्यसै गरी बौद्धहरू खुशी हुन्छन् भनी बुद्धलाई नवम अवतारमा राखी बुद्धलाई सम्मान गरेको कुरा बताई आफ्नो अज्ञानता पोख्ने गर्दछन् । अवतारवादको विरोधी बुद्धलाई अवतारी भन्दा बौद्धहरू उल्टो दिक्क हुन्छन् भन्ने कुरा त्यस्ताले बुझेको हुँदैन । भिक्षु उत्तमले पहिलोपटक १९३५-१९३६ सम्ममा भारतमा पाली त्रिपिटक देवनागरीलिपिमा सुलभ नभएको बेला पालिग्रन्थ प्रकाशित गरेको भन्ने कुराबाट जनमानसलाई यससम्बन्धी इतिहासको ज्ञान भएको छ जसबाट बुद्धधर्मको लागि भिक्षु उत्तमको प्रयास महत्त्वपूर्ण रहेको समेत जानकारी भयो ।

मान्छेले नसोचेको विडम्बना दुनियामा आइपुग्छ कहिलेकाहीं, धर्म र समाजको सेवा र उत्थानमा लागेका मानदास उपासक्लाई दुर्गतिको अवस्थामा पुऱ्याउनुमा षड्यन्त्रकारीहरूको मात्र हात नरही आफ्नै पुत्रहरूको पनि विपरीत व्यवहार रहन गएको छ । मानिसमा आइपर्ने यस्तो कुरा थाहापाइराख्नु राम्रो हो । आफ्नो घर नै बौद्धपुस्तकालय गरिदिएको उदाहरण मानदासको धर्मप्रतिको त्यागको प्रस्तुति हो । यस्तो त्याग समाजसेवीको लागि अनुकरणीय छ जुन यहाँ प्रस्तुत भएको छ ।

भिक्षु भएर प्रशासनमा लाग्दा व्यावहारिक कठिनाइ आउन सक्ने कुरा भएपनि व्यवस्थापनमा कुशलता रहेमा संस्थाको सचिवसमेत भएर काम गर्नु अप्ठ्यारो मानिने कुरा होइन भन्ने प्रमाण भिक्षु विशुद्धानन्द महास्थविर 'अग्रसार स्मृति समाज' का प्रधान-सचिव भएर धर्मप्रचारार्थ



Downloaded from http://dhamma.digital

संस्थाहरूमा रहेर पदाधिकारी बन्नु उचित रहेको छ भनी देखाइदिएको छ। वहाँले ढाकामा स्थापना गरेको धर्मराजिक बौद्धविहारमा म्यूजियम, पुस्तकालय, औषधालय, अनाथालय, धर्मशाला, छापाखाना र व्यावसायिक स्कूलसमेतको व्यवस्थागरी धार्मिक सेवाको नमूना प्रस्तुत गरेका छन् र समझदारी कायम रहेमा धर्मी र विधर्मी भन्ने भावना हटेर आफ-आफ्नो क्षेत्रको वास्तविकतालाई अँगालेर मिलिजुली कल्याणमय कार्यमा लाग्न सकिने कुरा यहाँ दर्शाइएको छ। घटगाउँको शिलांक भन्ने ठाउँमा देशभरका बौद्ध सम्मिलित भई आयोजना भएको सम्मेलनमा पूर्वी पाकिस्तानका स्वास्थ्यमन्त्री हबिबुल्लाह बहारको अध्यक्षतामा सम्पन्न गरियो। बौद्ध र मुस्लिम एकै ठाउँमा बसी सफलता पाएको यो सम्मेलन एउटा धार्मिक सहिष्णुताको नमूना होइन भन्न सकिँदैन। यहाँ कैलाशनाथ काटजू भनेर काटजू थर उल्लेख गरिँदा नेपालका थरहरू कोजू, बाटाजू, सँय्जू, हँय्जूलाई सम्झाउँछ।

बौद्धहरू कुनैपनि धर्मका मानिसका लागि कल्याणमा सामेल हुन्छन् भन्ने कुरा भिक्षु एन. जिनरत्न नायक महास्थविरले देखाइदिएका छन्। सिक्ख, मुसल्मान र हिन्दूहरूका बीच सांप्रदायिक दंगा मच्चिन जाँदा हिन्दूआक्रमणकारीको हातबाट सयौं मुसल्मान र तिनका घरलाई बचाएर त्यस्ता आक्रमणकारीहरूलाई भिक्षु जिनरत्नले फर्काइदिएका थिए। साहित्य र पत्रिकाहरूमा भिक्षुहरूले ठूलो देन दिएको कुरा यहाँ बुझ्न पाइएको छ। जिनरत्न महास्थविरले धर्मको निमित्त गर्नुभएको योगदानको कदरस्वरूप श्रीलंकाका मलवत्तस्थित श्यामनिकायद्वारा वहाँलाई भारतको संघनायक पदबाट विभूषित गरिएको थियो। यो विभूषणप्रथा काम हेरी दिन सकिने बुझिएको छ। नेपालमा अहिले ज्येष्ठताको क्रमले "संघनायक" पदद्वारा विभूषित गर्ने गरिएको छ। यो पनि एउटा ज्येष्ठताको सम्मान नै हो भन्न सकिन्छ।



Downloaded from http://dhamma.digital

भिक्षुहरूमध्येबाट कीर्तिमान विदेशी व्यक्तित्वले धर्मको प्रचार-प्रसार गरी धार्मिकता कायम गरेको कुरा यहाँ देखिनमा आउँछ। डा. भदन्त एच. सद्धातिस्स नायक महास्थविरले एशिया, यूरोप र अमेरिकामा समेत ख्यातिप्राप्त बौद्धधर्मदूत बनी बौद्धत्वको उदाहरण प्रस्तुत गरेका छन्। धर्मप्रचारको लागि ठाउँ-ठाउँका विविध संस्कृत, प्राकृत, सिंहली र बौद्धइतिहासबारे यथेष्ट ज्ञान हासिल गरी उनले हिन्दी, उर्दू, गुजराती र पंजाबीभाषामा समेत वार्तालाप गर्न सिकेका थिए। बुद्धधर्म विषयमा डा. भीमराव रामजी अम्बेदकरलाई भदन्त सद्धातिस्स महास्थविरले बताएका कुराबाट बुद्धधर्म विशुद्ध भारतीय धर्म रहेको कुरा स्पष्टरूपमा अवगत गराएका छन्। यसको कारणमा उनले भनेका छन् कि बुद्धधर्मको मूलाधार नै मानवताको कल्याण रहेको र बुद्धधर्मको मूल स्रोत पनि भारत नै रहेको छ। बाबासाहेब अम्बेदकरले भदन्त सद्धातिस्स महास्थविरलाई भन्नुभएको कुराले विद्वत्ता छाँटिर देखावती बौद्धविद्वान् कहलाउने र धर्मका ठेकेदार रहने जस्ता व्यक्तिहरूप्रति उपेक्षा गरिएको कुरा वास्तविक बुद्धधर्मका लागि अति मननीय र आचरणीय कुरा भएको छ। यस कुरालाई उनकै शब्दमा उद्धृत गर्नु उचित ठानिन्छ। जस्तै- "मुझे विद्वत्ता भरी कोरी बातें करनेवाले बौद्ध नहीं चाहिए बल्कि मैं ऐसे बौद्ध चाहता हूं जो पंचशीलका पालन करे। हमें अपने उत्तम चरित्र निर्माताके आदर्शका सारे संसारको परिचय देना है। आप युवक भिक्षु है। आप जैसे भिक्षुओंको मैदानमे आना चाहिए। आपपर बहुत भारी जिम्मेवारी है। अगर आप मेरे लोगों को पंचशीलपर आचरण करनेके लिए प्रेरित करेंगे तो मुझे अत्यन्त प्रसन्नता होगी।" भन्ने र गर्ने दुवै उत्तिकै जाग्रत बौद्ध रहेका को परिचय रहेको हुँदा यो पुस्तकको बौद्धक्षेत्रमा महत्त्व नै भिन्नै भएको छ।

भिक्षुहरूलाई निष्कासित गर्ने अबौद्धआचरणका शासक रहेको नेपाल देशमा स्थविरवाद बुद्धधर्मको व्यापक प्रचार प्रसार गर्न अतुलनीय योगदान



Downloaded from http://dhamma.digital

दिनु हुने प्रियदर्शी महास्थविरको परिचय नेपालको लागि ठूलो देनको इतिहास बनेको छ। बुद्धधर्मसम्बन्धी शिक्षा-दीक्षा बुद्धधर्ममा लाग्नेका आ-आफ्नो देशमा नै हुनुपर्ने कुरा बुद्धधर्मको उन्नतिमा लाग्ने कसैले पनि नकार्ने विषय होइन। त्यति नहुन्जेल अर्काको भरमा रहेर शुद्ध सेवा र स्वउन्नति गरेको ठहर्दैन। नालन्दा विद्यालय-कोटहेनामा अध्ययन गर्न जान आवश्यक नपर्ने गरी कोलम्बोको वजिरारामममा नै ठूलो पुस्तकालय खडा भैसकेको छ भनी प्रियदर्शी महास्थविरलाई त्यहाँका महानायक पेलेन वजिरञाण महास्थविरले भनेको कुरा नेपाल जस्तो बुद्धभूमिका बौद्धहरूलाई घोच्नेविषय होइन भनेमा नेपाली बौद्धहरू निर्लज्ज हुन् भन्न सकिने हुन्छ। नेपालमा भिक्षुतालिम केन्द्र बनाउने उद्देश्य लिएको संघाराम र भिक्षु उत्पादन गरी स्वत्व कायम गर्ने लक्ष्य लिएको विश्वशान्ति शिक्षालयलाई काँधमा हालेर उचाल्ने किसिमको अवस्था सृजना गर्नुपर्ने कुरामा यो एउटा ठूलो ज्ञान हुन सक्छ। धर्मदूतयात्राको रूपमा विश्वका ६वटै महादेशमा निरन्तर घुमफिर गरी कठिन प्रचारक बन्ने धर्मदूतयात्री पनि भिक्षुजगत्मा रहेछ भन्ने सूचना पनि यस परिचयले दिएको छ। मानिस नाउँले विश्वप्रसिद्धि पाउने रहेका छन् भने वास्तविकरूपमा ठाउँ ठाउँमा गई भ्रमणद्वारा नै प्रसिद्ध पाउने गरेको कुराको उदाहरण पनि यहाँ प्रस्तुत छ भन्ने थाहापाइयो।

समर्पितभावले काममा लाग्दा मान र पदको ख्याल नगरी लाग्ने जस्तो नमूना भिक्षु एल.आर्यवंश नायक महास्थविरजस्ताको परिचयले प्रस्तुत भएको छ। वहाँ महाबोधि-सभाको दिल्लीको विहारमा रहँदा त्यहाँको इन्चार्ज भएर विहारमा बढार्ने कामदेखि धर्मोपदेश गर्नेसम्मको काम गर्ने गर्थे। घुम्नेमेचमा बस्ने अध्यक्ष भनाउँदा महोदयहरू र उच्चासनमा रहने मानवाञ्छित बौद्धहरूलाई यस्ता कर्तव्यनिष्ठताका कुरा सम्झाउने गरी परिचय प्रस्तुत गरिएको छ।



Downloaded from http://dhamma.digital

एकजना नेपाली भिक्षुको देन र कर्तव्यनिष्ठता प्रस्तुत गरिएको जीवनी भन्नु भिक्षु महानाम 'कोविद' को जीवनी पनि हुन आएको छ। स्थानअनुसारको स्थानीय भाषा प्रयोग यसउन खेलिएको भूमिका यस महानामको परिचयमा पाइन्छ। यसबाट कुनैपनि पद र स्थानमा त्यही अनुसारको उचित व्यक्ति चर्नुमात्र पर्छ त्यसको उन्नति अवश्यंभावी छ भन्ने कुरालाई पनि यसले दर्शाउँछ। आजको लुम्बिनीको वातावरणमा पूर्वाधार तयार पार्ने व्यक्तिमा भिक्षु महानाम पनि रहेछन् भन्ने कुरा जान्न पाउनु यो परिचयात्मक व्यक्तिसंस्मरणको देनै रहेको छ भन्नुमा अत्युक्ति हुँदैन। भिक्षु महानामले लुम्बिनीमा थाना, हुलाक, स्वास्थ्यकेन्द्र र विद्यालय आदिको प्रबन्ध गरेका थिए।

यस पुस्तकमा प्रकाशित स्मरणीय व्यक्तित्वहरू खासगरी बौद्धविद्वान् एवं बुद्धधर्मसम्बन्धमा कर्मठ व्यक्तिको नाताले स्मरणीय रहेका हुन्। कसलाई कुन कुरामा कसरी जानकारी गराइयो र प्रेरित गरियो भन्ने कुरा थाहापाउनाले यसभित्रका स्मरणीय व्यक्तिहरूको वास्तविक महत्त्व रहन आएको हो। मौलिक तालको यो प्रकाशनमा भाषा शुद्ध भएर पनि प्रुफ रिडिंगको कमजोरी भेट्टिएको छ। यस पुस्तक प्रकाशनको उद्देश्यमा सफलता भनेको कहाँ कति कस्तो बुद्धविहार रहेका छन् भन्ने थाहादिलाउनु पनि हो ताकि विहार एक बुद्धोपदेश संचारको प्रमुख माध्यम हो।

यो पुस्तक पढ्दा छुटाउन नहुने कुरा यहाँ पुनर्लेखनको रूपमा उद्‌घृट गर्नु मेरो यो पुस्तकको भूमिकालाई अझ सशक्त पार्नु हो भन्ने मैले ठानेको छु र यो निम्नप्रकार रहेको कुरा कोट्याइरहेको छु। १४ अक्टोबर १९५६, विजयादशमीका दिन , बाबासाहेब डा. 'अम्बेदकर आफ्ना ५ लाख अनुयायीहरूका साथ नागपुर-महाराष्ट्रप्रदेशमा वरिष्ठ भारतीय



Downloaded from http://dhamma.digital

भिक्षु ऊ. चन्द्रमणि महास्थविरसमक्ष पंचशील ग्रहण गरी 'बौद्ध' घोषित हुनुभएको थियो। त्यसताका दीक्षासमारोहमा उपस्थित हुन आउने बाबासाहेब अम्बेदकरलाई 'राष्ट्रिय स्वयं संघ' (आजकाल शिवसेना दलजस्तो) ले मार्ने धम्की समेत दिंदा पनि दीक्षासमारोहको मूल बाटोबाट नै निर्धारित स्थलमा जाने अठोट डा. अम्बेदकरले लिए त उहाँको साथमा जाने भिक्षुहरूको अगुवा हुनुभएका भिक्षु सद्धातिस्सले डा. अम्बेदकरलाई हौसला दिएर स्पष्ट जवाफ दिए- 'बाबासाहेव। हम सब भिक्षु भी आपके साथ चलेंगे। अगर आपके साथ रहने मे हमारे प्राण भी न्योछावर हो जायेंगे तो हम सम्झोंगे कि हमने धर्मके लिए अपना बलिदान दिया है।' विजयादशमीलाई अहिंसादिवसको रूपमा रहेको पवित्र दिनको रूपमा मानवीय क्रान्तिकारितालाई छानेको छ। भिक्षुजगत्मा समर्पितभाव कसरी विद्यमान रहेको छ भन्ने यसप्रकारको कुरा बुद्धजन्मभूमि नेपालका बौद्धहरूलाई पर्यन्त एक हाँक झैं भइदिएको छ। यसप्रकारको कार्य भारतको लागि नयाँ च्याप्टर भएझैं नेपालमा पनि भिक्षुहरूलाई देशनिकाला गर्दा भएको त थियो नै। आजकाल उसबेलाको त्यसप्रकारको समर्पितभावको जोश नेपालमा देखिंदैन।

यस पुस्तकमा जीवित व्यक्तिको परिचय नभएको तर उल्लेख गर्नुपर्ने व्यक्तिको परिचय रहेको हुँदा यो सिंगै पुस्तक नै मृत्युपश्चात्को जीवनीको प्रकाशन भएर एउटा श्रद्धाञ्जलीको प्रतिरूप भइदिएको छ। लेखकबाट यस्ता कृतिहरू निरन्तररूपमा जनसमक्ष आई नौलोपाराले बुद्धधर्मप्रति देन प्रस्तुत हुँदै रहनेछ भन्ने आशा लिएको छु।

२०६० भाद्र २५
हाल स्यूबाटार
काठमाडौं

— सुवर्ण शाक्य
ॐ बहाल
काठमाडौं



Downloaded from http://dhamma.digital

# दुई शब्द

बौद्धजगत्‌का स्मरणीय व्यक्तिहरू-तेस्रो भाग प्रकाशित भएको ३ वर्षपछि यसै क्रमको चौथो भाग श्रद्धेय पाठकहरूसमक्ष प्रस्तुत गर्न पाएकोमा अति हर्षित छु ।

यसको पूर्वप्रकाशित भागहरूमा जस्तै यसमा पनि एक प्राचीन बौद्धदार्शनिक, बुद्धशासनको निम्ति योगदान गर्नुहुने एक नेपाली विशिष्ट उपासक व्यक्तित्व र एक बौद्धमहिला व्यक्तित्व समावेश गरी जम्मा १२ जना स्वदेश एवं विदेशका बौद्धव्यक्तिहरूको जीवनी यस पुस्तकमा प्रस्तुत गरेको छु । पूर्वप्रकाशित भागहरूमा जस्तै ज्येष्ठताको क्रमबाटनै जीवनी प्रस्तुत गरेको छु ।

यी जीवनीहरू नेपालको पहिलो बौद्धमासिक पत्रिका 'आनन्दभूमि', विभिन्न स्थान वा विहारबाट बुद्धजयन्ती-विशेषाङ्कको रूपमा प्रकाशित 'संघाराम', 'ज्योति-उदय', 'वैशाखमहोत्सव' र विश्वशान्ति बौद्धशिक्षालय-विशेषाङ्क 'शान्ति-सन्देश' मा गरी प्रकाशित ८ वटा र अप्रकाशित ४ वटा रचना गरी जम्मा १२ जनाको जीवनी यसमा प्रस्तुत गरेको छु । यसमध्ये नेपालका २, भारत र बंगलादेशका ४, श्रीलंकाका ३, म्यानमारका १, इङ्गलैण्डका १ र रूसका १ गरी १२ जनाको जीवनी समावेश हुन आएको छ ।

यस पुस्तक प्रकाशित गर्ने लक्ष्य राखी वर्षदिनअगाडि २१ ज्येष्ठ २०५९ का दिन भिक्षु सुदर्शन महास्थविरकहाँ पुगेको थिएँ । उहाँलाई यसको



Downloaded from http://dhamma.digital

व्यक्तित्व-सूची देखाई केही आर्थिक सहयोगको पनि आकांक्षा राखेको थिएँ। उहाँले केही सहयोग गर्ने वचन पनि दिनुभएको थियो तर अफशोच! यस प्रसंगमा उहाँलाई भेटी आएको डेढ महिनापछि नै ५ श्रावण २०५९ का दिन अकल्पनीयरूपमा उहाँको निधन हुनगएबाट आफ्नो यस कृतिको प्रकाशन कार्य शिथिल हुने भयो भन्ने आभास हुनगएको थियो।

आज, वर्षदिनपछि उहाँकै प्रेरणाको स्मरण यथावत् पारी उहाँले हेरिसक्नुभएको 'विषय-सूची' अनुरूप यस पुस्तक प्रकाशन गर्दैछु बरु यस कृतिमा समावेश भएका बौद्ध व्यक्तित्वहरू ६ जना भन्दा बढीसँग परिचित हुनुभएका उहाँ भिक्षु सुदर्शन महास्थविरको तर्फबाट ती व्यक्तित्वहरूको गुणानुस्मरण गराउन नपाएकोमा आफूलाई लागेको चोट यथावत् थियो नै।

अहिले आएर सो आभास नहुने किसिमले यस पुस्तकको निमित्त "भूमिका" लेखिदिनुभएकोमा प्रा. सुवर्ण शाक्य-जसले मेरा प्रत्येक पुस्तकहरूको भाषासंशोधन पनि गरी सहयोग गर्दै आउनुभएको थियोले यस पुस्तकका प्रत्येक जीवनीहरू पूरापूर अवलोकन गरी प्रत्येक जीवनीबाट प्रेरणापद टिपोट प्रष्टयाई 'भूमिका' लेखिदिनुभएकोमा उहाँप्रति आफू पूर्णरूपमा नतमस्तक छु।

यस कृतिमा प्रकाशित केही व्यक्तिहरूको जीवनीमा समावेश गर्न नपाएका केही शव्दहरू यहाँ उल्लेख गरेको छु।

नेपालमा क्यान्छयालामाको आगमन (वि.सं. १९८१, फागुन) हुनु भन्दा अगाडि नै विशेषतः हिन्दीभाषामा लेखिएका बुद्ध-धर्मका पुस्तकहरू अध्ययन-मनन गरी चारित्रिक निर्माण गरिसक्नुभएका उपासक मानदास तुलाधरसित आफू परिचित हुन नपाएतापनि उहाँका सुपुत्र सुगतदास तुलाधरसित दुई दशकअगाडिदेखि परिचित हुन पाएबाट मानदास तुलाधर



Dhamma.Digital
Downloaded from http://dhamma.digital

द्वारा संकलित महापण्डित राहुल साँकृत्यायन एवं अन्य देश-विदेशका बौद्धविद्वान्हरूको कृति, महाबोधि-सभाको 'धर्मदूत' एवं "The MahaBodhi" अंग्रेजी मासिक पत्रिकाको साथै त्यसताका (६/७ दशक अगाडि) का अनेकौं पत्र-पत्रिकाहरू यथेष्ट अध्ययन गर्न पाएको छु।

मानदासपुत्र-सुगतदास तुलाधरले ती सम्पूर्ण पुस्तक-पुस्तिका, पत्र-पत्रिकाहरू व्यक्तिगत पुस्तकालयको सट्टा सार्वजनिक रूपमा बोधिज्ञान पुस्तकालय र बोधिज्ञान प्रकाशन कार्य गर्ने हेतु विशेषतः पिताको संस्मरणमा ५/६ वर्षअगाडि नै "मानदास बुद्ध बोधिज्ञान फाउण्डेशन" नामक संस्था स्थापना गरिसक्नुभएको थियो। यस संस्थाको आफ्नै भवननिर्माणार्थ उहाँले किन्डोलस्थित (टयाक्सी पार्कबाट छाउनी जाने बाटोको दायाँतिर) आफ्नै जग्गा प्रदान गरी तत्कालीन अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु अनिरूद्ध महास्थविरको प्रमुख आतिथ्यमा २१ वैशाख २०५३ अर्थात् २५४० औं वैशाखपूर्णिमाका दिन भिक्षुसंघद्वारा जग्गाशोधन कार्य सम्पन्न भएको थियो त उहाँकै प्रमुख आतिथ्यमा १९ जेष्ठ २०५३ (ज्येष्ठ पूर्णिमा) का दिन भिक्षुसंघद्वारा भवन शिलान्यासकार्य सम्पन्न गरिएको थियो।

हालसम्ममा दुई तल्लाको भवन तयार भइसकेको सोहीभवनमा २७ भाद्र २०५५ का दिन उक्त "मानदास बोधिज्ञान पुस्तकालय" को समुद्घाटन संघनायक भिक्षु अनिरूद्ध महास्थविरबाट सम्पन्न भएको थियो साथै फाउन्डेशनको पहिलो "BODHIGYANA" नामक पत्रिका भिक्षु अश्वघोष महास्थविरबाट विमोचन भएको थियो। स्मरणीय छ, उक्त पुस्तकालय प्रत्येक शनिवार दिउँसो खुलेको हुन्छ।

यस पुस्तकका सातौं बौद्धव्यक्तित्व हुनुहुन्छ-बंगलादेशका सुप्रसिद्ध महासंघनायक भिक्षु विशुद्धानन्द महास्थविर। उहाँको जीवनकालमै यस पंक्तिका लेखकले युवा बौद्ध मुचः, भक्तपुरका केही मित्रहरूका साथ बंगलादेशको



Downloaded from http://dhamma.digital

राजधानी ढाकामा केही दिन (८-१२ अप्रिल १९९१) भ्रमण गर्न जाने अवसर पाएको थियो। ९ अप्रिल १९९१ अर्थात् २६ चैत्र २०४७ का दिन हामी उहाँ महास्थविर द्वारा निर्मित कमलापुरस्थित "धर्मराजिक बौद्धविहार" को अवलोकनार्थ पुगेका थियौं तर उहाँको दर्शन गर्ने अवसर हामीले पाउन सकेनौं।

विशाल पोखरीनजिक रहेको सो विहारको आसपास केही अवलोकन गरी त्यहाँ केही समय रही एक बरुआ उपासकको तर्फबाट त्यहाँस्थित पुस्तकालयमा केही पुस्तकहरू पनि हेर्ने अवसर पाइएको थियो। ती पुस्तकहरूबाट पालीसाहित्यका प्रकाण्ड विद्वान् प्रो.रीस डायविड्ससम्बन्धी केही टिपोटहरू लिएर आउन पाएबाट उहाँको जीवनीको परिचय लेख्नमा टेवा मिल्न गएको थियो जुन जीवनी 'बौद्धजगत्का स्मरणीय व्यक्तिहरू- प्रथम भाग' मा प्रकाशित गरेको थिएँ।

यस पुस्तकको अन्तिम व्यक्तित्व हुनुहुन्छ– नेपाली भिक्षु महानाम 'कोविद'। उहाँको जीवनी यस पंक्तिका लेखकले उहाँकै जीवनकालमा लेखी उहाँलाई देखाउन पाइएको थियो - त्यसैको संक्षिप्त मात्र यसमा रहेको छ। सो जीवनीमा प्रसंगवश भारतका भिक्षु धर्मरक्षितका साथ नेपालका श्रामणेर अश्वघोष सँगै श्रीलंकामा बुद्ध-धर्म अध्ययनार्थ जानुभएको कुरा उल्लेख गरेको थिएँ, सो विवरण उल्लेखनीय छ, जुन भिक्षु धर्मरक्षितकै शब्दमा थियो, यथा-

"उस समय महापरिनिर्वाण विहार, कुशीनगरमे हम चार जने (भिक्षु ऊ. चन्द्रमणि महास्थविर, भिक्षु ऊ. चन्दिमा, भिक्षु धर्मरक्षित र श्रामणेर अश्वघोष) रहते थे। नेपालका श्रामणेर अश्वघोष अभी-अभी (जनवरी, १९४४ ई.) प्रव्रजित हुआ था और मेरे पास हिन्दी सिख रहा था। सहसा मेरे लंका जाने की बात सुनकर उसे बिजली सी लग गई। बात वैसी भी थी। मेरे लंका जाने के पश्चात् उसे पढानेवाला था ही



Downloaded from http://dhamma.digital

कौन ? अस्तु, अब कोई युक्ति करनी आवश्यक थी। हमारे गुरुभाइ भदन्त महानामजी ने - जो महामन्तिन्द परिवेणमे ६ वर्षोंतक रहे थे- बोधिगुप्त (महामन्तिन्द परिवेणका एक प्रमुख भिक्षु) जीके पास पत्र लिखा और बस, मेरे साथ अश्वघोष के लंका जानेका प्रबन्ध हो गया।"

यस बौद्धजगत्का स्मरणीय व्यक्तिहरू- चौथो भागसम्ममा प्रकाशित भएका ६२ बौद्धव्यक्तित्वहरूको जीवनी अध्ययन-मनन गरी पाठकहरूले प्राचीन बौद्धदार्शनिकहरूको महान्ता; देश-विदेशका अन्वेषक, धार्मिक नेता, दाताहरूको योगदान; बौद्ध संवेजनीय स्थलहरूको सुरक्षार्थ आफ्नो जीवन समर्पण गर्नुभएका देश-विदेशका भिक्षुहरूको देनआदिको स्मरण गरी आ-आफ्नो जीवनमा ती जीवनीहरूबाट केही प्रेरणास्रोत स्वरूप विवरण प्राप्त गरी त्यसबाट आफूमा मानवीय भावना सुदृढ पार्नमा केहीमात्र सहायक सिद्ध भएको छ भने त्यही लेखकको निमित्त सन्तुष्टिको कुरा हुन आउँछ।

अन्तमा, यस पुस्तक "विवेकानन्द लुमन्ति प्रकाशन" को रूपमा प्रकाशित गर्न विशेष अनुमति दिनुभएका भिक्षु धम्मसोभण महास्थविर, अनागारिका संघशीला र बौद्ध समंकृत विहारका प्रमुख उपासक संघरत्न शाक्यप्रति कृतज्ञ छु। यस पुस्तक प्रकाशन दिवंगत भिक्षु विवेकानन्द महास्थविर र अनागारिका वजिरञाणीको वचत रकमबाट प्राप्त रू. २३, ५६६।- बाट संभव हुन आएको हो, यसैमा पुनः रत्नायन परिवार बाट रू. ३ हजार, चन्द्रायनपरिवार, दिव्यपरिवार र विक्रमराज-किरणशोभा परिवारबाट रू. १५।१५ सय प्राप्त भएबाट पुस्तक १००० प्रति प्रकाशित गर्न संभव हुन आएको हो तसर्थ सम्पूर्ण परिवार प्रति कृतज्ञ छु।

१० आश्विन २०६० — घटस्थापना

- रत्नसुन्दर शाक्य
नागपोखरी, भक्तपुर-४



Downloaded from http://dhamma.digital

# बौद्धजगत्का
# स्मरणीय व्यक्तिहरू
## -प्रथम भाग-
### व्यक्तित्व-क्रम


| | | |
|---|---|---|
| १) | आचार्य दीपङ्कर श्रीज्ञान | (सन् ९८२-१०५४) |
| २) | जनरल अलेक्जेण्डर कनिंघम | (सन् १८१४-९३) |
| ३) | फ्रेडरिक मैक्समूलर | (सन् १८२३-१९००) |
| ४) | सर इडविन आर्नल्ड | (सन् १८३२-१९०४) |
| ५) | कर्नल हेनरी स्टील अल्कोट | (सन् १८३२-१९०७) |
| ६) | भिक्षु महावीर महास्थविर | (सन् १८३३-१९१९) |
| ७) | इवान पाब्लोविच मिनायेफ | (सन् १८४०-९०) |
| ८) | डा. टी. डब्ल्यू, रीस डायविड्स | (सन् १८४३-१९२२) |
| ९) | मेरी ऐलिजावेथ फोस्टर | (सन् १८४४-१९३०) |
| १०) | धर्ममान साहू | (सन् १८६१-१९३७) |
| ११) | आचार्य सिलभेन लेवी | (सन् १८६३-१९३५) |
| १२) | अनागारिक धर्मपाल | (सन् १८६४-१९३३) |
| १३) | डा. पॉल ढाल्के | (सन् १८६५-१९२८) |
| १४) | लु. धम्मानन्द महास्थविर | (सन् १८६९-१९४५) |




Downloaded from http://dhamma.digital

# बौद्धजगत्का
# स्मरणीय व्यक्तिहरू
## -दोस्रो भाग-
### व्यक्तित्व-क्रम


| | | |
|---|---|---|
| १) | आचार्य धर्मकीर्ति | (सन् सातौं शताब्दी) |
| २) | आचार्य थियोडर श्चेर्वात्स्की | (सन् १८६६-१९४२) |
| ३) | भिक्षु आनन्द मेत्तेय्य | (सन् १८७२-१९२३) |
| ४) | भिक्षु वोधानन्द महास्थविर | (सन् १८७४-१९५२) |
| ५) | आचार्य धर्मानन्द कौशाम्बी | (सन् १८७६-१९४७) |
| ६) | भिक्षु ञानातिलोक महास्थविर | (सन् १८७८-१९५७) |
| ७) | भाजुरत्न साहू | (सन् १८८३-१९५६) |
| ८) | भिक्षु ताई-शू | (सन् १८८८-१९४७) |
| ९) | आचार्य नरेन्द्रदेव | (सन् १८८९-१९५६) |
| १०) | क्यान्छ्या लामा | (सन् १८९१/९२-१९४१) |
| ११) | मिस् आई.वी. हर्नर | (सन् १८९६-१९८१) |
| १२) | भदन्त डी. शासनश्री महास्थविर | (सन् १८९९-१९६६) |
| १३) | क्रिसमस हम्फ्रे | (सन् १९०१-८३) |
| १४) | धर्मादित्य धर्माचार्य | (सन् १९०२-६३) |
| १५) | फ्रान्सिस स्टोरी | (सन् १९१०-७१) |
| १६) | डा. भिक्षु धर्मरक्षित | (सन् १९२३-७७) |




Downloaded from http://dhamma.digital

# बौद्धजगत्का

# स्मरणीय व्यक्तिहरू

## -तेस्रो भाग-

### व्यक्तित्व-क्रम


| | | |
|---|---|---|
| १) | आचार्य शान्तरक्षित | (सन् ६५०-७५०) |
| २) | हिक्कडुवे श्री सुमंगल महास्थविर | (सन् १८२७-१९११) |
| ३) | भदन्त लेदी सयादो महास्थविर | (सन् १८४६-१९२३) |
| ४) | भिक्षु कृपाशरण महास्थविर | (सन् १८६५-१९२६) |
| ५) | प्रो. लक्ष्मी नरसू | (सन् १८७०/८०-१९३४) |
| ६) | डा. वेणीमाधव बरुआ | (सन् १८८८-१९४८) |
| ७) | भिक्षु श्रीनिवास नायक महास्थविर | (सन् १८९४-१९६८) |
| ८) | भिक्षु नारद महास्थविर | (सन् १८९८-१९८३) |
| ९) | प्रो. जी.पी. मलालशेखर | (सन् १८९९-१९७३) |
| १०) | ब्रम्हचारी देवप्रिय वलिसिन्हा | (सन् १९०४-६८) |
| ११) | भदन्त ऊ. सोभन महास्थविर | (सन् १९०४-८२) |
| १२) | डा. भिक्षु वालपोल राहुल | (सन् १९०७-९७) |
| १३) | भिक्षु पञ्ञा मेत्तेय्य | (सन् १९१०-५०) |
| १४) | भिक्षु एम्. संघरत्न नायक महास्थविर | (सन् १९११-८५) |
| १५) | भिक्षु सोमदेच फ्रा ञाणसंवर महास्थविर | (जन्म :- सन् १९१३) |
| १६) | डा. भिक्षु धर्मरत्न | (सन् १९१७-८५) |
| १७) | मणिहर्ष साहू | (सन् १९१७-९३) |
| १८) | आचार्य भिक्षु अमृतानन्द महास्थविर | (सन् १९१८-९०) |
| १९) | भिक्षु संघरक्षित महास्थविर | (जन्म :- सन् १९२५) |
| २०) | डा. विद्यावती 'मालविका' | (सन् १९३०-७६/७७) |




Downloaded from http://dhamma.digital

# विषय-सूची


| क्र.सं. | विषय | पाना नं. |
|---|---|---|
| अ) | भूमिका | क |
| आ) | दुई शब्द | ङ |
| १) | आचार्य नागार्जुन | १-८ |
| २) | मिसेज् रीस डाय्विड्स | ९-१२ |
| ३) | सेर्गेई फ्योदोरोविच ओल्देनवर्ग | १३-२२ |
| ४) | डा. काशीप्रसाद जायसवाल | २३-३३ |
| ५) | भिक्षु उत्तम महास्थविर | ३४-४० |
| ६) | मानदास उपासक | ४१-४६ |
| ७) | भिक्षु विशुद्धानन्द महास्थविर | ४७-५४ |
| ८) | भिक्षु एन्. जिनरत्न नायक महास्थविर | ५५-६० |
| ९) | डा. भदन्त एच.सद्धातिस्स नायक महास्थविर | ६१-७३ |
| १०) | भिक्षु प्रियदर्शी महास्थविर | ७४-८२ |
| ११) | भिक्षु एल्. आर्यवंश नायक महास्थविर | ८३-९१ |
| १२) | भिक्षु महानाम महास्थविर 'कोविद' | ९२-१०२ |




Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital



**आचार्य नागार्जुन**

(इशापूर्व ८३-१९६ई.)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# आचार्य नागार्जुन

बुद्धशासनको इतिहासमा विशेषत: चीन, तिब्बत र मंगोलियामा समेत आफ्नो कीर्ति कायम गर्न सफल हुनुभएका केही भारतीय बौद्ध दार्शनिकहरूमा आचार्य नागार्जुनको नाम अग्रपंक्तिमा आउँछ।

बुद्ध-धर्मका एक विस्मयकारी साधक एवं महायान बौद्धधर्मका माध्यमिक शाखा (शून्यवाद-क्षणिकवाद) का प्रतिष्ठापक हुनुभएका आचार्य नागार्जुनको जन्म बुद्ध-परिनिर्वाणको ४०० वर्षपछि इशा-पूर्व ८३ को आसपासमा दक्षिण-भारतको "विदर्भ" जनपदमा भएको थियो। एक समृद्ध ब्राम्हण-परिवारमा जन्मनुभएका उहाँको बाल्यकालमा उहाँका माता-पिताले उहाँको आयु-वृद्धिको निमित्त ज्योतिषको कथनानुसार १०० जना बौद्ध भिक्षुहरूलाई भोजनदान गरिएको थियो नत्र उहाँको आयु सिर्फ एक हप्ता मात्र रहेको कुरा ज्योतिषले बताएको थियो। ज्योतिषले उहाँको आयु-वृद्धि गराउने उपायको क्रममा यदि १०० जना सर्वसाधारण व्यक्तिहरूलाई भोजन दान दिए एक हप्ताभन्दा बढी बाँच्न सकिने, यदि सो भोजन १०० जना ब्राम्हणहरूलाई दान दिए ७ महिना भन्दा बढी बाँच्न सकिने, यदि सोही भोजन १०० जना बौद्ध भिक्षुहरूलाई दान दिए ७ वर्षसम्म बाँच्न सकिने कुरा बताएको थियो र सो भन्दा बढी बाँच्न सकिने उपाय आफूले थाहानपाएको कुरा पनि ज्योतिषले बताए जसअनुसार माता-पिताले अन्तिम निर्णयअनुसार भोजन दान गरेका थिए।



Downloaded from http://dhamma.digital

भावी आचार्य नागार्जुन हुने सो बालकले ७ वर्षको अवधिमै ब्राम्हण (हिन्दू) धर्मका वैदिक ग्रन्थहरूको अध्ययनको फलस्वरूप एक मेधावी र चिन्तनशील व्यक्ति भइसकेको थियो तर माता-पिताले ज्योतिषको कुरालाई हृदयंगम गरी बच्चाको उमेर ७ वर्ष नाघिसकेपछि साथै राख्न चाहना गरेनन् र उनको मृत-शरीर देख्न नपरोस् भन्ने अभिप्रायले एक सेवक साथ लगाई उनलाई तीर्थयात्रा गर्न पठाए। तीर्थयात्राको क्रममा उनीहरू नालन्दामा पुगे। नालन्दामा उनीहरूले 'सरह' नामका एक प्रतिष्ठित ब्राम्हणलाई भेटे र आफ्नो वृत्तान्त (यात्राको प्रमुख कारण) बताए। ती ब्राम्हणले यदि सो बालक (भावी नागार्जुन) लाई मृत्युबाट बचाउने हो भने भिक्षु-संघमा सम्मिलित गराउनु पर्ने सल्लाह दिए। सोही सल्लाहअनुसार त्यस बालकले भिक्षुसंघमा सम्मिलित हुन राजी भई त्यसताकाका नालन्दा महाविहारका प्रमुख हुनुभएका आचार्य राहुलभद्रको तर्फबाट प्रव्रजित भई "श्रामणेर श्रीमान" हुनुभएको थियो।

श्रामणेर (प्रव्रजित) भइसकेपछि उनलाई आचार्य गुरुवरले अमितायुको मण्डलमा दीक्षित गरेर अमितायु-धारणीको उपदेश दिए। सो उपदेशको पालनबाट श्रामणेर श्रीमान् मृत्युको अनिष्टताबाट बचे।

भिक्षु-संघमा प्रव्रजित भई सम्मिलित भएअनुसार श्रामणेर श्रीमान्ले बौद्ध ग्रन्थहरूको अध्ययन निकै गम्भीरताका साथ शुरू गरे। भनिन्छ, उहाँले सम्पूर्ण त्रिपिटकको अध्ययन ९० दिनमा पूरा गर्नुभएको थियो। यसको अतिरिक्त त्यसताकासम्मका बौद्ध-धर्मका शाखा-प्रशाखाहरूको बारेमा पनि उहाँले विस्तृत अध्ययन गरेका थिए। पछि उहाँ रसायनशास्त्र, आयुर्वेदिक एवं मन्त्र-तन्त्रका पनि महान्ज्ञाता हुनुभएको थियो जसको प्रमाण तिब्बती एवं चीनीपरम्परामा उहाँको कृतिका साथ उल्लेख भएको छ। उहाँले आफ्नो योग-क्रियाद्वारा असाधारण सिद्धि र चमत्कार देखाउनमा



Downloaded from http://dhamma.digital

पनि दक्ष हुनुभएको कुरा पनि उल्लेख भएको पाइन्छ। यसप्रकार उहाँको बारेमा अलौकिक कल्पना, अगाध विद्वत्ता तथा प्रगाढ तान्त्रिकताको कारण उहाँको विपुलकीर्ति भारतको दार्शनिक जगत्मा त्यसताकादेखिनै अक्षुण्ण रहँदै आएको थियो ।

उपसम्पदापश्चात् श्रीमान् एक कुशल धर्मोपदेशक हुँदै आए । उहाँको उपदेश मनुष्यजातिले मात्र होइन नाग जाति (Serpent or Cobra) ले पनि सुन्न आएको प्रसंग क्यौं थिए। त्यसै एकपटक आचार्य श्रीमान्ले बुद्धको मध्यम मार्गसम्बन्धी आफ्नो विपुल ज्ञानबाट यस पक्षको बारेमा धर्मोपदेश दिइरहेका थिए सो उपदेश सुन्न दुई नागहरू मनुष्यभेष धारण गरी सो उपदेश सुन्न आएका थिए । ती व्यक्तिहरू (मनुष्यधारी नाग) सभामा उपस्थित रहेको बेला पूरा सभासद्मा चन्दनको सुगन्ध फैलिएको थियो। जब ती व्यक्तिहरू गए, ती सुगन्ध लोप भएको र ती व्यक्तिहरूको पुनः आगमनपछि पुनः सुगन्ध फैलिएको थियो ।

फेरि एकपटक भिक्षु श्रीमान्ले एक उद्यानमा धर्मोपदेश दिइरहेको बेला सूर्यको किरण निकै तेज भइरहेको थियो, केही नागहरू उहाँको वरिपरि रही उहाँलाई घामको तापबाट बचाएका थिए । यी विभिन्न कारणले उहाँलाई नागहरूको देवता भनिन्छ। यसैमा 'अर्जुन' जोडिएको थियो जसको अर्थ उहाँले महायान धर्मलाई त्यस्तै छिटो र स्थिररूपमा फैलाएको थियो जस्तो धर्नुर्धारी अर्जुनले आफ्नो धनुषबाट वाण ठीक ठाउँमा छिटो र स्थिरतापूर्वक पुऱ्याउँथ्यो। अत: उहाँलाई त्यसै बेलादेखि "नागार्जुन' नामकरण गरिएको थियो ।

पछि आचार्य नागार्जुन नालन्दाका प्रमुख भिक्षु भए त्यहाँदेखि उहाँले शासनमा पनि सुधार गर्दै ल्याए। उहाँले शीलसम्पन्न भिक्षुहरूलाई सम्मान गर्दै ल्याएका थिए त शीलभ्रष्ट भिक्षुहरूलाई भिक्षु समुदायबाट



Downloaded from http://dhamma.digital

निष्कासन पनि गरेका थिए। उहाँले वज्रासन (बोधगया) को सुरक्षामा पनि विशेष ध्यान दिएका थिए। वज्रासनको अतिरिक्त विशेषत: मध्यभारतका ६ प्रमुख शहरहरू (राजगृह, वैशाली, श्रावस्ती, चम्पा, अयोध्या र बाराणसी) मा आचार्य नागार्जुनले क्यौं विहार एवं स्तूपहरू पनि निर्माण गराएका थिए।

यसप्रकार आचार्य नागार्जुन नालन्दामा क्यौं दशक रहनुभई बुद्धको "प्रतीत्यसमुत्पाद" सिद्धान्तलाई विस्तृत गरी "शून्यवाद" सिद्धान्त प्रतिष्ठापित गरी शुरूमा मौखिकरूपमा उहाँले माध्यमिक दर्शनको वास्तविक र सुव्यवस्थितरूपमा प्रचार-प्रसार गरेका थिए त पछि उहाँ दक्षिणपथ (दक्षिण-भारत) का एक आन्ध्रराजा (शातवाहन) को विशेष अनुरोधमा राजधानी धान्यकटक (अमरावती) मा पुगेका थिए।

त्यसताकाका आन्ध्रराजाहरूको समयावधि एवं देनबारे महापण्डित राहुल सांकृत्यायनको कथनबाट केही स्पष्ट गरौं -

"वस्तुत: बौद्धों के लिये, शातवाहन राजवंश इ.पूर्व प्रथम शताब्दी से इश्वी तीसरी शताब्दी तक, पुराने मौर्यो या पिछले पालवंशकी तरह था। पहाड खोदकर गुहा बनानेका कार्य यद्यपि मौर्यो ने आरम्भ किया था, और वे उसमे कहाँ तक तरक्की कर चुके थे, यह बराबर की चमकती पालिशवाली गुहाओं से मालूम होता हैं; तो भी गुहाओंको बहुत अधिक और सुन्दर ढंगले बनवाने का प्रयत्न आन्ध्रों के ही राज्यमे हुआ। नासिक, कार्ला आदि की भाँति अजन्ता और एलोरा की गुहाओं का भी श्रीगणेश इन्हीके समयमे हुआ था जो पीछे तक बढता गया।"

आचार्य नागार्जुन त्यसताका धान्यकटकको श्रीपर्वतमा रहनुभएको थियो हाल सो स्थान आन्ध्रप्रदेशको राजधानी हैदरावादबाट १५० कि.मि.



Downloaded from http://dhamma.digital

पूर्व गुन्टुर जिल्लामा पर्दछ । कृष्णा नदीको किनारमा अवस्थित प्राकृतिक सौन्दर्यले भरिपूर्ण सो स्थानलाई उहाँकै नामबाट "नागार्जुन कोण्डा (पर्वत)" नामकरण गरिएको थियो । यो तथ्य त्यहाँ बाट प्राप्त अभिलेखहरूबाट सिद्ध भइसकेको छ । त्यस स्थानमा रही आचार्य नागार्जुनले कयौं ग्रन्थहरू रचना गरेका थिए तर उहाँका कृतिहरू मूल संस्कृतरूपमा हाल दुई-तीनवटा पुस्तकमात्र सुरक्षित रहेको भएपनि तिब्बती र चीनीभाषामा त उहाँका कयौं ग्रन्थहरू अनूदित रूपमा तिब्बती एवं चीनी विद्वान्हरूले प्रकाशमा ल्याइसकेका छन् । उहाँको सर्वोत्तम कृति "माध्यमिक कारिका" वा "माध्यमिक शास्त्र" महायान बौद्ध-धर्मको माध्यमिक सम्प्रदायको आधारभूत प्रमुख ग्रन्थको रूपमा रहेको छ । यस कृतिमा उहाँले २७ प्रकरणमा ४०० कारिका (श्लोक) हरूका साथ शून्यताको दर्शनसम्बन्धी गहन विवेचना गरिराखेको थियो ।

आचार्य नागार्जुनको अन्य एक विशेष कृति "सुहृल्लेख" थियो । यस कृत्रि पनि हाल मूल संस्कृतमा लुप्तभए पनि तिब्बती र चीनीभाषामा सुरक्षित रहेबाट हाल यूरोपीय (अंग्रेजी, जर्मनी आदि) भाषामा समेत अनुवाद भइसकेका छन् । आचार्य नागार्जुनले आफ्नो एक परम मित्र एवं आश्रयदाता आन्ध्रराजा गौतमीपुत्र यज्ञश्री (राज्यकाल, सन् १६६-९६) लाई पत्रको रूपमा लेखिएको यस रचनामा उहाँले परमार्थ र व्यावहारिक शिक्षाको रूपमा १२४ श्लोकका साथ पूर्ण गरिएको थियो । हर्षको कुरा, यस कृत्रिको अनुवाद नेपालको एक प्रमुख भाषा नेपालभाषामा पनि भइसकेको छ । श्री बुद्धनारायण मानन्धरले सम्पादन एवं अनुवाद गरिएको यस कृत्रिको द्वितीय संस्करण (ने.सं. ११०२ मा) समेत प्रकाशित भइसकेको छ ।



Downloaded from http://dhamma.digital

चीनी यात्री इत्सिङ्ग (यात्राकाल, सन् ६७१-९५) को भारत यात्राकालमा यहाँका प्रत्येक बालकहरूलाई 'सुहृल्लेख" रचना कण्ठस्थ भएको र वयस्कहरूले पनि अति श्रद्धाका साथ त्यस रचनाको अध्ययन-मनन गर्ने गरेको कुरा उहाँले आफ्नो यात्रा-विवरणमा उल्लेख गर्नुभएको छ। स्मरणीय छ, यस रचनालाई पाँचौ शताब्दीमा गुणवर्माले सन् ४२४ मा र संघवर्माले सन् ४३३ तिर चीनीभाषामा अलग-अलग अनुवाद गरिएको थियो त सातौं शताब्दीको अन्तमा (सन् ७०० तिर) इत्सिङ्ग स्वयंले पनि यसको चीनीभाषामा अनुवाद गर्नुभएको थियो।

आचार्य नागार्जुनका अन्य कृतिहरूमा "विग्रहव्यावर्तनी" (शून्यवादको खण्डनको मण्डन कृति) मूल संस्कृतग्रन्थ महापण्डित राहुल साँकृत्यायनले आफ्नो तेस्रो तिब्बतयात्राकालमा शलू गुम्बामा प्राप्त गरेका थिए त "महायान-विंशक" (शून्यवादको विवेचन कृति) का केही कारिकाहरूको उद्धार (संस्कृतरूपमा अनुवाद) आचार्य विधुशेखर शास्त्री (भट्टाचार्य) ले पनि गर्नुभएको थियो। आचार्य नागार्जुनका अन्य कृतिहरूमा उपाय-कौशल्य (न्यायसम्बन्धी ग्रन्थ), चतुःस्तव (चार स्तोत्रहरूको संग्रह), शून्यता-सप्तति (शून्यता सम्बन्धी ७० कारिकाका साथ विश्लेषण गरिएको ग्रन्थ) आदि प्रकाशमा आइसकेका छन्।

आचार्य नागार्जुनको प्रमुख कार्यक्षेत्र श्रीपर्वत बौद्ध-धर्म प्रचार-प्रसारका अद्वितीय केन्द्र हुन पुग्यो। उहाँको दार्शनिक पाण्डित्यताको गहिराइको कारण उहाँलाई "दोस्रो बुद्ध" समेत भनियो र उहाँले प्रचार-प्रसार गर्नुभएको माध्यमिक शाखा (शून्यवाद) को बेजोड प्रचार-प्रसार नागार्जुन पर्वतमा रही गर्नुभएको कारण त्यसैलाई बुद्धको "दोस्रो धर्मचक्र-प्रवर्तन" पनि भनियो।



Downloaded from http://dhamma.digital

आचार्य नागार्जुन चिकित्साशास्त्रमा, विशेषरूपमा प्राकृतिक चिकित्सा र यौगिक भैषज्यमा निपुण हुनाको कारण उहाँको शरीर एवं मस्तिष्क अधिक स्वस्थ हुन सक्नुको कारण उहाँलाई दीर्घजीवी वा चिरायुष्यका ज्ञान भएको व्यक्ति भनेर पनि मानिन्छ। उहाँ झण्डै ३०० वर्षसम्म जीवित रहनुभएको कारण उहाँ सुप्रसिद्ध कुषाण बौद्ध सम्राट कनिष्क (राज्यकाल, सन् ७८-१२०) को समकालीन थिए त महापण्डित राहुल साँकृत्यायनको कथनानुसार उहाँ सन् १७५ का पनि थिए।

आचार्य नागार्जुन दीर्घजीवी हुनाको कारण उहाँका मित्र राजा गौतमीपुत्रले पनि सो रहस्य (चिरायुष्य) प्राप्त गर्नुभएको थियो। अत: उहाँ पनि दीर्घजीवी हुन सक्ने सम्भावनाको कारण उनका पुत्र कुमार (युवराज) हतोत्साही (व्याकुल) भए जो राजगद्दी पाउन आतुर भइरहेका थिए। कुमारले आफ्नो पिता दीर्घजीवी हुन सक्ने ज्ञान आचार्य नागार्जुनबाट पाएको तथ्य आफ्नी आमाबाट थाहापाए।

कुमार श्रीपर्वत गए र आचार्यसम्मुख आफ्नो मनसाय व्यक्त गरे। आचार्यले पनि आफ्नो जीवन कसैको निमित्त बाधक भइराखेको जानकारी भएपछि आफ्नो जीवन कुमारकै तर्फबाट अन्त्य गराउनहेतु कुश घाँस सम्मिलित तरबारबाट आफूलाई प्रहार गरे मात्र आफ्नो शिर छेदन गर्न सकिने कुरा बताए। सो अनुरूप कुमारले आचार्यको शिर छेदन गरे। छेदन गरेको आचार्यको शीर (छिन्न ग्रीवा) बाट यो वाक्य सुनियो - "अब म तुषिता भुवनमा जान्छु।"

यसप्रकार आचार्य नागार्जुनको अन्त (निधन) भएपछि सोही शोकको कारण शातवाहन राजा यज्ञश्री गौतमीपुत्रको पनि निधन भयो-यो इश्वी दोस्रो शताब्दीको अन्तिम दशकको कुरा हो।

■



Downloaded from http://dhamma.digital

## - सन्दर्भ -


१) सुहृल्लेख - आचार्य नागार्जुन
अनुवादक - बुद्धनारायण मानन्धर
- शारदा मानन्धर
च्याखाछेँ, छाउनी
कान्तिपुर-२०३९ (द्वि.सं.)

२) बोधिवृक्ष की छाया में - डा. भरतसिंह उपाध्याय
सस्ता साहित्य मण्डल प्रकाशन
कनॉट सर्कस,
नइ दिल्ली - १९९४ (तृ.सं.)

३) पुरातत्त्व निबन्धावली - राहुल सॉंकृत्यायन
किताब महल,
इलाहावाद-१९८५ (द्वि.सं.)

४) Indian Buddhist Pandits - Lobsang N. Tsonawa
Library of Tibetan Works &
Archives - 1985

५) 'धर्मदूत' - वर्ष - २९, अंक ७-८
(नवम्बर - दिसम्बर, १९६४)


Dhamma.Digital



Downloaded from http://dhamma.digital



**मिसेज् रीस डायविड्स**

(सन् १८५९-१९४२)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# मिसेज् करोलिन फोली रीस डायविड्स

आधुनिक युगमा यूरोपमा, विशेषतः इङ्गलैण्डमा पालीसाहित्य जोडदाररूपमा प्रचार-प्रसार गर्नुभएका व्यक्तिहरूमा डा. टी. डब्ल्यू रीस डाय्विडस पश्चात् उहाँकै धर्मपत्नी मिसेज् करोलिन अगस्ता फोली रीस डायविड्स (Mrs. Coroline Augusta Foley Rhys Davids) को नाम अग्रपंक्तिमा आउँछ।

सन् १८५८ मा जन्मेकी करोलिन अगस्ता फोलीले आफ्नो स्कूली शिक्षापश्चात् University College, London मा भर्ना हुनुभई एम.ए. र डी. लिट्को उपाधि प्राप्त गरेकी थिइन्। यसैपश्चात् उनलाई विश्वविद्यालयको सदस्यमा पनि नियुक्त गरिएको थियो।

विशेषतः पूर्वी भाषा र साहित्यमा दिलचस्पी भएका उहाँलाई London School of Oriental and African Studies मा पालीभाषाको प्रोफेसर नियुक्त गरिएको थियो। स्मरणीय छ, यस London School of Oriental and African Studies का पहिलो डाइरेक्टर डा. टी. डब्ल्यू रीस डायविड्सका सहकर्मी या मित्र सर डेनिसन राउस (Sir Denison Rouse) थिए।

उपर्युक्त शिक्षाकेन्द्रमा पालीप्रोफेसर हुनुभएको केही वर्षपछि करोलिन फोली रीस डायविड्स "मैन्चेस्तर विश्वविद्यालय" मा भारतीय दर्शनका अध्यापिकामा नियुक्त भइन्।



Downloaded from http://dhamma.digital

करोलिन अगस्ता फोलीको विवाह ३६ वर्षको उमेरमा प्रो. रीस डायुविड्ससित सन् १८९४ मा भएको थियो। उहाँहरूका दुई पुत्री र एक पुत्र भए । अफशोच । उहाँहरूको एक्लो छोरो प्रथम विश्वयुद्धको दौरानमा सन् १९१७ मा मारिए यसबाट रीस डायविड्स दम्पतीलाई असीम शोक परेको थियो ।

स्मरणीय छ, डा. टी डब्ल्यू रीस डायुविड्सले पालीसाहित्यको रोमनलिपिमा सम्पादन एवं अंग्रेजीभाषामा अनुवाद गरी बौद्ध साहित्य यूरोपमा व्यापक प्रचार-प्रसार गर्ने हेतु सन् १८८१ मा Pali-Text Society को स्थापना गर्नुभएको थियो। आफ्नो उद्देश्यअनुरूप उहाँले पाली त्रिपिटक एवं अट्ठकथासहितको सम्पादन, एक दर्जन जति मूल पाली त्रिपिटक ग्रन्थको अनुवाद, क्यौं बौद्ध-धर्मसम्बन्धी मौलिक ग्रन्थहरूको रचना गरी उद्देश्यपूर्ण जीवन बिताई ७९ वर्षको जीवनकालमा पूरा ४ दशक पाली टेक्स्ट सोसाइटीको निमित्त (अध्यक्ष पदमा) बिताई सन् १९२२ मा आफ्नो जीवन परित्याग गरेर जानुभएको थियो ।

उहाँको सद्धर्मिक कार्यलाई उहाँकै श्रीमती करोलिन फोलीले अगाडि बढाउने हेतु Pali Text Society को सम्पूर्ण अभिभारा जिम्मा लिएं। यसप्रकार पतिको निधनपश्चात् करोलिन फोली रीस डायुविडस सोसाइटीको प्रधान वा अध्यक्षा भएदेखि उहाँले पनि जोडदाररूपमा पाली त्रिपिटक ग्रन्थहरूको सम्पादन एवं अनुवाद कार्यमा हात राख्दै लगिन् ।

मिसेज् रीस डायुविड्सले सम्पादन गर्नुभएका कृत्रिहरूमा विभंग (सन् १९०४), यमक (सन् १९२१), विशुद्धिमार्ग-दुवै भाग (सन् १९२०-२१), पट्ठान (सन् १९२१) आदि प्रमुख छन् त पाली ग्रन्थहरू अनुवादको रूपमा धम्मसंगिनीलाई Buddhist Manual of Psychological Ethics को रूपमा सन् १९२३ मा, थेरी-गाथालाई



Downloaded from http://dhamma.digital

Psalms of the Sisters को रूपमा सन् १९०९ मा, थेरगाथालाई Psalms of the Brethren को रूपमा सन् १९१३ मा, अभिधम्मत्थ सङ्गहोलाई Compendium of Philosophy को रूपमा सन् १९१० मा, कथावत्थुलाई Points of Controversy को रूपमा सन् १९१५ र संयुक्त निकायको सगाथा वग्गलाई The books of the kindred sayings को रूपमा सन् १९१७ मा प्रकाशित गरिएको थियो ।

यस्तै उहाँका मौलिक कृतिहरूमा Gautam the Man (1928), Shakya or Buddhisl origins (1928), Buddhism (1934), What was the original Buddhism (1938) आदि प्रमुख छन् ।

श्रीमती करोलिन फोली रीस डायविड्स आफ्नो पतिसरहनै पालीभाषा एवं साहित्यमा असाधारण विदुषी हुनाको कारण देश-विदेशका कयौं विद्यार्थीहरू उहाँको सानिध्यमा रही प्रकाण्ड बौद्ध पण्डित बन्न पुगेको ज्वलन्त उदाहरण स्वदेशकै मिस् इसालिन ब्ल्यू, हर्नर (Miss I.B. Horner) र श्रीलंकाका गुणपाल पियसेन मलालशेकर (Prof G.P. Malalasekera) को विद्वताबाट नै स्पष्ट हुन आउँछ ।

प्रो.जी.पी. मलालशेकरले आफ्ना आचारिया मिसेज् करोलीन फोली रीस डायविड्सको विद्वत्ता एवं उहाँले आफ्नो पी.एच-डी. को निमित्त तयार गरिएको शोधग्रन्थ "The Pali Literature of Ceylon" को निमित्त विशेष सल्लाह र सुझाव दिइएको कुरा उक्त शोधग्रन्थ पुस्तकको भूमिकामा उल्लेख गर्नुभएको थियो । यतिमात्र होइन प्रो. मलालसेकरले सन् १९३५ मा D. Litt. उपाधि (लन्डन विश्वविद्यालयबाट) प्राप्त गरिएको दुई खण्डमा लिखित विशाल ग्रन्थ "Dictionary of Pali Proper Names" कृति तिनै पाली पण्डित मिसेज् रीस डायविड्सलाई समर्पण गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

अफशोच ! सांसारिक नियमानुसार श्रीमती रीस डाय्विड्सले पनि Pali Text Society को पूरा दुई दशकसम्म अध्यक्ष पद सम्हाली कयौं व्यक्तिहरूलाई आफ्नो बाटोमा अग्रसर गराइसकेपछि सन् १९४२ को जुलाई महिनामा आफ्नो ८४ वर्षको जीवनकाल समाप्त गरेर जानुभयो ।

■

- सन्दर्भ -


१) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू-प्रथम भाग- रत्नसुन्दर शाक्य
- भिक्षु महानाम महास्थविर
आनन्दकुटी विहार
स्वयम्भू -२०४९

२) 'धर्मदूत' - वर्ष ७, अंक ६
(सितम्बर, १९४२)

३) 'बुद्ध देश' - वर्ष ८ अंक १०
(भाद्र पूर्णिमा, २५४१)


Dhamma.Digital



Downloaded from http://dhamma.digital



**सेर्गेई फ्योदोरोविच ओल्देनवर्ग**

(सन् १८६३-१९३४)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# सेर्गेई फ्योदोरोविच ओल्देनवर्ग

१९ औं शताब्दीको अन्त्य तथा २० औं शताब्दीको पूर्वार्द्धको पूरा ३ दशकसम्म सारा एशिया र यूरोपमा बौद्ध-धर्म-दर्शनका महान् ज्ञाता एवं विलक्षण भारतविद् हुनुभएका व्यक्तिहरूमा सेर्गेई फ्योदोरोविच ओल्देनवर्ग पनि एक हुनुहुन्छ ।

उहाँको जन्म सन् १८६३ मा जारको एक जनरलको पुत्रको रूपमा सेन्टपिटर्सवर्ग (लेनिनग्रादको सन् १९१४ अगाडिको नाम) मा भएको थियो तर पनि पछि आएर उहाँ (ओल्देनवर्ग) सोभियत सत्ताका पक्षधर हुनुभएको थियो ।

सानै उमेरदेखि भारतको विषयमा दिलचस्पी राख्दै आउनुभएका एस.एफ. ओल्देनवर्गले सेन्टपिटर्सवर्गमा अध्ययन समाप्त गरिसकेपछि सन् १८८७ देखि १८८९ सम्म पेरिस, लन्डन एव केम्ब्रिजमा रही गहन अध्ययन गर्नुभएको थियो । त्यसताका उहाँको सम्पर्क कयौं पश्चिमी यूरोपका प्राच्यविद् (Orientalist) हरूसित भएको थियो ।

सेर्गेई ओल्देनवर्गका स्वदेशी गुरूहरूमा पूर्वीय भाषा, साहित्य र संस्कृतिका विद्वान इभान पाब्लोविच मिनायेफ (सन् १८४०-१९००) र चीनविद् एवं बौद्धधर्मविद् वसीली वसील्येव (सन् १८१८-१९००) जस्ता सुप्रसिद्ध व्यक्तिहरू थिए ।



Downloaded from http://dhamma.digital

उहाँहरूको साथै पेरिस र लन्डनमा सिलवेन लेवी र एच. कर्न जस्ता सुप्रसिद्ध भारतविद् एवं बौद्धधर्मविद्‌हरूसित पनि ओल्देनवर्गको घनिष्ठता बढिसकेको थियो। यस्ता कार्यहरूको फलस्वरूप सेर्गेई ओल्देनवर्गले कयौं प्राच्यभाषाहरूमा दक्षता प्राप्त गरिसक्नुभएको थियो जसमा प्रमुखत: संस्कृत, अरबी, फारसी, चीनी, र तिब्बती थिए।

विशेषत: सेर्गेई ओल्देनवर्गले आफ्ना गुरूवर इभान पाभ्लोविच मिनायेफको उत्तराधिकारीको रूपमा रही प्राच्यविद्याको प्रचार-प्रसारको क्षेत्रमा रूसलाई पनि एक प्रमुख देशको रूपमा स्थापित गर्न सफल हुनुभएको थियो। उहाँ एवं उहाँको मित्र थियोडर इप्पोलितोविच श्चेर्वात्स्की (सन् १८६६-१९४२) ले एशियाई जनगणप्रति निकै आदर राख्नुको साथै विश्वसभ्यताको सम्पदामा एशियाको प्राचीन संस्कृतिबाट विशाल योगदान भएको पूरापूर स्वीकार गरी त्यसको बेजोड प्रचार-प्रसारमा निरन्तर लागिरहनुभएको थियो।

सन् १८९० मा गुरूवर मिनायेफको निधनपश्चात् उहाँका अनेक रचनाहरू सेर्गेई ओल्देनवर्गले प्रकाशित गरेका थिए। यसमा पाली ग्रन्थहरू 'पेतवत्थु', 'सुत्त निपात' र 'महावग्ग' पनि थिए। गुरू र शिष्यका बीच प्रगाढ मैत्री सम्बन्ध रहेको कुरा मिनायेफको कागजातहरूमा सुरक्षित अन्दाजी ५० वटा जति ओल्देनवर्गले लेखेका पत्रहरूबाट पनि स्पष्ट झल्किन्छ। ती पत्रहरू ओल्देनवर्गले विदेशमा अध्ययन् गरिरहेको बेला गुरू (मिनायेफ) लाई लेख्नुभएको थियो।

स्मरणीय छ, सन् १८७५ मा सेर्गेई ओल्देनवर्गको गुरूवर इभान पाभ्लोविच मिनायेफ भारतयात्राको दौरानमा नेपालमा पनि आइपुगेका थिए। उहाँ नेपालयात्रा गर्नुहुने पहिलो रूसी व्यक्ति हुनुहुन्छ। उहाँले



Downloaded from http://dhamma.digital

आफ्नो नेपालयात्राकालमा विशेषत: तत्कालीन पण्डित गुणानन्द वन्धसित सम्पर्क राखी क्यौं हस्तलिखित ग्रन्थहरू जुन बुद्ध-धर्मसम्बन्धी नेपालभाषामा लेखिएका थिए, साथ लगेका थिए। यसको साथै गुणानन्दसँग रहेको हजार वटा जति नेपालभाषाका शब्दहरू र नेपालभाषाका एक व्याकरण पनि साथ लगेका थिए। यसैको आधारमा उहाँले नेपालभाषाका एक शब्दकोश पनि तयार पारेका थिए, तर उहाँका क्यौं योजनाहरू जसमा नेपालभाषाको प्रचार-प्रसार रूसमा पनि गर्ने यथावत् पारी ५० वर्षको अल्पायु मै उहाँको निधन भयो।

उहाँकै प्रभावबाट शिष्य ओल्देनवर्ग पनि नेपालभाषाका एक ज्ञाता भए। उहाँले सन् १८९१ मा गुरूवरले संकलन गरिराखेको नेपालभाषाका शब्दकोश एवं अन्य नेपालभाषासम्बन्धी अप्रकाशित कृति संकलन र सम्पादनहरू प्रकाशनार्थ जर्मनका लिपजिग विश्वविद्यालयका प्रो. अगस्ट केनेरडीलाई सुम्पेका थिए जो मिनायेफकै एक मित्र एवं नेपालभाषा-साहित्यका स्वतन्त्र अध्ययन अनुसन्धानकर्ता थिए। सेर्गेई ओल्देनवर्ग स्वयंले पनि सन् १८८९ मा सेन्टपिटर्सवर्गको पुस्तकालयमा रहेको नेपालका हस्तलिखित ग्रन्थहरूको बारेमा एक रचना प्रकाशित गरेको थियो यस्तै सन् १८९१ मा मिनायेफसित रहेको ३ वटा हस्तलिखित ग्रन्थ (नेपालकै) हरूको बारेमा पनि एक लेख प्रकाशित गरेको थियो। यसको अतिरिक्त मिनायेफको संकलनमा रहेको नेपालको लोककथा, लोकगीत आदिको विस्तुत टीका-टिप्पणीसहित रहेका कृतिहरू प्रकाशित गरेको कारण सेर्गेई ओल्देनवर्गलाई पनि हामी नेपालभाषा-भाषीहरूले बिर्सन सकिने स्थितिमा छैन।

बुद्धधर्मको क्षेत्रमा एवं मध्यएशियामा भारतीय पुरातात्विक अध्ययन् अनुसन्धानमा त उहाँ एक प्रमुख रूसी नै भए। उहाँले पेरिस र लन्डनमा



Downloaded from http://dhamma.digital

अध्ययन समाप्त गरी सेन्टपिटर्सवर्गमा फर्कनुभएको केही वर्षपछि प्राचीन भारतीय साहित्यअन्तर्गत एक प्रमुख रचना "बौद्ध आख्यान" लेख्नुभएको थियो। यसैलाई उहाँले सन् १८९४ मा एम.ए. डिग्रीको निमित्त शोधप्रबन्धको रूपमा प्रस्तुत पनि गर्नुभएको थियो।

सेर्गेई ओल्देनवर्ग विश्वको पहिलो त्यस्तो भारतविद् हुनुहुन्छ जसले, गान्धार कलाको गहन अध्ययनको आवश्यकता र यसको महत्त्वको बारेमा सबैको ध्यान आकर्षित गराएका थिए। उहाँले भारतीय कलाको अतिरिक्त नेपाल, तिब्बत, पूर्वी तुर्किस्तान, मध्य तथा दक्षिण पूर्वी एशियाको संस्कृतिको इतिहासमा गान्धार शैलीको विशालतम् भूमिका रहेको कुरामा जोड दिनुभएको थियो। बौद्धकलाको अध्ययन-अनुसन्धान निर्धारण गर्नको लागि शोधकर्ताहरूले गान्धारकलाका सम्पूर्ण रचनाहरूलाई प्रकाशमा ल्याउनुपर्ने कुरा उहाँले त्यसबेलानै अवगत गराउनुभएको थियो।

उहाँले पुरातात्त्विक अनुसन्धानको महत्त्वको बारेमा विस्तृत जानकारी दिंदै त्यसबेला भारतीय विद्वान्हरूलाई भारतीय राजधानी, मन्दिर, विहारहरूको सुव्यवस्थितरूपमा उत्खनन् गर्न-गराउन आव्हान गर्नुभएको थियो।

सेर्गेई ओल्देनवर्गले आफ्नो देशमा पनि विशेषत: मध्यएशियाको पूर्वी तुर्किस्तानमा प्राप्त प्राचीन हस्तलिखित ग्रन्थहरूको भण्डार एवं त्यस (पूर्वी तुर्किस्तान) अन्तर्गतमा रहेको कूचा, काशगर, खोटान आदि ठाउँहरू बौद्ध स्मारकको रूपमा रहेको कुरालाई अवगत गरिसकेपछि शुरूमा सो स्थानहरूमा खुदाइको निमित्त अभियानदल जान नसकेतापनि सन् १९०९ मा र पछि सन् १९१४-१५ मा पुग्नुभएको उहाँको अभियानदल निकै सफलभएको थियो।



Downloaded from http://dhamma.digital

मध्यएशियाका ती बौद्ध अवशेषहरूको अध्ययन-मननमा सेर्गेई ओल्देनवर्गलाई सर्वप्रथम जानकारी दिने व्यक्ति काशगरमा नियुक्त रूसी वाणिज्यदूत एन्.पेत्रोत्स्की थिए ।

१९ औं शताब्दीको नवम दशकको अन्ततिर एन्. पेत्रोत्स्कीले एक हस्तलिखित ग्रन्थको केही पाना सेर्गेई ओल्देनवर्गलाई पठाए जुन हस्तलिखित ग्रन्थको पाना उहाँले स्थानीय व्यक्तिहरूसित किन्नुभएको थियो । यस खबरलाई जब प्रकाशित गरे तब प्राच्यविद्याजगत्मा व्यापक प्रचार-प्रसार भयो । मंगोल, चीनी र तिब्बती भाषाको गहन अध्ययनभएका एवं बौद्धधर्म र साहित्यमा जानकारी भएका रूसी विद्वान्हरूले पुरातत्त्वविभाग (सभा) मार्फत काशगरमा रहनुभएका जनरल एन्. पेत्रोत्स्कीलाई त्यहाँ अन्य अभिलेख एवं स्मारकहरूको पनि खोज गर्न हुकुम दिए । पछि उहाँलाई प्राप्त हस्तलेखहरूको संकलनलाई "पेत्रोत्स्की-हस्तलेख" नै भनियो । सन् १८९२-९३ मा पेत्रोत्स्कीले कूचा, कूर्म र अक्सुबाट प्राप्त कागज, भोजपत्र र चर्म (छाला) मा लिखित १०० वटा भन्दा बढी ग्रन्थहरू ओल्देनवर्गकहाँ पुऱ्याए । उहाँले पनि त्यसको अनुलिपिका साथ लाटिनभाषामा लिप्यातरण पनि गरी प्रकाशित गरेबाट तुर्किस्तानको प्राचीन अवशेषको अपार महत्त्व विदेशी विद्वानहरूमा अवगत भयो र तिनीहरूले पनि ती स्थानहरूमा आ-आफ्नो अभियान दलका साथ पुगी आ–आफूले सकेसम्मको उद्धार (उत्खनन्) कार्य गरी सो अवशेष एवं त्यहाँ प्राप्त ग्रन्थहरू विशेषत: पेरिस र लन्डनमा पुऱ्याए ।

सेर्गेई ओल्देनवर्गले आफ्नो अभियानदलका साथ पूर्वी तुकिस्तान पुगेका बेला थाहापाउनु भयो कि उहाँभन्दा अगाडि पुगेका यूरोपीय अभियानदलले असंख्य अद्वितीय पाण्डुलिपिहरू लिएर गइसकेका थिए । ओल्देनवर्गले सिर्फ स्थानीय व्यक्तिहरूसित संस्कृतका केही ग्रन्थहरूको अंशमात्र प्राप्त गर्न सक्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

सन् १९१४-१५ मा गर्नुभएको ओल्देनवर्गको दोस्रोपटकको अभियानमा सहश्रबुद्ध गुहाविहारको सर्वेक्षण र अनेक संस्कृत र चीनी हस्तलिखित ग्रन्थहरू त्यहाँ प्राप्त गर्नुभएको थियो ।

विशेषत: चीनी तुर्किस्तानमा उत्खननपश्चात् प्राप्त बेजोड कलाकृति, अनेकौं हस्तलिखित ग्रन्थ तथा भौतिक संस्कृति (सम्पदा) का वस्तुहरू यूरोप पुऱ्याउनेहरूमा ब्रिटिश सरकारको तर्फबाट हंगेरीका डा. सर ओरल स्टाइन (Dr. Sir Aurel Stein), जसले सन् १९००-०१ मा तरिम् उपत्यका र खोतानमा जाँच पडताल गरी आफूले गरेको अनुसन्धानको प्रारम्भिक विवरण ब्रिटिश रायल सोसाइटीको जर्नलमा प्रकाशित गरेका थिए । उहाँबाट अनगिन्ती हस्तलिखित ग्रन्थ र कलाकृति लन्डन पुऱ्याइएको थियो ।

ओरल स्टाइनपश्चात् सन् १९०६-७ मा फ्रेन्च विद्वान् पाल पेलियो (P. Pelliot) पूर्वी तुर्किस्तानको विशेषत: तुन्-ह्वाङमा पुगे जहाँ उहाँले सातौं देखी दशौं शताब्दी सम्मका चीनी बौद्ध कलाकृतिका कयौं अत्यन्त बहुमूल्य वस्तु एवं कृतिहरू संरक्षित रहेको देख्नुभयो । उहाँले तुन-ह्वाङको एक गुफामा चारैतर्फ हस्तलिखित ग्रन्थहरूले भरिएको एक सानो गुफा पनि देख्नु भयो । त्यहाँ प्राप्त ग्रन्थहरूको सूची बनाउन उहाँलाई दुई हप्ता लागेको थियो । उहाँको अभियानले ती बहुमूल्य पुस्तकहरूको संग्रहको अतिरिक्त तुन्-ह्वाङस्थित सहश्रबुद्ध गुहाविहारको भित्तेचित्र र मूर्तिहरूको पनि सुव्यवस्थितरूपमा अनुसन्धान गर्नुभएको थियो ।

स्मरणीय छ, ओरल स्टाइनले तुन्-ह्वाङमा हस्तलिखित ग्रन्थहरूले भरिएका २४ वटा सन्दुक र चित्रपट एवं अन्य ऐतिहासिक चीजहरूले भरिएको ४ वटा सन्दुक ५ हजार रूपैयाँबाट प्राप्त गरेको थियो त पाल



Downloaded from http://dhamma.digital

पेलियोले तुंन्-ह्वाङ गुफाका रक्षक भइरहेका निरक्षर साधु वाङ-ताउलाई त्यहाँको कुनै एक देवस्थल मरम्मतको निमित्त चाहिएको रकम पूर्ति गरी दिई एक तिहाइ ग्रन्थ आफ्नो साथ लन्डन (ब्रिटिश म्यूजियम) पुऱ्याएका थिए ।

सेर्गेई ओल्देनवर्गले पश्चिमीअभियानदलद्वारा गरिएको त्यस लुट-खसोटप्रति गम्भीर आक्रोस व्यक्त गरिएको थियो साथै पछि आएर चीनीयाँ इतिहासहरूहरूले पनि ।

सेर्गेई ओल्देनवर्गका अन्य प्रमुख कार्यमा सन् १८९७ देखि शुरूगरिएको "बौद्ध पुस्तकमाला" वा "मूल र अनूदित बौद्ध ग्रन्थहरूको संग्रह" प्रकाशन एवं सन् १९१९ मा पेत्रोग्राद (लेनिनग्रादको सन् १९२४ अगाडिको नाम) मा सम्पन्न गरिएको पहिलो बौद्ध प्रदर्शनी को आयोजना थियो जुन प्रदर्शनी सम्पन्न गर्न उहाँलाई विशेष सहयोग थियोडर श्चेर्वात्स्की, भ्यादिमिरत्सेव र ओट्टो रोजेनवर्गले गरिदिएका थिए । यस बौद्ध प्रदर्शनीको उद्‌घाटनको अवसरमा सेर्गेई ओल्देनवर्गले "जीवनको महान् शिक्षक गौतम बुद्धको जीवन" र थियोडर श्चेर्वात्स्कीले "बौद्ध-दर्शन" विषयमा व्याख्यान दिनुभएको थियो ।

त्यस प्रदर्शनीमा भारत, मंगोलिया र पूर्वी तुर्किस्तानमा रहेको बौद्धकलाका वस्तुहरू थिए जुन रूसको संग्रहालयमा संरक्षित गरिराखिएको थियो । यस प्रदर्शनीमा एशियाको विभिन्न देशहरूमा रूसी प्राच्यविद्‌हरूले भ्रमणको बेला प्राप्त गरिएको सामग्रीहरू पनि राखिएको थियो । यस प्रदर्शनी रूसमा सन् १९१७ को अक्टोबर क्रान्तिको सफलताको २ वर्षपश्चात् गरिएको कारण पनि स्पष्ट हुन्छ कि त्यसताका (अगस्त १९१९ ई.) रूस गृहयुद्धको सबभन्दा जटिल र संकटपूर्ण अवस्थाको दिन थियो । त्यसबेलामा पनि आयोजकहरूले बौद्ध प्रदर्शनी सफलतापूर्वक सम्पन्न गरे ।



Downloaded from http://dhamma.digital

सेर्गेई ओल्देनवर्गको अगुवाईमा सम्पन्न हुने प्राय: जुनसुकै प्राच्यविद्या एवं भारतविद्या सम्बन्धि कार्यलाई भ्यादीमिर इल्यीच लेनिन (सन् १८७०-१९२४) को अध्यक्षतामा गठित सोभियत सरकार एवं स्वयं लेनिनले पनि निरन्तर सहयोग गर्दै आएको थियो । सन् १९१७ को अक्टोबर क्रान्तिपश्चात् सांस्कृतिक सम्पदाको रक्षार्थ सोभियत सरकार को पहिलो एक कानून जुन लेनिनद्वारा हस्ताक्षर गरी प्राचीन स्मारकहरूको रक्षासम्बन्धी आज्ञप्ति जारी गरिएको थियो । यसैको क्रममा संग्रहालय एवं प्राचीन स्मारकहरूको रक्षा सम्बन्धी गठन गरिएको आयोगमा अन्य विशिष्ट व्यक्तिहरूका साथ सेर्गेई ओल्देनवर्गलाई पनि यसको सदस्य नियुक्त गरिएको थियो ।

सेर्गेई ओल्देनवर्ग भ्यादीमिर इल्यीच लेनिनका परिवारसित पहिलेदेखि परिचित व्यक्ति थिए । भ्लादीमिरका ज्येष्ठ भ्राता अलेक्सान्द्र इल्यीच उल्यानोव सेन्टपिटर्सवर्ग विश्वविद्यालयमा अध्ययनको बेलादेखि सहपाठीको रूपमा घनिष्ठ थिए । पछि अलेक्सान्द्र जारविरोधी संगठन (नरोदनया पोल्या अर्थात जनसंकल्प) को एक सक्रिय सदस्य हुनाको कारण मार्च १८८७ मा जारको हत्या गर्ने असफल प्रयासपछि उहाँलाई गिरफ्तार गरी दुई महिनापछि फाँसी दिइएको थियो । यसबाट शोकाकुल भएका भाई लेनिन ओल्देनवर्गलाई भेट्न आएका थिए त्यसबेला नै सेर्गेई ओल्देनवर्ग सुविख्यात अनुसन्धानकर्ता भइसक्नुभएको थियो जसले लेनिनलाई दाजु अलेक्सान्द्रको व्यक्तित्वको बारेमा पूरा (थप) परिचित गराएका थिए ।

सोभियतसरकारको निर्माणपश्चात् सन् १९१८ मा (तीन दशकपश्चात्) पुन: सेर्गेई ओल्देनवर्ग र भ्यादीमिर इल्यीच लेनिनको बीच नजिकी भेटवार्ता भयो । राष्ट्राध्यक्ष लेनिनले सेर्गेई ओल्देनवर्गलाई स्पष्ट रूपमा भन्नुभयो कि भारत-विद्यामा पोख्त हुनुभएका उहाँ



Downloaded from http://dhamma.digital

(सेर्गेई ओल्देनवर्ग) ले भारतको इतिहासको बारेमा अंग्रेजहरूले भारतीय जनताहरूलाई गरिराखेको उत्पीडन एवं दासताको बारेमा पनि लेख्न आग्रह गरेका थिए साथै आफूले प्राच्यविद्या भारतविद्याको उत्तरोत्तर शिक्षावृद्धिको निमित्त आवश्यक सहयोग गर्ने पूरापूर स्वीकृति दिनुभएको थियो ।

यसप्रकार सेन्टपिटर्सवर्गका विशेषत: प्रोफेसरद्वय सेर्गेई ओल्देनवर्ग र थियोडर श्चेर्वात्स्कीले व्यापक प्रचार-प्रसार गरिराखेको प्राच्यविद्यालाई नवगठित सरकारबाट उचित सहयोग प्राप्त हुँदैआएको फलस्वरूप २० औं शताब्दीको तेस्रो दशकमा पनि प्राच्यविद्याका सारा संगठनलाई पुर्नगठन गर्दै ल्याए । प्राच्यविद्याका प्रमुख केन्द्र पेत्रोग्राद (सन् १९२४ पश्चात्देखि लेनिनग्राद) को "एशियाई संग्रहालय" (स्थापना - सन् १८१८) लाई त्यहाँ भएको प्रशस्त पाण्डुलिपि र पुस्तकहरूको भण्डारको रूप (कारण) बाट "अनुसन्धान संस्थान" को रूपमा परिवर्तन हुँदै आयो । प्रतिवर्ष यस प्रतिष्ठानको स्वरूप विराट हुँदै आए र कार्यभार पनि बदल्दै रहे ।

लेनिनग्राड विश्वविद्यालय र एशियाई संग्रहालय एक आपसमा परिपूरक थिए कारण एशियाइ संग्रहालयका विद्वान कार्यकर्ताहरू नै विश्वविद्यालयका प्राच्यविद्या संकायका अध्यापकहरू थिए जसमा प्रमुख सेर्गेई ओल्देनवर्ग, थियोडर श्चेर्वात्स्की र मिखाइल तुव्यान्स्की (सन् १८९३-१९४३) हुनुहुन्थ्यो । यहाँहरूमा विशेषत: भारत र सुदूरपूर्वको संस्कृतिको बारेमा व्याख्यान (Lecture) सेर्गेई ओल्देनवर्गले दिन्थे । त्यस्ताका पेत्रोग्रादका प्राय: सम्पूर्ण बुद्धिजीवीहरू पूर्वको संस्कृतिमा दिलचस्पी राख्दथे ।

यसप्रकार महान प्राच्यविद् सेर्गेई ओल्देनवर्गले आफ्ना गुरूवर इभान पाभ्लोविच मिनायेफको कार्यलाई २० औं शताब्दीको तेस्रो चौथोदशकसम्म पुऱ्याई कयौं शिष्यहरू प्राच्यविद्याका उत्तराधिकारीको



Downloaded from http://dhamma.digital

रूपमा ल्याइसकेपछि सन् १९३४ मा ७१ वर्षको उमेरमा उहाँले आफ्नो इहलीला समाप्त गर्नुभयो। स्मरणीय छ, सन् १९३४ मैं उहाँले प्राच्यविद्या एवं भारतविद्या सम्बन्धी गर्नुभएको वैज्ञानिक क्रियाकलापको पचासौं जयन्ती (सन् १८८२-१९३२) को अवसरमा लेनिनग्रादबाट "सेर्गेई फ्योदोरोविच ओल्देनवर्ग अभिनन्दन-ग्रन्थ" प्रकाशित गरिएको थियो।

■

- सन्दर्भ -


१) भारतकी छवि - ग. बोगार्द लेविन र अ. विगासिन
हिन्दी अनुवादक - योगेन्द्र नागपाल,
प्रगति प्रकाशन, मास्को- १९८४

२) बौद्ध संस्कृति - महापण्डित राहुल सांकृत्यायन
आधुनिक पुस्तकभवन, कलाकार स्ट्रीट,
कलकत्ता- १९५२-५३

३) रूसी भाषामा बौद्ध साहित्य - कृष्ण प्रकाश श्रेष्ठ
"आनन्द भूमि" वर्ष-१३, अंक -१
(वैशाख, २०४२)

४) यूरोपय् नेपालभाषा - स्वयम्भूलाल श्रेष्ठ
नेपालभाषा निबन्ध पुचः
सम्पादक-इन्द्रमाली, पासा मुना,
असं, यें - ११०३


'आनन्दभूमि'
वर्ष-३०, अंक-१
(वैशाख, २०५९)



Downloaded from http://dhamma.digital



डा. काशीप्रसाद जायसवाल

(सन् १८८१-१९३७)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# डा. काशीप्रसाद जायसवाल

आधुनिक युगमा बुद्धको विचरण-भूमि भारतमा बुद्ध-धर्मप्रति विशेष दिलचस्पी (श्रद्धा) राख्नुभएका गत शताब्दीका केही विशिष्ट भारतीय विद्वानहरूमा डा. काशीप्रसाद जायसवाल (Dr. K.P. Jayaswal) लाई पनि एक प्रमुख व्यक्तिको रुपमा लिन सकिन्छ।

उहाँको जन्म २७ नवम्बर १८८१ का दिन बनारस र इलाहावादको बीचमा अवस्थित मिर्जापुर (उत्तर प्रदेश) को एक व्यापारी कुलमा भएको थियो। उहाँका पिता साहु महादेवप्रसाद जायसवालले शुरूमा उहाँको आमा एवं उहाँलाई उपेक्षा गरेको कारण केही वर्ष मामाघरमा बडो कष्टपूर्वक जीवन बिताएका थिए। पछि मात्र उनीहरूलाई बोलाइएको थियो।

त्यसताका महादेवप्रसाद जायसवाल चपडा (Shellac) को प्रमुख व्यापारी थिए। सो व्यापार चम्केको कारण ज्येष्ठपुत्र काशीप्रसादले मैट्रिक शिक्षा (लन्डन मिशन हाइस्कुल, मिर्जापुरबाट) पास गरिसकेपछि पिताको चपडा व्यापारमा सरिक हुनाको कारण पढाई नै छोडिदिए। वास्तवमा उहाँ बनारसको क्वीन्स कलेजमा भर्ना समेत भइसकेका थिए।

त्यसताका उहाँले मिर्जापुरस्थित सम्पूर्ण चपडा व्यापारीहरू सम्मिलित गराई एक चपडा संगठन (Shellac Association) खोलिएको थियो। सो चपडा संगठनमा एक दिन व्यापारीहरूको बीच आपसी



Downloaded from http://dhamma.digital

छलफल गरिएको बेला काशीप्रसाद जायसवालले त्यहाँ बहस् गरेको देखी एकजनाले भनिहाले- "बडे बैरिस्टर बने हुए है ।"

चपडा संगठनमा उठेको यस लवजले काशीप्रसाद जायसवाललाई "बैरिस्तर" नै बनी छाड्ने अठोट गराए। यसको निमित्त पिताले पनि पूर्ण सहमति दिए। अतः काशीप्रसाद जायसवाल २५ वर्षको उमेरमा श्रीमती सहित दुइवटा सन्तानलाई छोडी सन् १९०६ को अगस्तमा आफ्नो अधूरो उच्च शिक्षाको कारण एवं बैरिस्टर बन्न बेलायत (इङ्लैण्ड) प्रस्थान गर्नुभयो। त्यहाँ उहाँले बैरिस्टरीमात्र पास गर्नुभएन अक्सफोर्ड विश्वविद्यालय (Oxford University) बाट इतिहासमा एम.ए. पनि गर्नुभयो साथै Davis Chinese Scholarship प्राप्त गरी चीनीभाषा एवं साहित्यमा पनि प्रगाढ ज्ञान हासिल गर्नुभयो।

इङ्लैण्डमा ४ वर्षको अध्ययनकालमा काशीप्रसाद जायसवालले सिर्फ अध्ययनमा मात्र लाग्नुभएको थिएन त्यहाँ रहँदै आउनुभएका भारतीय देशभक्त लाला हरदयाल लगायत अन्य भारतीय क्रान्तिकारीहरूसित पनि सम्पर्क राखी हिन्दीमा भारतीय पत्रिकाहरूको निमित्त गर्मागर्म लेखहरू पनि पठाउँदै गरेका थिए जसको कारण आफ्नो अध्ययनकाल समाप्त गरी भारत फर्कनुअगाडि उहाँ पहिले श्रीलंका पुग्नुभएको थियो। त्यहाँबाट आफ्नो बारेमा भारतको खबर सुझबुझ गरी मात्र उहाँ सन् १९१० को जुलाई महिनामा भारत आउनुभएको थियो।

उहाँले अक्सफोर्डमा अध्ययन गरिरहेको बेला चीनी-साहित्यको अध्ययनको प्रमाण स्वरूप एक लेख त्यसैताका भारत पठाइएको थियो जुन पण्डित महावीरप्रसाद द्विवेदी (सन् १८५३-१९३८) को सम्पादनमा प्रकाशित "सरस्वती" पत्रिकामा सन् १९०७ मा प्रकाशित भएको थियो। लेखको विषय थियो- "चीन-जापान मे संस्कृत (बौद्ध) ग्रन्थ"। सो लेखमा



Downloaded from http://dhamma.digital

उहाँले ती दुवै देशमा बुद्ध-धर्म शुभारम्भ भएको समय, अक्सफोर्डको "बोडलियन पुस्तकालय" मा र जापानमा रहेका केही बौद्ध ग्रन्थहरूको नामावली, संस्कृत साहित्यमा फ्रेडरिक मैक्समूलर (सन् १८२३-१९००) को देन, अक्सफोर्डमा जापानका "शिशु (सुखावती)" नामक बौद्ध सम्प्रदायका बुन्जिओ नान्जिओ र कासावारा नामका दुइजना बौद्ध भिक्षुहरू सन् १८७९ मा संस्कृतभाषा एवं साहित्य अध्ययन गर्न आएको आदि कुरा बारे उल्लेख गरिएको थियो । सो लेख पछि पं. बनारसीदास चतुर्वेदीद्वारा सम्पादित "विशाल भारत" पत्रिका (वर्ष- १६, अंक-६, दिसम्बर १९३५) मा पनि छापिएको थियो ।

सन् १९१० मा भारत आइपुग्नुभएका बैरिस्टर काशीप्रसाद जायसवालले सोही वर्षमै कलकत्ता हाईकोर्ट (Calcutta High Court) मा वकालत कार्य शुरु गर्नुभएको थियो । वकालत कार्य (कानून) का आश्रय के.पी. जायसवालले केवल जीविकाको निमित्त मात्र लिनुभएको थियो । उहाँले आफ्नो हृदय वस्तुत: इतिहासको निमित्त समर्पित गरिसकेको थियो अत: उहाँलाई कलकत्ता विश्वविद्यालयका उपकुलपति सर आशुतोष मुकर्जी (सन् १८६४-१९२४) ले सो विश्वविद्यालयको इतिहास-विभागमा तुरुन्तै (भारत आगमनको लगतै) सामेल गराए ।

काशीप्रसाद जायसवालले कलकत्ता हाइकोर्टमा र कलकत्ता विश्वविद्यालयमा वकालत र अध्यापन कार्य गरी तत्सम्बन्धी अनेकौं लेखहरू "Calcutta Weekly Notes" नामक एक कानूनी सामयिक पत्रिकामा र "Modern Review" नामक अन्य एक प्रमुख कलकत्ताको मासिक पत्रिकामा धराधर प्रकाशित गरी उहाँले केही वर्ष मै आफ्नो प्रसिद्धि कमाइसकेका थिए ।



Downloaded from http://dhamma.digital

सन् १९१२ मा काशीप्रसाद जायसवालले प्राचीन भारतीय इतिहास सम्बन्धी एक लेख (निबन्ध) हिन्दी साहित्य सम्मेलनमा प्रस्तुत गर्नुभएको थियो सो लेखलाई अंग्रेजीमा अनुवाद गरी उहाँले सन् १९१३ मा "An Introduction to Hindu Polity" को नामबाट Modern Review" पत्रिकामा छपाइयो । सो लेखलाई अधिकांश देशी एवं विदेशी इतिहासकारहरूले प्रामाणिक मानेको सप्रमाण-उहाँहरूले आ-आफ्नो कृतिहरू के.पी. जायसवालको अनुसन्धान क्रम अनुरूप संशोधन गरी पुन: प्रकाशित गरेबाट स्पष्ट हुन्छ ।

काशीप्रसाद जायसवालका यूरोपीय लेखकमित्र विन्सेन्ट स्मिथ (Vincent Smith) र सर आशुतोष मुकर्जीको विशेष आग्रहमा उहाँले प्राचीन भारतीय शासन एवं शासन पद्धति (प्राचीन भारतीय इतिहास) को बारेमा विस्तारपूर्वक ३९ प्रकरणमा ४ परिशिष्टका साथ एक विशाल ग्रन्थ-अप्रिल, १९१८ मा (हस्तलिखित पाण्डुलिपि) तयार गर्नुभएको थियो । "Hindu Polity" को नामबाट सो ग्रन्थ सन् १९२४ मा प्रकाशित हुन आयो । सो ग्रन्थको हिन्दी अनुवाद केही वर्षपछि श्री रामचन्द्र वर्माले गर्नुभएको थियो त प्रकाशन "नागरीप्रचारिणी सभा, काशी" बाट सन् १९२७ को अन्तमा भएको थियो ।

स्मरणीय छ, काशीप्रसाद जायसवाल-सन् १९१४ मा कलकत्ताबाट पटना-हाइकोर्टमा आउनुभएको थियो । त्यसताका पटनाका प्रशासक Sir Edward Gait एक विद्वान एवं प्राचीन भारतीय इतिहासप्रेमी हुनाको कारण काशीप्रसाद जायसवाललाई एक सुयोग्य मित्र एवं समर्थक प्राप्त हुन आएको थियो । यसैको फलस्वरूप उहाँहरू दुवै जना मिली पटनामा सन् १९१५ मा Bihar and Orissa Research Society (विहार एवं उडिसा शोध संस्थान) स्थापना गरेको थियो साथै यसको एक Journal (पत्रिका) र पटना म्युजियम पनि स्थापना गरे ।



Downloaded from http://dhamma.digital

काशीप्रसाद जायसवालले लगातार १५ वर्षसम्म Journal of the Bihar and Orissa Research Society को सम्पादन कार्य बहन गर्नुभएको थियो साथै उक्त शोध संस्थान एवं पटना म्यूजियमको उत्तरोत्तर प्रगति गर्दै आउनुभएको थियो । उहाँले पटना आगमनको शुरुमा त्यहाँबाट प्रकाशित हुने "पाटलिपुत्र" नामक एक हिन्दी साप्ताहिकको पनि केही समय सम्पादन गर्नुभएको थियो ।

काशीप्रसाद जायसवालले प्राचीन भारतीय कानून, राजनीतिक इतिहास, प्राचीन शिलालेख, प्राचीन संस्कृत साहित्य, प्राचीन भारतीय कला एवं प्राचीन भारतीय मुद्रा आदि सम्बन्धी लेखिएका आफ्ना असंख्य गवेषणापूर्ण लेखहरू Journal of the Bihar and Orissa Research Society मा मात्र प्रकाशित गर्दै आउनुभएको थिएन Indian Antiquary, Journal of the Bengal Asiatic society, Journal of the Royal Asiatic society of London, Kashi-nagari pracharini patrika -(काशीनागरी प्रचारिणी पत्रिका) आदि अन्तरार्ष्ट्रिय पत्रिकाहरूमा पनि प्रकाशित गर्दै आउनुभएको थियो ।

सन् १९२५ मा काशीप्रसाद जायसवालको सम्पर्क एक यस्ता बहुप्रतिभाशाली साधुसित भएको थियो जो मैट्रिक वाला पनि थिएन तर पनि संस्कृतभाषा एवं साहित्यका धुरन्धर, बहुभाषिकको क्रममा पाली र अंग्रेजी भाषामा समेत (त्यसताका नै) व्याख्यान दिन सक्ने व्यक्ति भइसकेका थिए। राजनीतिमा लागि असहयोग आन्दोलन (जलियावाला-बाग काण्ड-६ अप्रिल १९१९ पश्चात्) मा लागेवापत ६ महिना बक्सर जेलमा (१३ फरवरी- ९ अगस्त १९२२) र छपरा जिल्ला कांग्रेसका मन्त्री बनिसकेपछि पनि दुइ वर्ष हजारीवाग जेलमा (अप्रिल १९२३-अप्रिल १९२५) रहिसकेका उक्त साधु थिए। उहाँ हुनुहुन्छ-रामोदरदास साधु (पछि महापण्डित राहुल साँकृत्यायन) ।



Downloaded from http://dhamma.digital

उहाँहरू दुइजनाको सम्पर्क हेतु थियो- बोधगयाको "महाबोधि चैत्य"। यस "महाबोधि चैत्य" लाई अंग्रेज सरकारले बर्मी राजवंशलाई खतम गरी आफ्नो हातमा लिइसकेपछि (सन् १८८५-८६) सारा विश्वका बौद्धहरूको प्रमुख तीर्थस्थल (बुद्धत्व प्राप्तिस्थल) हुनाको कारण बोधगया तिनीहरू (विदेशीहरू) को केन्द्रस्थल हुन जाने भय भारतस्थित ब्रितिस-शासनलाई हुनाको कारण ब्रितिश सरकारले स्थानीय अफिसर र गयाको जिला मजिष्ट्रेटसित सरसल्लाह गरी सो चैत्य वा बुद्धगया मन्दिर हिन्दू महन्तको हाथमा त्यसबेलानै सुम्पिदिएको थियो।

यसैको विरोधमा "महाबोधि सभा (स्थापना - १८९१ ई.) को मागलाई रामोदर साधुले समर्थन गरी आफू छपरा जिला कांग्रेसका मंत्री नियुक्त (२९ अक्टोबर १९२२) भएपश्चात् प्रान्तीय कांग्रेस कमिटिमा "बोधगया मन्दिर बौद्धहरूको हातमा सुम्पिने" मागलाई निकै बहस पश्चौत् प्रस्ताव स्वीकार गराउन सफल हुनुभएको थियो। सो प्रस्ताव त्यसताका गयामा सम्पन्न हुन लागेको "गया कांग्रेस अधिवेशन" मा पठाउने मंजुरी पनि गरेको थियो। तर दिसम्बर, १९२२ मा सम्पन्न भएको गयाको सो कांग्रेस अधिवेशनमा सो प्रस्तावलाई प्रमुख कांग्रेसी नेताहरूले वास्ता नगरेको कारण साधु रामोदरले सन् १९२३ को जनवरीमा जिल्ला-कांग्रेसको मन्त्री पदबाट राजीनामा नै दिए र स्वतन्त्रतापूर्वक डेढ महिना (मार्च-अप्रिल, १९२३) नेपाल भ्रमण गर्न आए।

यसयात्रा पछिको रामोदर साधुको दुइ वर्षको जेल निवासकालको अवधिभित्रमा सन् १९२५ को शुरूमा विहार प्रदेशको मुजफ्फरपुरमा सम्पन्न हिन्दू महासभामा अनागारिक धर्मपालको विशेष प्रयत्नमा बोधगया मन्दिरको बारेमा एक कमिटि बनाइएको थियो। यता कांग्रेसले पनि "बोधगया मन्दिर जाँच समिति" बनाई सोही सदस्यहरूलाई नियुक्त



Downloaded from http://dhamma.digital

गरिएको थियो । सो समितिमा रामोदर साधुका साथ अनागरिक धर्मपाल बाबू राजेन्द्रप्रसाद (पछि राष्ट्रपति) र काशीप्रसाद जायसवाल पनि सम्मिलित हुनुहुन्थ्यो । बाबू राजेन्द्रप्रसादको अध्यक्षतामा गठित ७ जनाको उक्त समितिले सन् १९२५ को नवम्बर-दिसम्बरमा गया र पटनामा बैठक बसी समितिका पदाधिकारीहरू बोधगया गई त्यहाँको गतिविधिका साथ बोधगया मन्दिरको बारेमा लेखिएको पुराना र नयाँ सम्पूर्ण साहित्यहरूको अध्ययन-मनन गरी काशीप्रसाद जायसवालको तर्फबाट केही विशेष परामर्शहरू लिई रिपोर्ट तयार गरिएको थियो । पछि समितिका अधिकांश सदस्यहरूको रायअनुरूप मन्दिरको प्रबन्ध बौद्धहरू र हिन्दूहरू सम्मिलित एक संयुक्त समिति बनाई त्यसैको तर्फबाट बोधगया महाचैत्यको प्रबन्ध गरिइने निर्णय गरियो ।

यसप्रकार काशीप्रसाद जायसवाल र रामोदर साधुको सम्पर्क बोधगया चैत्यको सन्दर्भबाट हुँदै आएको थियो त उहाँहरूको बीच घनिष्ठ सम्बन्ध सन् १९३३ मा स्थापित भयो । यस अवधिभित्र (सन् १९२५-३३) मा रामोदर साधु संस्कृत अध्यापकको रूपमा श्रीलंका पुगी "त्रिपिटकाचार्य" भई, पहिलो तिब्बतयात्रा (सन् १९२९-३०) समेत सम्पन्न गरी, भिक्षु राहुल सांकृत्यायन बनी यूरोपयात्रा (सन् १९३२) समेत सम्पन्न गरी स्वदेश पुगिसकेका थिए ।

यसै अवधिभित्रमा भिक्षु राहुल सांकृत्यायनको काशीप्रसाद जायसवालसित यूरोपबाट पनि पत्र व्यवहार भइसकेको थियो । आफ्नो पत्रको जवाफ काशीप्रसाद जायसवालले बडो आत्मीयताका साथ पठाएको बारेमा राहुल सांकृत्यायन उल्लेख गर्नुहुन्छ –

"मैने श्री काशीप्रसाद जायसवाल के पास पत्र लिखा था, जिसका उत्तर इतना आत्मीयता भरा हुआ था, कि मुझे उसकी कभी आशा नही



Downloaded from http://dhamma.digital

हो सकती थी। मैं उनकी विशाल कोठी, भारी साहेबी ठाटको देख चुका था। और वह मेरे भारतमे प्रत्यागमनका स्वागत और स्नेहपूर्ण निमन्त्रण भेजते हुए लिख रहे थे, अब तो मैं भी दुनियाँ से ऊब गया हूँ, और चाहता हूँ बुद्धका भिक्षु बनूँ।"

सन् १९३३ को शुरूमा भिक्षु राहुल साँकृत्यायनले भारतको सुन्तानगंज (भागलपुर) मा रही "गंगा" नामक पत्रिकाको "पुरातत्त्वांक" का सम्पादक भई एक-डेढ महिना रही ९ मार्च १९३३ का दिन जायसवालजीको बंगला (पटना) मा आइपुग्नुभएको थियो।

सन् १९३३ को अक्टोबरमा भागलपुरमा काशीप्रसाद जायसवालको अध्यक्षतामा "विहार प्रादेशिक हिन्दी साहित्य सम्मेलन" सम्पन्न भएको थियो त दिसम्बर महिनामा बडौदा (गुजरात प्रदेश) मा सम्पन्न छैठौं भारतीय प्राच्य सम्मेलन (The 6 the Indian oriental conference) पनि काशीप्रसाद जायसवाल कै अध्यक्षतामा सम्पन्न भएको थियो। यी दुवै सम्मेलनमा जायसवालका साथ भिक्षु राहुल साँकृत्यायन पनि सम्मिलित हुनुहुन्थ्यो। अझ बडौदा सम्मेलनमा हिन्दी विभागका अध्यक्ष राहुल साँकृत्यायनलाई नै नियुक्त गरिएको थियो। यी सम्मेलनहरूको दौरानमा उहाँहरू दुवै एक साथ अजन्ता-एलौरा, कार्ला-भाजा-एलिफेंटा (बम्बई), अहमदावाद, आबू-अजमेर आदि ठाउँको पनि यात्रा गरेको थियो।

सन् १९३३ मा काशीप्रसाद जायसवालको एक प्रमुख कृति पनि प्रकाशित भएको थियो, त्यो हो "History of India 150 A.D. - 350 A.D" । उहाँले यस ग्रन्थबाट भारतको इतिहासमा 'अन्धकारको युग' भनिने उक्त समयलाई नै उजागर (प्रस्तुत) गर्नुभएको थियो। यस कृतिको हिंन्दी अनुवादको नाम, अनुवादक रामचन्द्र वर्माले "भारतवर्षका अन्धकार युगीन इतिहास" को रूपमा नै प्रस्तुत गरेका थिए। सन् १९३४



Downloaded from http://dhamma.digital

मा काशीप्रसाद जायसवालको अन्य कृति पनि प्रकाशन भयो, त्यो हो "An Inperial History of India". ।

स्मरणीय छ, सन् १९३४-३५ मा काशीप्रसाद जायसवालले पुन: एकपटक इङ्लैण्डको यात्रा गर्नुभएको थियो । सन् १९३५ को मध्येमा उहाँलाई लन्डनमा "Royal Asiatic Society" को तर्फबाट भारतीय इतिहास, मौर्यकालीन मुद्रा आदि गहन विषयमा व्याख्यानको निमित्त निमन्त्रण पनि दिइएको थियो ।

सन् १९३५ को दिसम्बर महिनामा मैसुर (कर्णाटक राज्य) मा सम्पन्न हुन लागेको "सातौं भारतीय प्राच्य सम्मेलन" मा सम्मिलित हुन काशीप्रसाद जायसवाल लन्डनबाट भारत आइपुग्नुभएको थियो । यसको केही महिना पछि उहाँको विशेषत: भारतीय इतिहास सम्बन्धी लगातार २५ वर्ष सम्मको मौलिक विस्तृत अनुसन्धान कार्य गर्नुभएको कदरस्वरूप २८ मार्च १९३६ का दिन पटना विश्वविद्यालयले उहाँलाई पी.एच-डी. को उपाधि प्रदान गरेको थियो । यसको केही दिनपछि अर्थात १ अप्रिल १९३६ का दिन डा. काशीप्रसाद जायसवाल यसको डेढ महिना अगाडि नै तेस्रो तिब्बतयात्राको दौरानमा नेपाल (काठमाडौं) पुगी सक्नुभएका भिक्षु राहुल सांकृत्यायन र उहाँको एक हितैषी राणा राजगुरू पं. हेमराज शर्मा (सन् १८७८-१९५३) को विशेष प्रयत्नमा राजअतिथि कै रूपमा नेपाल भ्रमण गर्न आइपुग्नुभयो ।

डा. काशीप्रसाद जायसवालले झण्डै दुइ हप्ता (१२ दिन) नेपालमा रही विशेषत: उपत्यकाका अनेकौं धार्मिक एवं ऐतिहासिक स्थलहरूको अवलोकन बडो गम्भीरताका साथ गर्नुभयो । नेपालबाट भारत फर्की उहाँले यस सम्बन्धमा एक वक्तव्य पनि दिनुभयो र यस यात्रा सम्बन्धमा "Nepal chronology" शिर्षकबाट नेपालको राजवंशावली सम्बन्धी



Downloaded from http://dhamma.digital

एक गहन एवं विस्तृत लेख सोही समय "Journal of the Bihar and Orissa Research Society" मा प्रकाशित गरेको थियो । विशेषत: सो लेखमा उहाँले नेपालमा जहाँतहीं खंडित मूर्ति पाएको, स्वयम्भू चैत्यको एक कुनामा जयार्जुनदेवको शिलालेखमा एवं दरबार पुस्तकालयमा रहेको नेपालको राजवंशावलीमा समेत ने.सं. ४७० (सन् १३५०) मा बंगालका सुलतान शमसदीन नेपालमा आइ कयौं देवालयहरू तोडेको कुरा उल्लेखभएबाट नेपाल पनि मुस्लिम आक्रमणबाट नबचेको कुरा उल्लेख गर्नुभएको थियो ।

डा. काशीप्रसाद जायसवालले नेपालयात्रा गरी फर्कनुभएको डेढ महिनापछि ३१ मई १९३६ का दिन बाबू राजेन्द्र प्रसाद र प्रो. जयचन्द्र विद्यालंकारसित सरसल्लाह गरी "भारतीय इतिहास परिषद" को स्थापनार्थ सरसल्लाह गरेका थिए । स्मरणीय छ, प्रो. जयचन्द्र विद्यालंकारको कृति "भारतीय इतिहास की रूपरेखा" को सम्पूर्ण पाण्डुलिपि काशीप्रसाद जायसवालले पुन एकपटक सन् १९३१ को जुलाईमा पूर्ण अध्ययन गरिसकेपछि मात्र केही संशोधन एवं समालोचनाका साथ सन् १९३३ मा प्रकाशन गरिइएको थियो ।

अन्य स्मरणीय कुरा, पुरातत्त्वज्ञ एवं इतिहासकार-काशीप्रसाद जायसवाललाई त्यसताका दुईपटकसम्म भारतीय मुद्राशास्त्रीहरूको सभा (The Numismatic Society of India) ले अध्यक्षता नियुक्त गरिएको थियो त त्यस सम्बन्धमा दिइने विशेष उपाधि पनि प्रदान गरिएको थियो । यस्तै सन् १९३० मा उहाँलाई बडौदाका महाराजा सयाजीराव गायकवाडले "Gaekwad Golden Jubilee medal" प्रदान गरिएको थियो, त्यसबेला सो उपाधि (विद्वता स्वरूप प्रदान गरिने) पाउने व्यक्ति सिर्फ ३ जना मात्र थिए । उहाँहरू थिए- काशीप्रसाद जायसवाल, रवीन्द्रनाथ टैगोर र सि.भी रमण ।



Downloaded from http://dhamma.digital

अफशोच। डा. काशीप्रसाद जायसवालले आफ्नो योग्यता अनूरूप थप कार्य गर्न नपाउँदै, आफ्नो देश अंग्रेजको गुलामबाट मुक्त भएको हेर्न नपाउँदै-यसको एक दशक अगाडि नै ४ अगस्त १९३७ का दिन सिर्फ ५७ वर्षको उमेरमा आफ्नै निवास स्थान पटनामा महाप्रयाण गर्नुभयो।

अन्तमा, पुन: एक पटक डा. काशीप्रसाद जायसवालको व्यक्तित्व एवं स्वभावको जानकारी महापण्डित राहुल साँकृत्यायन (सन् १८९३-१९६३) को कथनबाट स्पष्ट पारौं–

"जायसवालजी विद्या मे लिखने-बोलनें मे प्रवीण रहे, वह राजनीति से अलग रहे। इतना होते हुए भी वह हाइकोर्ट-जजया किसी दूसरे पद पर क्यों नही गये ? किसी समय वह अधिकारियोंको भले प्रसन्न करना चाहते हो, किन्तु खुशामद उनके स्वभाव में नहीं थी। स्वाभिमान की मात्रा बहुत अधिक है। गर्म मिजाज है। अच्छी प्रैक्टिस होने पर भी रूपया नहीं जमा कर पाये, क्योंकि मितव्ययिता जानते ही नही। घर पर, घर के सामान पर, लडकों पर यार दोस्तों पर आँख मुंदकर खर्च करते रहे।"

■

– सन्दर्भ –


१) जिनका मैं कृतज्ञ - राहुल साँकृत्यायन
- किताब महल, इलाहाबाद - १९५७

२) मेरी जीवन यात्राभाग १,२ - राहुल साँकृत्यायन
- १ आधुनिक पुस्तक भवन, कलकत्ता- १९५१
- २ किताब महल, इलाहाबाद - १९५१

३) संस्मरण और श्रद्धांजलियाँ - रामधारीसिंह दिनकर
उदयाचल, राजेन्द्रनगर, पटना- १९६९

४) Hindu Polity - Kashi Prasad Jayaswal
- The Banglore Printing and Publishing Co. Ltd., Banglore city-1955




Downloaded from http://dhamma.digital

# भिक्षु उत्तम महास्थविर

२० औं शताब्दीमा बुद्धको विचरण-भूमि भारतमा बुद्ध धर्म सुप्रतिष्ठित पार्न विशेष योगदान दिन आउनुभएका केही विदेशी भिक्षुहरूमा भिक्षु उत्तम (Rev. Ottama Bhikkhu) पनि प्रमुख रूपमा हुनुहुन्छ ।

उहाँको जन्म १९ औं शताब्दीको उत्तरार्द्धमा बर्माको अक्याब (Akyab) मा भएको थियो । आफ्नो देश बर्मा (म्यानमार) मा यौवनावस्था मै प्रायः सम्पूर्ण आवश्यकीय शिक्षा -दीक्षा (प्रव्रज्या एवं उपसम्पदा) प्राप्त गरी बुद्धका संवेजनीय स्थलहरूको अवलोकनको निमित्त १०० जना जति बर्मी भिक्षुहरूको नेतृत्व गरी उहाँ सन् १९२२ मा भारत भ्रमणमा आउनुभएको थियो ।

त्यसताका (डिसेम्बर, १९२२ ई.) विहार प्रदेशको गयामा काँग्रेसको अधिवेशन भइरहेको थियो । सो अधिवेशनमा उहाँले हिन्दू-महन्तको हातमा परिरहेको बुद्धगया मन्दिर (चैत्य) बौद्धहरूको हातमा सुम्पिनुपर्ने माग (प्रस्ताव) राख्नुभएको थियो । त्यस प्रस्तावको समर्थनमा त्यसताका बौद्ध विचारद्वारा प्रेरित छपरा जिल्ला काँग्रेसका मन्त्री रामोदरदास साधु (पछि महापण्डित राहुल सांकृत्यायन) को पनि विशेष हात थियो ।

भिक्षु उत्तम बर्माका सुप्रसिद्ध धार्मिक नेतामात्र थिएनन् बर्मा स्वतन्त्रताका पक्षधर नेता पनि हुनुहुन्थ्यो । उहाँको सम्पर्क भारतका केही प्रतिष्ठित नेताहरूसित पनि रहेको फलस्वरूप उहाँ पनि भारतीय काँग्रेस



Downloaded from http://dhamma.digital



भिक्षु उत्तम महास्थविर

(सन् १८८५/९०-१९३९)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

कमिटिका एक सदस्य रहिसक्नुभएको थियो । उहाँ पनि धेरै काँग्रेस सम्मेलनहरूमा सम्मिलित हुँदै आउनुभएको थियो । सन् १९२७ को डिसेम्बर महिनामा मद्रासमा सम्पन्न काँग्रेस सम्मेलनमा पनि उहाँ सम्मिलित हुनुभएको थियो । त्यसै मद्रास काँग्रेस सम्मेलनको बेला साधु विश्वनाथदाससित उहाँको पहिलो सम्पर्क भएको थियो । त्यसताका साधु विश्वनाथदास बौद्धभावना लिई (साधु रामोदरको प्रेरणाबाट) "मद्रास काँग्रेस" पश्चात् श्रीलंका जाने धुनमा सहभागी हुन आएका थिए । मद्रास काँग्रेस सम्मेलनपश्चात् साधु विश्वनाथदासले भिक्षु उत्तमसित भेटघाट गरी आफ्नो मनसाय (बुद्ध-धर्म अध्ययनार्थ श्रीलंका जाने) व्यक्त गरेका थिए । साधु विश्वनाथदासको आशय थाहापाउनासाथ भिक्षु उत्तमले उहाँलाई आफूसँगै बर्मा जान सल्लाह दिनुभएको थियो साथै सम्पूर्ण खर्च आफैले व्यवस्था गरिदिने कुरा पनि उठाइएको थियो, तर साधु विश्वनाथदासले सिंहल (श्रीलंका) जान दृढ निश्चित गरिसकेको र सिंहलमा आफ्नो सम्पूर्ण पठन-पाठनको प्रबन्ध साधु रामोदरदास (मई, १९२७ मा संस्कृत अध्यापकको रूपमा विद्यालंकार परिवेणमा पुगिसकेका) ले गरिसकेको कुरा अवगत गराए । अतः साधु विश्वनाथदासले भिक्षु उत्तमसित केही आर्थिक सहयोगमात्र लिई रामेश्वरम् हुँदै सन् १९२८ को जनवरीको पहिलो हप्तामै श्रीलंका पुगे र महिना दिनपछि १० फरवरी १९२८ का दिन विद्यालंकार परिवेणकां प्रधानाचार्य लु. धम्मानन्द नायक महास्थविर समक्ष प्रव्रजित भई वर्ष दिनपछि उपसम्पन्न पनि भई "भदन्त आनन्द कौशल्यायन" हुनुभएको थियो ।

सन् १९२७ को डिसेम्बर महिनामा मद्रास काँग्रेसपश्चात् बर्मा जानुभएका भिक्षु उत्तम महास्थविर ६ महिनापछि पुनः १७ जून १९२८ का दिन कलकत्ता पुग्नुभयो । त्यसताका नेपालका बौद्धपण्डित धर्मादित्य



Downloaded from http://dhamma.digital

धर्माचार्य (सन् १९०२-६३) ले बंगालका बौद्धविद्वान् बेणीमाधव बरूआ (सन् १८८८-१९४८) सित सहयोग लिई "Buddhist India" नामक एक अंग्रेजी त्रैमासिक पत्रिका सम्पादन एवं प्रकाशन गर्दै आउनुभएको थियो । सोही पत्रिकाको VOL. II, NO. -2 (JUNE, 1928) मा सम्पादक द्वयद्वारा भिक्षु उत्तमको सन्देश प्रकाशित गरिएको थियो, जुन सन्देशमा उहाँले देश उत्थानको निमित्त धार्मिक, शैक्षिक एवं आर्थिक उन्नतिमा विशेष ध्यान दिनुपर्ने कुराको साथै भारत र बर्माको सांस्कृतिक सम्बन्ध २000 वर्ष अगाडिदेखि रहँदै आएको, भारतीय बौद्ध संस्कृतिबाट बर्मा प्रभावित भएको र आफ्नो देश (बर्मा) को कला, साहित्य र इतिहास निर्माणमा पनि पवित्र बुद्धभूमि भारतको प्रभाव भएबाट बर्मा सदा भारतप्रति ऋणी भएको कुरा पनि उल्लेख गरिएको थियो ।

भारतमा दुई हप्ता रही भिक्षु उत्तम महास्थविर केही बर्मी र सिंहली युवाहरूलाई साथ लिई ३० जून १९२८ का दिन जापान प्रस्थान गर्नुभएको थियो । जापानमा डेढ वर्षजति रहनुभई भिक्षु उत्तम पुनः भारत फर्कनुभयो र बम्बईस्थित ए.एल.नायर (A.L.Nair) नामक एक मेडिकल डाक्टरको आतिथ्यमा रहनुभयो । स्मरणीय छ, डा. नायरले सन् १९२२ मा एक बौद्ध संस्था स्थापना गर्नुभएको थियो भने सन् १९३१ मा आफ्नै अस्पतालको भूमि (क्षेत्र) मा "आनन्द विहार" नामक एक बुद्ध विहार निर्माण गर्नुभएको थियो । उहाँले सन् १९३३ देखि "बुद्ध-प्रभा" नामक एक पत्रिका पनि प्रकाशन गर्दै आउनुभएको थियो । उहाँकै तर्फबाट सर्वप्रथम बम्बईमा "वैशाख-पूर्णिमा महोत्सव" मनाउँदै त्यसलाई निरन्तरता दिँदै आउनुभएको थियो । डा.नायरका मित्रहरूमा एन्.के. भागवत (N.K Bhagawat) ले उपर्युक्त बौद्ध संस्थामा "धम्मपद" को कक्षा संचालन गरेको थियो भने के.ए. पाध्याय (K.A. Padhye) ले



Downloaded from http://dhamma.digital

डा. नायरको मृत्यु (सन् १९३४) पश्चात् उहाँको "बुद्ध-प्रभा" लाई यथावत् प्रकाशन गर्दै रहे। पछि डा. नायर द्वारा निर्मित "आनन्द विहार" महाबोधि सभाको संरक्षणमा दिइयो।

उपर्युक्त डा. नायरको आतिथ्यमा वा "आनन्द विहार" मा केही वर्ष रही भिक्षु उत्तम महास्थविर महाराष्ट्र प्रदेशबाट उत्तर प्रदेशमा जानुभयो। त्यसैताका (मई, १९३५) भारतका एक सुप्रसिद्ध सेठ जुगल किशोर बिडला (सन् १८८३-१९६७), जो हिन्दू-बौद्ध एकता प्रदर्शन गर्नेका एक महान् पक्षधर थिए को विशेष प्रयत्नमा कानपुरमा सम्पन्न हुन गइरहेको "अखिल भारतीय हिन्दू महासभा" को १६ औं अधिवेशन भिक्षु उत्तमको अध्यक्षतामा सम्पन्न गराइएको थियो।

भिक्षु उत्तम महास्थविरले बौद्ध-धर्मका अनेक पक्षलाई समस्त भारतीय हिन्दूहरूलाई अवगत गराउने हेतु निर्भीकरूपमा त्यसको अध्यक्षता ग्रहण स्वीकार गरी उक्त हिन्दू महासभाको अधिवेशनमा भारत लगायत श्रीलंका, बर्मा, जापान आदि देशका बौद्धहरूलाई पनि विशेष रूपमा सम्मिलित गराई अधिवेशन सम्पन्न गराउनुभएको थियो। सो हिन्दू महासभाको अधिवेशनमा भदन्त आनन्द कौशल्यायन (सन् १९०५-८८) पनि सम्मिलित हुनुहुन्थ्यो। उक्त अधिवेशनको बारेमा उहाँलाई यथार्थ जानकारी थियो। बुद्धगयाको प्रश्नको प्रसंगमा उहाँ उल्लेख गर्नुहुन्छ–

"अधिवेशन हो रहा था। कार्यसमितिमे अथवा हिन्दू सभा मे बुद्धगयाका प्रश्न उपस्थित था। बौद्ध होने से उन (भिक्षु उत्तम) की स्वाभाविक सहानुभूति ही नहीं, उनका हृदय बौद्ध माँग के साथ था, किन्तु हिन्दू महासभा के अध्यक्ष की हैसियत से वे तटस्थ रहने के लिए मजबूर थे। बडी विषम परिस्थिति थी। तब उन्होने एक कथा सुनाई। बोले -



Downloaded from http://dhamma.digital

'एक शेर था । वह प्राय: जानवरोंको अपना मुँह सुघाता और उनसे पूछता कि उसके मुँह से सुगन्ध आ रही या दुर्गन्ध ?' कोई डर के मारे कह देता कि आप के मुँह से सुगन्ध आ रही है । शेर उसे डाँटता । मैं दिनभर जानवरोंको मार-मार कर खाता रहता हूँ । मेरे मुँह से सुगन्ध कैसी आ सकती है ? और वह उसे खा जाता । कोई जानवर साफ-साफ कह देता कि मुँह से दुर्गन्ध आ रही हैं, तब शेर गर्ज उठता- मैं जंगलका राजा, मेरी मुँह से दुर्गन्ध आ सकती है ? वह उसे भी खा जाता । एक गीदड (स्याल) ने सोचा क्या किया जाय, दोनों तरह जान जाती है । शेर ने उससे भी पूछा-मेरे मुँह से सुगन्ध आ रही है या दुर्गन्ध ? गीदड बोला- हुजूर ! मुझे तो जुकाम हो रहा है । पता ही नहीं लगता कि आपके मुँह से सुगन्ध आ रही है या दुर्गन्ध । सब लोग खिलखिला कर हँस पडे । सभी भिक्षु उत्तमकी इस चतुराई पर प्रसन्न थे कि उन्होने अध्यक्ष की तटस्थता की रक्षा करते हुए अपना मत भी व्यक्त कर ही दिया ।"

यस्तै भिक्षु उत्तम हिन्दू महासभाको अध्यक्ष भइरहेकै बेलाको कुरा हो-दिल्लीका एक प्रसिद्ध आर्यसमाजी नेता लाला नारायणदत्तको आतिथ्यमा रहँदै थिए कि एक दिन लालाजीले उहाँलाई एक चित्र देखाई भनेका थिए–

"देखिए भिक्षुजी ! इस चित्र में राम, कृष्ण और अन्य अवतारों के साथ बुद्धका भी चित्र है ।"

लालाजीले सोचेको थियो कि भिक्षुजी प्रसन्न हुनेछ तर जवाफ आयो– "क्या खाक है । एक योगीको कामभोगियों के साथ ले जा बिठाया है ।"



Downloaded from http://dhamma.digital

यसप्रकार हिन्दू महासभाका अध्यक्ष भिक्षु उत्तमको आफ्नै स्पष्ट राय थियो ।

त्यसबेला (सन् १९३५-३६) सम्ममा भारतमा पाली त्रिपिटक देवनागरी लिपिमा कुनै पनि सुलभ थिएन । अत: भिक्षु उत्तमले आफ्नी आमाबाट बुद्धधर्म प्रचारको निमित्त प्रदान गरिएका सम्पूर्ण रकम भारतमा पाली त्रिपिटक देवनागरी लिपिमा प्रकाशनको निमित्त खर्च गर्न चाहे । उहाँको सो मनसाबलाई उहाँकै प्रेरणा एवं आग्रहबाट भिक्षु राहुल साँकृत्यायन (भिक्षुत्वकाल, सन् १९३०-३७) ले भदन्त आनन्द कौशल्यायन र भिक्षु जगदीश काश्यपलाई साथ लिई पाली साहित्य देवनागरी लिपिमा सम्पादन गर्दै लगे । उहाँहरूले त्यसबेला सुत्तपिटकको खुद्दक निकाय अन्तर्गत रहेका १५ वटा ग्रन्थहरूमा जातक, निद्देश, पटिसम्भिदामग्ग र अपदानबाहेक सम्पूर्ण ग्रन्थहरूको सम्पादनकार्य पूर्ण गरी सन् १९३७ (बु.सं. २४८१) मा प्रकाशित गराए । सो कृतिहरूमा "राहुल सङ्किचानेन, आनन्द कोसल्लानेन, जगदीसकस्सपेन च सम्पादितो" भनी उल्लेख गरिएको थियो भने प्रकाशकको रूपमा "उत्तमभिक्खुना पकासितो" भनी उल्लेख गरिएको छ । स्मरणीय छ, भिक्षु उत्तमले सन् १९३५ मा दीघनिकायको प्रथम सुत्त "ब्रम्हजाल-सुत्त" को पनि अलग्ग प्रकाशित गर्नुभएको थियो ।

अफशोच । यसप्रकार झण्डै दुइदशकसम्म भारतीय राजनैतिक कार्यकर्ता, बौद्ध एवं अन्य धार्मिक व्यक्तित्वहरूसित घनिष्ठ सम्पर्क राख्दै आउनुभएका पूज्यपाद भिक्षु उत्तम महास्थविरको देहावसान ९ सेप्टेम्बर १९३९ का दिन आफ्नै मातृभूमि बर्मा मै भयो ।

अन्तमा, उहाँको व्यक्तित्व एवं अन्तिम स्थितिको बारेमा पुन: एकपटक भदन्त आनन्द कौशल्यायनको शब्दमा स्पष्ट पारौं –



Downloaded from http://dhamma.digital

"उन्होने बर्मा के सार्वजनिक जीवनको प्राय: हरतरह से उभारनेका प्रयत्न किया था। जनता के प्रियभाजन होने के हिसाब से तो वे बर्मा के गान्धी थे। चलते ते तो स्त्रियाँ अपने सिर के बाल उनके पैरों के नीचे बिखेर देती थी; बडे ही आदरणीय, बडे ही स्पष्ट वक्ता।

किन्तु हायरी छलना राजनीति। उनके अन्तिम दिन बडे दु:खमय बीते। बर्माके दो राजनैतिक दलोंमें से एकके साथ उन्होने जन्म भर दिया। अन्तिम दिनों मे उसे छोडकर दूसरे दल मे सामिल हो गये। जिसे छोड दिया था वह दल जित गया, जिसमे सामिल हुए वह दल हार गया। भिक्षु उत्तम कहीं के न रहे।

किन्तु उनका जब शरीरान्त हुआ बर्मी जाति ने उनके प्रति वही गौरव प्रदर्शित किया जिसके वे अधिकारी थे।"

■

- सन्दर्भ -


१. 'धर्मदूत' - वर्ष-१, अंक-१ (मई, १९३५)

२. Buddhist India - Vol-II, No 2 (June, 1928)

३. भिक्षु उत्तम - भदन्त आनन्द कौशल्यायन
- "धर्मदूत" वर्ष १५, अंक ४ (अगस्त, १९५०)

४. भिक्षु उत्तम - रत्नसुन्दर शाक्य
"विश्व शान्ति", वर्ष - १०, अंक -१०
(वि.सं. २०५७/बु.सं. २५४४)
"ज्योति उदय"
अंक -१०
(बु.सं. २५४७ - वि.सं. २०६०)




Downloaded from http://dhamma.digital



मानदास उपासक

(सन् १९००-७५)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# मानदास उपासक

आधुनिक युगमा नेपालमा स्थविरवाद बुद्ध-धर्म र नेपालभाषा-साहित्य पुनरुत्थान गर्नमा विशेष टेवा दिनुभएका व्यक्तिहरूमा उपासक मानदास तुलाधर पनि एक प्रमुख व्यक्ति हुनुहुन्छ।

उहाँको जन्म वि.सं. १९५७ साल भाद्र महिनाको कायाष्टमीका दिन काठमाडौंको असन कमलाक्षी टोलमा भएको थियो। उहाँ त्यसताकाका एक प्रमुख सेँठ रत्नदास तुलाधर एवं लक्ष्मीशोभा तुलाधरका कनिष्ठ पुत्र हुनुहुन्छ।

बाल्यकाल सम्पन्नतामा बिताउनुभएका मानदास तुलाधरले आफ्नो युवावस्थाको उमेरमा धूर्त राणाप्रधानमन्त्री श्री ३ चन्द्रशम्शेर (राज्यकाल, सन् १९०१-२९) को चक्रव्यूहमा परी आफ्ना पिता रत्नदास तुलाधर एवं आफ्ना सम्पूर्ण खानदान (परिवार) को दुर्गति देख्नुपरेको थियो कारण रत्नदास तुलाधर नेपालको राणासरकारका एक प्रमुख ठेकेदार हुनुहुन्थ्यो। उहाँको सम्पन्नतामा ईर्ष्यालुहरूको षड्यन्त्रमा स्वयम् श्री ३ चन्द्रशम्शेर समेत सम्मिलित भई रत्नदास तुलाधरको दुर्गति चरमसीमामा पुऱ्याएको थियो।

रत्नदास तुलाधरलाई दुर्गति अवस्थामा पुऱ्याउनुमा षड्यन्त्रकारीरूको मात्र हात थिएन आफ्नै पुत्रहरूले पनि सहयोग गरेको बारेमा मानदासका परिचित मित्र महापण्डित राहुल सांकृत्यायन (सन् १८९३-१९६३) बताउनुहुन्छ -



Downloaded from http://dhamma.digital

"उस समय ल्हासामें रत्नदान साहूकी कोठी मौजूद थी और उससे परिवारको सहारा मिल सकता था, लेकिन बडे लडके आशारत्न ने मदिरा और मदिरिक्षणा के ऊपर चौपत कर दिया किन्तु हालत संभालने मे साहूके जेठे लडके ही नहीं, बल्कि मझले (माहिला) भवानीरत्न भी भारी बाधक थे। उन्होने एक दूसरी जाति की रखेल रख ली थी, और बापके समय खूब पैसा उडाते रहे। वह अपनी पत्नी अर्थात् धर्मरत्न ('यमि') की मां को बहुत उपेक्षित रखते। वह बेचारी अपने लडको के लिए किसी तरह मायके में जीवन बिताती थी।"

यस किसिमले विभिन्न तर्फबाट रत्नदास तुलाधरको दुर्गतिमात्र होइन सन् १९२२ (ने.सं. १०४१) मा निधन समेत भयो जसको कारण उहाँका ४ जना पुत्रहरू (आशारत्न, भवानीरत्न मानदास र हर्षदास) फुटपाथ (आदमी सडकका) का व्यक्तिहरू सरह हुन गए। तसर्थ चारै जना पुत्रहरू आ-आफ्नो बाटोमा लागे। मानदास तुलाधर (विवाह वि.सं. १९७१-७२) पनि आफू एवं परिवारको गुजाराको निमित्त कामको खोजीमा ल्हासा (तिब्बत) समेत पुग्नुभएको थियो तर त्यहाँ पनि स्थिति ठीक भएन अत: वहाँ कालिम्पोङ्ग फर्कनुभयो। कालिम्पोङ्गमा एक डेढ वर्ष साइकल बालिगरी दिने काम गरेर पनि केही फाइदा देखिन नआएको कारण उहाँ कालिम्पोङ्गबाट दार्जिलिङ्ग पुग्नुभयो। दार्जिलिङ्गमा एक दुई वर्ष आफ्ना मित्र नारायणदास श्रेष्ठको घरमा रही काम गर्नुभयो। त्यहाँबाट पनि आफ्नो आर्थिक समस्या ठीक नभएको कारण काठमाडौंमै फर्कनुभएको थियो।

वि.सं. १९८९ सालमा उहाँका भान्जा चित्तधर तुलाधर (पछि 'कविकेशरी' चित्तधर 'हृदय') दोस्रो पटक कलकत्ता गमनको निमित्त भेट्न आउनुभयो। आफ्ना भान्जालाई दीनहीन अवस्थाकाबारे अवगत



Downloaded from http://dhamma.digital

गराई कलकत्ता पुग्नासाथ १२ जापानीज बाइस्कलहरू किनी पठाइदिन रू. ३६०।- प्रदान गर्नुभएको थियो ।

चित्तधर तुलाधर (वि.सं. १९६३-२०३९) लै पनि कलकत्ता पुगी आफ्नो मामाको अर्डर मुताबिक १२ वटा साइकल किनी पठाइ दिनुभएको थियो । त्यसबेला जापानीज साइकल एउटाको रु. ३०।- मात्र परेको थियो तर मानदास तुलाधरलाई रू. ३६०।- जम्मा गर्न आ-आफ्नो गहना समेत सारा सम्पत्ति प्रदान गरेको सरह नै हुन गएको थियो ।

चित्तधर तुलाधर पनि कलकत्ताबाट फर्कनुभएपछि आफूले मामासँग पार्टनरसीप लिई साइकल पसल राख्ने अठोट लिएको कुरा मानदास तुलाधरलाई सुनाउनुभयो जसलाई मामाचाहिँले सहर्ष स्वीकार गरेको परिणामस्वरूप पसलको नाम नै "मानदास-चित्तधर" रहन गएको थियो ।

"मानदास-चित्तधर" को नामबाट साइकलपसल स्थापना गरेको केही महिनापश्चात् चित्तधरको प्रस्तावअनुसार साइकल पसलमा किताबको बिक्रीकार्य पनि हुँदै आयो जसको निमित्त चित्तधर तुलाधर यत्रतत्र पुग्नुभई बिक्रीको निमित्त किताब संकलन गरेर ल्याउनुहुन्थ्यो । त्यही पसलमा नेपालभाषाको पनि किताब बिक्री गर्ने अभिप्रायले चित्तधर तुलाधर आफ्ना दुइवटा पुस्तक कलकत्तामा छपाउन जानुभयो । ती पुस्तक हुन् - 'हृदयकुसुम' र 'पद्यनिकुञ्ज' । यी दुइमा पनि पहिलो प्रकाशन "पद्य निकुञ्ज" भएको थियो । समय थियो - ने.सं. १०५३ (वि.सं. १९८९ को माघ-फागुन महिना) तर दुर्भाग्यको कुरा । ती किताब पसलमा राख्न नपाउँदै राणासरकारले जफत गऱ्यो ।

यसरी मामा-भान्जा मिली स्थापना भएको त्यस साइकल र किताब पसल त्यसताका शिक्षा-प्रेमी साहित्यकार, कवि, कलाकार, राजनीतिज्ञ,



Downloaded from http://dhamma.digital

सामाजिक तथा धार्मिक व्यक्तिहरू जमघट भई कुराकानी गर्ने केन्द्रस्थल हुन गएको थियो। यसैको परिणामस्वरूप १९९७ सालको पर्वमा एकजना (चित्तधर) ले ६ वर्षको कारावासको सजाँय् पायो त अन्य (मानदास) ले लुकिछिपी क्यौं महिना कष्ट सहनुपऱ्यो।

६ वर्षको कारावासको सजाँय पाउनुभएका चित्तधर तुलाधरले वि.सं. २००२ सालको कार्तिक २६ गते नै छुटुवापुर्जी पाउनुभयो। जेलजीवनबाट मुक्त हुनुभएको डेढ-दुई वर्षपछि मानदास र चित्तधरले साइकल र पुस्तकपसलको पार्टनरसीप छुटयाइयो र दुवैजना आ-आफ्नो बाटोमा लाग्नुभयो। मानदास तुलाधरले साइकलपसलको काम छोडी सिर्फ किताबपसलमात्र राख्नुभयो त चित्तधर तुलाधरले आफ्नो जीवन नेपालभाषा र साहित्यको निमित्त अर्पण गर्दै त्यसको अभिवृद्धिमा लाग्नुभयो।

वि.सं. १९८१ सालको फागुन महिनामा नेपाल आगमन गर्नुभएका तिब्बतका क्यान्छ्या लामालाई विभिन्न ठाउँमा धर्मोपदेश गराउने प्रबन्ध गर्नुभएका व्यक्तिहरूमा एक हुनुभएका मानदास तुलाधर वि.सं. १९८७ मा भएको "आडम्बरमतपर्व" मा पनि सम्मिलित व्यक्ति थिए।

यसरी मानदास तुलाधरले आफ्नो जातीय संस्कारअनुरूप शुरूदेखि बुद्ध-धर्म प्रचार-प्रसारमा अथक योगदान दिंदै आएको स्वरूप उहाँले आफूलाई "मानदास उपासक" भन्ने सम्बोधनलाई अधिक रुचाउनुहुन्थ्यो।

उहाँको स्वभाव एवं व्यक्तित्वबारेमा भिक्षु अश्वघोष महास्थविरले (नेपालभाषामा लेखिएको एक लेखमा) उल्लेख गर्नुभएको छ–

"मानदास छम्ह धार्त्थे बौद्ध खः। खँजक ल्हानाः वयागुं थ्वयागुं आलोचना याइम्ह बौद्ध मखु। ज्यां हे बौद्ध खः। बौद्ध-धर्मया गाक्कं



Downloaded from http://dhamma.digital

अध्ययन दुम्ह ख: । बुद्ध-धर्मयात वेक:या त:धंगु देन ख: बौद्ध पुस्तक संग्रह याना: थ:गु छेँ बौद्ध पुस्तकालय यानायकूगु ।"

यसप्रकार मानदास तुलाधर बुद्ध-धर्मका अनन्य उपासक थिए साथै उहाँ भारतीय "महाबोधिसभा" को पनि एक सदस्य हुनुहुन्थ्यो । अत: उहाँ अंग्रेजी मासिक पत्रिका "The Maha Bodhi" का आजीवन ग्राहक पनि हुनुभएको थियो । "महाबोधि-सभा" को सदस्यको नाताले उहाँ त्यस सभाको दौरानमा हुने विभिन्न सभासम्मेलनहरूमा पनि सहभागी हुन बरोबर बुद्धगया, सारनाथ, कुशीनगर, अजन्ता, इलौरा, बनारस, दिल्ली, बम्बई, राँची र मद्रास आदि ठाउँमा पुग्नुहुन्थ्यो ।

उहाँले भारतका ती प्रमुख धार्मिक स्थल एवं शहरहरूको अतिरिक्त समुद्रपारीस्थित श्रीलंकाको पनि भ्रमण गर्नुभएको थियो । २९ डिसम्बर १९७० देखि १० फरवरी १९७१ सम्म सम्पन्न गर्नुभएको त्यस भ्रमणकालमा उहाँको साथ भिक्षु अश्वघोष महास्थविर (जन्म-ज्येष्ठ, १९८३ साल) पनि हुनुहुन्थ्यो ।

बुद्ध-धर्मको क्षेत्रमा मात्र सीमित नभई नेपालभाषा र त्यसको साहित्य सम्बर्धन गर्नमा पनि अथक योगदान गर्नुभएका मानदास तुलाधर लाई "च्वसा पासा" को तर्फबाट ३ बछलागा १०८३ ने.सं. का दिन "भाषाजवा:" उपाधि प्रदान गरेको थियो । यस पश्चात् पुन: १२ वर्ष सम्म धर्म र भाषाको सेवा गरी उहाँले १३ यँलागा १०९५ ने.सं. (१७ आश्विन २०३२) का दिन आफ्नो ७५ वर्षको जीवनकाल समाप्त गरेर जानुभएको थियो ।

■



Downloaded from http://dhamma.digital

**- सन्दर्भ -**

| | | |
|---|---|---|
| १) | धर्मरत्न 'यमि' | - महापण्डित राहुल सांकृत्यायन |
| | | - शंकर बहादुर कार्की क्षेत्री कमलपोखरी, काठमाडौं-१९५४ |
| २) | मानदास उपासक मंत | - भिक्षु अश्वघोष |
| | | - 'आनन्दभूमि' वर्ष-३, अंक-७,८ (कार्तिक, मंसिर-२०३२) |
| ३) | 'नेपाल' ऋतुपौ | - चित्तधर 'हृदय' लुमन्ति ल्या: दँ ३२, ल्या: ५-६ (हेमन्त, शिशिर-११०४) |

"आनन्दभूमि"
वर्ष २१, अंक १२
(चैत्र, २०५०)

Dhamma.Digital



Downloaded from http://dhamma.digital



भिक्षु विशुद्धानन्द महास्थविर
(सन् १९०४-९४)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# भिक्षु विशुद्धानन्द महास्थविर

२० औं शताब्दीका केही विश्वप्रसिद्ध बौद्ध विद्वान्हरूमा बंगलादेशका सुप्रसिद्ध भिक्षु विशुद्धानन्द महास्थविर पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म २३ फरवरी १९०९ का दिन बंगलादेशको चटगाउँस्थित पूर्वी गुजरामा पिता कर्मद्धन बरुआ र माता चिंतावती बरुआको छैंठो पुत्रको रूपमा भएको थियो । माता-पिताद्वारा उहाँलाई 'शशांक' नामकरण गरिएको थियो । जस्तो शशांक अथवा चन्द्रमाले अन्धकारलाई नाश गर्छ त्यस्तै पछि गएर उक्त शशांक नामक बालकले बंगलादेशको बौद्ध समुदायमा एक ज्योति भई धर्मान्धकारलाई नाश गरेको थियो ।

प्रारम्भिक शिक्षा पूर्वी गुजरा मै पाउनुभएका शशांकले माध्यमिक शिक्षा नोआपारा हाइस्कूलमा प्राप्त गरेका थिए । बंगलादेशका विश्वप्रसिद्ध बौद्धविद्वान् डा. बेणीमाधव बरुआ (सन् १८८८-१९४८) का सम्बन्धित (नातेदार) कुलमा जन्मेका शशांकले बाल्यकालदेखिनै आफ्नै काका संघनायक भिक्षु अग्रसार महास्थविरको छत्रछायामा रहने अवसर पाएका थिए । शशांक ६ कक्षामा अध्ययनरत भएको बेला एक सिंहली भिक्षु चटगाउँमा भ्रमण गर्न आए । उक्त भिक्षु अग्रसार महास्थविरको सम्पर्कमा आएको फलस्वरूप शशांकले उहाँका साथ भारतका बौद्ध तीर्थस्थलहरूको भ्रमण गर्ने अवसर पाए । उक्त भिक्षुले शशांकको विलक्षण प्रतिभालाई अवगत गरी उनलाई प्रव्रजित हुन सल्लाह दिए तर माता पिताले अनुमति



Downloaded from http://dhamma.digital

दिन आनाकानी गर्दैरहेका थिए। बल्ल पटक-पटकको अनुरोधपछि शशांकले सांसारिक जीवनबाट मुक्त हुने अवसर पाए। उहाँ १७ वर्षको उमेरमा सन् १९२६ मा संघनायक भदन्त अग्रसार महास्थविरकै आचार्यत्वमा प्रव्रजित भई "श्रामणेर विशुद्धानन्द" हुनुभयो।

सन् १९२८ मा श्रामणेर विशुद्धानन्द कलकत्तामा सम्पन्न भएको "अखिल भारतीय बौद्ध सम्मेलन" मा बंगाल बौद्ध संघका प्रमुख भदन्त धम्मालोक महास्थविरका प्रतिनिधि भई भाग लिन आउनुभयो। त्यसैताका उहाँले कलकत्तामै सम्पन्न "अखिल भारतीय राष्ट्रिय काँग्रेस" मा पनि सहभागी हुनुभएको थियो। यसैको फलस्वरूप उहाँको सम्पर्क केही राजनीतिक व्यक्तिहरूसित पनि भयो। उहाँहरू हुनुहुन्छ – देशप्रिय जे.एम.सेनगुप्त, नेताजी सुभाषचन्द्र बोस, बंगालपुत्र भारतका एक क्रान्तिकारी नेता सूर्यसेन आदि। उहाँहरूसित परिचित हुन पाउनुको साथै उहाँले पुन: एकपटक भारतका धार्मिक एवं ऐतिहासिक स्थलहरूको परिभ्रमण गर्नुभयो।

सन् १९३० मा श्रामणेर विशुद्धानन्द उपसम्पन्न भई "भिक्षु विशुद्धानन्द" हुनुभयो। यसको वर्षदिनपछि सन् १९३१ को नवम्बर महिनामा सारनाथको "मूलगन्धकुटी विहार" उद्‌घाटनको अवसरमा उहाँ पनि भदन्त अग्रसार महास्थविरको सचिव भई त्यसमा सहभागी हुन आउनुभएको थियो। भारतमा बुद्धधर्म पुनरुत्थान गर्न आउनुभएका अनगारिक धर्मपाल (सन् १८६४-१९३३) को प्रतिभाबाट भिक्षु विशुद्धानन्द विशेष प्रभावित हुनुभएको थियो साथै त्यसताका अन्तर्राष्ट्रिय जगत्मा ख्याति पाएका इटलीका भिक्षु लोकनाथ र सिंहलका एक भिक्षु शरणंकरबाट पनि उहाँ विशेष प्रभावित एवं मूल प्रेरणा प्राप्त गर्नुभएको थियो।



Downloaded from http://dhamma.digital

भिक्षु विशुद्धानन्दले सारनाथस्थित "अन्तर्राष्ट्रिय बौद्ध संस्थान" मा एक-डेढ वर्ष अध्ययन गरिसकेपछि पुनः विस्तृत पाली साहित्य अध्ययनार्थ श्रीलंका जानुभयो। श्रीलंकाको विद्यालंकार परिवेणमा केही वर्ष अध्ययन गरेपश्चात् सन् १९३४ मा उहाँ "सिरि सद्धम्मभाणक" उपाधिबाट विभूषित हुनुभयो।

उहाँ श्रीलंकाबाट आफ्नो देश फर्कनुभएपश्चात्नै उहाँले आफ्नो जन्मस्थान चटगाउँमा आफ्नो गुरुवरको नाममा पाली र बौद्ध साहित्य अध्ययन सुलभ गराउने हेतु "अग्रसार पाली कलेज" को स्थापना गर्नुभएको थियो। उहाँले यस शिक्षणसंस्थाका प्रिन्सिपल भई धेरै वर्ष बिताउनुभएको थियो। यस शिक्षणसंस्थाबाट धेरै विद्वानहरू पनि जन्मेका थिए।

भिक्षु विशुद्धानन्दले बंगलादेशमा बौद्ध धार्मिक गतिविधिमात्र सम्पन्न गर्नुभएको थिएन अनेकौं सामाजिक गतिविधिहरूमा पनि सरिक भई देशसेवा गर्नुभएको थियो। सन् १९४३ मा उहाँले अनाथहरूको निमित्त "अग्रसार बौद्ध अनाथालय" स्थापना गर्नुभयो। त्यसताका पूर्वी बंगालमा अनिकाल परेको थियो। भिक्षु विशुद्धानन्दको चटगाउँका एक प्रमुख सामाजिक कार्यकर्ता मणिरुज्जमन इस्लामावादीसित घनिष्ठ सम्पर्क थियो। उहाँहरू दुवैजना त्यसताका स्थापित "अकाल पीडित सहयोग समिति" का प्रभावशाली सदस्यहरू थिए। यस सहयोग समितिका प्रमुख कलकत्ताका डा. श्यामाप्रसाद मुकर्जी (सर आशुतोष मुकर्जीका पुत्र) रहेका थिए। यसबाट भिक्षु विशुद्धानन्दको डा. श्यामाप्रसाद मुकर्जीसँग सम्बन्ध हुनु त स्वाभाविकै भयो। यस्तै त्यसताका चटगाउँका एक प्रमुख व्यक्तित्व श्रद्धेय अम्बिकादास थिए। जो चटगाउँका एक दैनिक पत्रिका "पञ्चजैन्य" का सम्पादक थिए उहाँ सित पनि भिक्षु विशुद्धानन्दको घनिष्ठता थियो।



Downloaded from http://dhamma.digital

सन् १९४४ मा भिक्षु विशुद्धानन्द स्थविरले "अग्रसार स्मृति समाज" नामक एक अन्य संस्था पनि स्थापना गर्नुभयो। यस संस्थाद्वारा एउटा प्रेस, एउटा हाइस्कूल र अनाथहरूको निमित्त एक व्यावसायिक शिक्षणसंस्थानको पनि प्रबन्ध गरिएको थियो। भिक्षु विशुद्धानन्द "अग्रसार स्मृति समाज" का प्रधानसचिव हुनुभएको थियो त पछि सो पदमा भिक्षु वंगीश रहनुभएको थियो। यहाँहरू दुवैजनाको विशेष प्रयासमा बंगलादेशमा बुद्धधर्मको पुनरुत्थानमा विशेष टेवा पुग्नगएको थियो।

सन् १९४८ मा बुद्धका अग्रश्रावक सारिपुत्र र मौद्गल्यायन महास्थविर द्वयका अस्थिधातु श्रीलंकाबाट भारत पुऱ्याइएको थियो। सो अवसरमा कलकत्तामा सम्पन्नभएको उक्त धातु हस्तान्तरण समारोहमा भिक्षु विशुद्धानन्द स्थविर पनि उपस्थित हुनुभएको थियो। सो ऐतिहासिक समारोहमा तत्कालीन भारतका प्रधानमन्त्री पं. जवाहरलाल नेहरूले सो अस्थिधातु पश्चिम बंगालका गभर्नर श्री कैलाशनाथ काटजूको हातमा हस्तान्तरण गरिएको थियो।

स्मरणीय छ, १५ अगस्त १९४७ का दिन भारतमात्र स्वतन्त्र भएको होइन, पाकिस्तान पनि भारतबाट अलग्ग राष्ट्र भएको थियो। यसप्रकार देश विभाजनपछि भिक्षु विशुद्धानन्दले विशेषतः पूर्वी पाकिस्तान अर्थात् भावी बंगलादेशमा बुद्धधर्मको व्यापक प्रचार-प्रसार गर्न यहाँका अन्तर्राष्ट्रिय ख्यातिप्राप्त बौद्ध विद्वान् डा. बेणीमाधव बरुआसित आपसी सरसल्लाह गरी आफ्नो कार्यक्षेत्र निश्चित गर्नुभएको थियो।

भिक्षु विशुद्धानन्दले सन् १९५० मा चटगाउँको शिलांक भन्ने स्थानमा देशभरका बौद्धहरू सम्मिलित भई एक भव्य बौद्ध सम्मेलनको आयोजना गरिएको थियो। सो सम्मेलन पूर्वी पाकिस्तानका स्वास्थ्यमन्त्री हबिबुल्लाह बहारको अध्यक्षतामा सम्पन्न गरिएको थियो। यस सम्मेलनको



Downloaded from http://dhamma.digital

सफलताबाट "पूर्वी पाकिस्तान बौद्ध कृष्टि प्रचार संघ" नामक एक संस्थाको स्थापना भयो । यस संस्थाको संस्थापक अध्यक्ष स्वयं भिक्षु विशुद्धानन्द महास्थविर हुनुभएको थियो त अन्य संस्थापकहरूमा भिक्षु वंगीश-प्रधान सचिव र प्रफुल्ल कमल बरुआ-सचिव हुनुभएको थियो ।

यस संस्था स्थापना भएकै साल श्रीलंकामा पनि "विश्व बौद्ध भ्रातृत्व संघ" (The World Fefllowship of Buddhist) नामक संस्था स्थापना भयो त यसको पहिलो सम्मेलन (विश्व बौद्ध) पनि सन् १९५० मै सम्पन्न भयो । यस सम्मेलनमा भिक्षु विशुद्धानन्द महास्थविरले पनि प्रतिनिधित्व गर्नुभएको थियो ।

विश्व बौद्ध भ्रातृत्व संघले शुरूमा दुई-दुई वर्षको फरक गरी विश्व बौद्ध सम्मेलनहरूको आयोजना गर्दै लगे र प्रत्येक सम्मेलनहरूमा पूर्वी पाकिस्तानको प्रतिनिधित्व गरी भिक्षु विशुद्धानन्द महास्थविरले भाग लिंदै आउनुभएको थियो । उहाँ विश्व बौद्ध भ्रातृत्व संघ बंगलादेश शाखाका संस्थापक,अध्यक्ष हुनुहुन्छ । उहाँले सन् १९५४ देखि १९५६ सम्म दुई वर्ष लगाई बर्मामा सम्पन्न गरिएको छट्ठ संगायनमा पनि 'संगीतिकारक" भई सहयोग गर्नुभएको थियो ।

भिक्षु विशुद्धानन्द महास्थविरले विभिन्न राष्ट्रहरूमा सम्पन्न भएको विश्व बौद्ध सम्मेलनहरूमा मात्र भाग लिनु भएको थिएन कि विभिन्न राष्ट्रहरूमा सम्पन्नभएका "विश्व धर्म तथा शान्ति सम्मेलन" (The World Conference on Religion and Peace) मा पनि भाग लिंदै आउनुभएको थियो । यस्तै अनेकौं एशियाली बौद्ध सम्मेलनहरूमा पनि बंगलादेशको प्रतिनिधित्व गरी उहाँले भाग लिनुभएको थियो । उहाँले सन् १९७६ मा विश्व बौद्ध भ्रातृत्व संघका थाइलैण्डमा सम्पन्न गरिएको साधारण सभामा पनि भाग लिनुभएको थियो ।



Downloaded from http://dhamma.digital

यसप्रकार अन्तर्राष्ट्रिय संघ-संस्थाहरूमा सम्मिलित भई त्यसका सभा सम्मेलनहरूमा उपस्थित हुने क्रममा श्रीलंका, बर्मा, नेपाल, थाइलैण्ड, कम्बोडिया, जापान, भारत, चीन, सिंगापुर, बेल्जियम, रूस, हङकङ आदि अनेकौं एशियाली एवं यूरोपेली राष्ट्रहरूमा समेत बंगलादेशको प्रतिनिधित्व गरी भाग लिनुभएका भिक्षु विशुद्धानन्द महास्थविरले ती देशहरूमा एक शान्तिदूतको रूपमा रही आफ्नो देशको मान र प्रतिष्ठा बढाउनमा सघाउ पुऱ्याउनुभएको थियो । उहाँ सन् १९६४ मा श्रीलंकामा सम्पन्न गरिएको अनगारिक धर्मपालको शतवार्षिक समारोहमा पनि सम्मिलित हुनुभएको थियो त सन् १९७८ तिर चीनमा विश्व प्रसिद्ध महान् चीनी बौद्ध यात्री हुयन साङको १३०० औं वार्षिकोत्सव र त्यही (चीन) स्थित बुद्धको दन्तधातु उत्सव, जुन पेकिङमा सम्पन्न गरिएको थियो त्यसमा पनि सहभागी हुनुभएको थियो ।

भिक्षु विशुद्धानन्द महास्थविरको अन्य एक प्रमुख देन थियो - बंगलादेशको राजधानी ढाकास्थित कमलापुरमा "धर्मराजिक बौद्ध विहार" को स्थापना गर्नु । यस विहारमा म्यूजियम, पुस्तकालय, औषधालय, अनाथालय, धर्मशाला, छापाखाना एवं एक व्यावसायिक स्कूलको पनि व्यवस्था गरिएको थियो । यी सबै कार्य सम्पन्न गर्नमा उहाँद्वारा स्थापित "बंगलादेश बौद्ध कृष्टि प्रचार संघ" ले प्रचुर मात्रामा सहयोग गरेको थियो ।

सन् १९७१ मा पाकसेना र बंगलादेशका मुक्तिसेनाका बीच ९ महिनासम्मको लामो संघर्षपछि बंगलादेश स्वतन्त्र राष्ट्र भएको थियो । यस अवधिभित्रमा बंगलादेशको अनेकौं भू-भागहरूमा अनेकौं उपद्रवहरू भएका थिए जसमा कयौं हिन्दू मन्दिरहरू, बौद्ध विहारहरू एवं केही मस्जिदहरूको पनि विनाश गर्नेतर्फ नास्तिक पाकसेनाहरू लागेका थिए ।



Downloaded from http://dhamma.digital

तिनीहरूले कयौं लुटपात, बलात्कार, आगजनी जस्ता भयंकर कार्यहरू गरेका थिए। त्यसबेला भिक्षु विशुद्धानन्द महास्थविर ढाकामै हुनुहुन्थ्यो। ती नास्तिक सैनिकहरूले ढाकाको बौद्ध विहारमा पनि लुटपात गरेका थिए। अन्य कयौं बौद्ध विहारहरूमा पनि लुटपात गर्नुको साथै स्थानीय भिक्षुहरूलाई आक्रमण गरेको खबर उहाँले पाउनुभयो। अतः भिक्षु विशुद्धानन्द महास्थविरले आफ्नो ज्यानको पर्वाह नगरिकन देशभर मुक्तिसेनाको पक्ष (स्वतन्त्रता) मा लिई चारिका गरी कयौं ठाउँहरूमा हुन लागेको उपद्रवबाट लाखौं जनताहरूको ज्यान बचाउनुभएको थियो। त्यसताका उहाँले १३ मई १९७१ देखि अगस्त १९७१ भित्रमा चटगाउँ एवं अन्य पहाडी भेग, कुमिल्ला, खुलना, जेशोर, तँगल र बारासिल आदि ठाउँमा गरी ७,५०० माइलको यात्रा गर्नुभएको थियो।

यसप्रकार भिक्षु विशुद्धानन्द महास्थविरले बंगलादेशमा बौद्धजगत्को लागि मात्र होइन आम जनताको लागि पनि प्रभावशाली भिक्षु व्यक्तित्व हुनुभएको थियो। उहाँलाई सन् १९६२ मै पाकिस्तानका राष्ट्रपति अयुब खाँले "खिदमत' (Khidmat) को उपाधि प्रदान गरेको थियो त पछि पुनः "Tamgha-E-Pakistan" को उपाधि पनि प्रदान गरियो। भिक्षु विशुद्धानन्द महास्थविरको प्रतिभा एवं देनलाई यसप्रकार पाकिस्तानका राष्ट्रपतिको साथै आफ्नै देशका राष्ट्रपति शेख मुजीव रहमान एवं मेजर जनरल जियावर रहमानले पनि सम्मान गरेका थिए।

आफ्नो भ्रमणको सिलसिलामा भिक्षु विशुद्धानन्द महास्थविरले चीनका महान् नेता एवं चीनी गणतन्त्रका अध्यक्ष माओत्सेतुङ एवं प्रधानमन्त्री चाउ-एन-लाइ, त्यस्तै भारतको राष्ट्रपति डा. राजेन्द्रप्रसाद एवं प्रधानमन्त्री श्रीमती इन्दिरा गान्धी, थाइलैण्डका संघराजा, बर्माका प्रधानमन्त्री उ.नु आदिसित भेटवार्ता गर्न पाउनुभएको थियो।



Downloaded from http://dhamma.digital

भिक्षु विशुद्धानन्द महास्थविरको अन्य एक प्रमुख देन ११ औं शताब्दीका आचार्य दीपंकर श्री ज्ञान (सन् ९८२-१०५४) को धातु अवशेषका केही भाग चीनबाट बंगलादेशलाई प्राप्त गराउनु थियो। भिक्षु विशुद्धानन्द महास्थविर एवं "बंगलादेश बौद्ध कृष्टि प्रचार संघ" को अथक प्रयासले सो अस्थिधातु प्राप्त गरी सन् १९८३ को फरवरी २६ देखि ४ मार्चसम्म विभिन्न कार्यक्रमहरूको आयोजना गरी आचार्य दीपंकर श्रीज्ञानको १००० औं जन्मजयन्ती भव्यरूपमा सम्पन्न गरी उहाँको सो अस्तिधातु पनि प्रदर्शन गराइएको थियो।

यसप्रकार देश र विदेशमा ६ दशकभन्दा बढी समयसम्म तथागतका सच्चा अनुयायी भई उहाँको "चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय....." कथनलाई चरितार्थ गर्नुको साथै एक सच्चा कर्मयोगीको रूपमा जीवन बिताई भिक्षु विशुद्धानन्द महास्थविरले २ मार्च १९९४ का दिन आफ्नो ८५ वर्षको जीवनकाल ढाकाको धर्मराजिक विहारमा अन्त गर्नुभयो।

■

"संघाराम"
बुद्धजयन्ती विशेषाङ्क
-२५४६-



Downloaded from http://dhamma.digital



भिक्षु एन्. जिनरत्न नायक महास्थविर

(सन् १९१३-८३)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# भिक्षु एन्. जिनरत्न नायक महास्थविर

आधुनिक युगमा भारतमा बुद्ध-धर्म प्रचार-प्रसार गर्न आफ्नो समस्त जीवन अर्पण गर्नुभएका केही विदेशी भिक्षुहरूमा एन. जिनरत्न नायक महास्थविर पनि एक प्रमुख व्यक्ति हुनुहुन्छ।

उहाँको जन्म श्रीलंकाको दक्षिण भूभाग गाल्ल (Galle) स्थित नेलुवे भन्ने स्थानमा १७ मार्च १९१३ का दिन भएको थियो। त्यहाँको जयवर्द्धने कुलमा जन्मनुभएका उहाँ १७ वर्षकै उमेरमा सन् १९३० मा पी. विपुलतिस्स महास्थविरको आचार्यत्वमा पनंगल विहारमा प्रव्रजित हुनुभएको थियो। त्यसको ३ वर्षपछि पूरा २० वर्षको उमेर (सन् १९३३) मा कैण्डीस्थित मलवत्त विहारमा उपसम्पदा कार्य सम्पन्न भएपश्चात् उहाँ "भिक्षु एन. जिनरत्न" हुनुभयो।

भिक्षु एन्. जिनरत्नले आफ्नो अध्ययन आनन्द परिवेण-कित्तुलम्पित्तिया र विद्योलक परिवेण गाल्लमा गर्नुभएको थियो। उहाँको योग्यता एवं दक्षताबाट प्रभावित भई उहाँलाई सुयोग्य धर्मप्रचारक बनाउन एन.श्री गुणानन्द नायक स्थविरले उच्चशिक्षा अध्ययन गराउनको निमित्त सन् १९३६ मा भारत पठाउनुभएको थियो।

भारतमा पनि उहाँको प्रशासनिक कार्यक्षमतालाई अवगत गरी महाबोधि सभाका प्रधानसचिव श्री देवप्रिय वलिसिन्हा (सन् १९०४-६८)



Downloaded from http://dhamma.digital

द्वारा उहाँलाई सन् १९३८ मा कलकत्ताको धर्मराजिक विहारका "भिक्षु-इन्चार्ज" नियुक्त गरिएको थियो ।

महाबोधि-सभासित सम्पर्क भएदेखि भिक्षु एन्. जिनरत्नले सभाको हरतरह उत्तरोत्तर प्रगति गर्दै लाने आफ्नो मूल लक्ष्य राख्नुभयो । अतः उहाँलाई सन् १९४३ मा सभाको सहायक-सचिवमा नियुक्त गरियो । त्यसताका दोस्रो विश्वयुद्धको समय (सन् १९३९-४५) थियो । त्यसको प्रभाव पश्चिम बंगालमा पनि परेको थियो । त्यहाँ अकाल पर्न गई असंख्य जनताहरू विचलित भई निराश्रय समेत हुन गएको थियो । तिनीहरूको सहयोगार्थ महाबोधि सभा-कलकत्ताले एक महाबोधि धर्मशाला र अनाथालयको स्थापना गरेको थियो । महाबोधि सभाका महासचिव ब्रम्हचारी देवप्रिय वलिसिन्हाको त्यस कार्यका लागि सहायक-सचिव हुनुभएका भिक्षु एन्. जिनरत्नले उहाँमा यथेष्ट सहयोग गर्नुभएको थियो । यसको साथै देश-विदेशबाट आउने तीर्थयात्रीहरूको सुविधाको निमित्त अन्य केही निर्माण कार्यहरूमा पनि विशेषतः भिक्षु एन.जिनरत्न स्थविर कै प्रमुख हात रहेको थियो ।

त्यसबेला दोस्रो विश्वयुद्धकै कारण महाबोधि सभाका महासचिव देवप्रिय वलिसिन्हालाई ब्रिटिस (अंग्रेज) सरकारले जापानी बौद्ध नेताहरूसित सम्पर्क राखेको निहुँमा गिरफ्तार गरी डा. कालिदास नागका साथ २१ दिनसम्म लालबजार बन्दीगृहमा राखी छोडिदिएका थिए । तापनि उहाँको भव्य योजना (महाबोधि सभाको स्वर्णजयन्ती) मनाउने कुरामा अस्त-व्यस्त भएबाट विचलित भई उहाँ बिरामीसमेत पर्नुभयो । अतः उहाँले महाबोधि सभाका सम्पूर्ण कार्यभार भिक्षु एन्.जिनरत्नलाई सुम्पी केही वर्षको निमित्त श्रीलंका जानुभएको थियो । तसर्थ कलकत्तामा धर्मपाल इन्स्टिच्यूट, धर्मराजिक विहारको छेउमै रहेको विशाल धर्मशाला र अन्य



Downloaded from http://dhamma.digital

केही सभाका भवनहरू निर्माण गर्नमा योग्यतास्वरूप भिक्षु जिनरत्न महास्थविरकै प्रमुख हात रहेको थियो ।

दोस्रो विश्वयुद्धको समाप्तिपश्चात् १५ अगस्त १९४७ का दिन भारत स्वतन्त्र भएको थियो तर स्वतन्त्र विभाजन अर्थात् भारत र पाकिस्तान अलग हुन गएको कारण विशेषत: सिख-मुसलमान र हिन्दूहरूका बीच एक आपसमा ठूलो साम्प्रदायिक दंगा मच्चिन गएको थियो । कलकत्तामा पनि हिन्दू र मुसलमान बीच ठूलो दंगा भएको थियो । त्यसताका भिक्षु एन. जिनरत्नले महाबोधि सभा वा धर्मराजिक विहारको नजिक रहेका सयौं मुसलमानहरू र तिनीहरूको घरलाई हिन्दू आक्रमणकारीरूको हातबाट बचाइदिएको प्रसंग यहाँ उल्लेखनीय हुन आउँछ । त्यसबेला ती मुसलमानहरूको घरहरूमा आगो लगाइएको भए संगैको महाबोधि पुस्तकालय समेत ध्वस्त हुनेवाला थियो अत: उहाँबाट बडो निर्भीक रूपमा आक्रमणकारीरूलाई सम्झाई-बुझाई फर्काइएको थियो ।

स्मरणीय छ, भिक्षु जिनरत्न महास्थविरले सन् १९४२ देखि १९५५ सम्म निरन्तर रुपमा "The Maha Bodhi" अंग्रेजी मासिक पत्रिकाको प्रधान-सम्पादक हुनुभएको थियो । पछि पत्रिका संचालनार्थ एक सम्पादक मण्डलका रूपमा समावेश हुनुभएको थियो ।

सन् १९५६ मा श्रीलंका सरकारले आफ्नो देशमा र भारतमा २५०० औं बुद्ध जयन्ती भव्य रूपमा मनाउनको निमित्त एक योजना तयार गरिएको थियो जसको निमित्त श्रीलंकाका एक प्रतिष्ठित व्यक्ति आनन्द डब्ल्यु.पी. गुरुगे (Ananda W.P. Guruge) लाई भारत पठाइएको थियो । उहाँले यसका निमित्त भिक्षु एन. जिनरत्न नायक महास्थविर सँग सम्पर्क राखी कलकत्तामा एक भव्य मिटिङ्ग (सभा)



Downloaded from http://dhamma.digital

बोलाउन लगाएको थियो जसमा कलकत्ताका थुप्रै प्रतिष्ठित व्यक्तिहरू सामेल हुनुको साथै बुद्धधर्म प्रेमी कयौं महानुभावहरूको उपस्थिति थियो।

भिक्षु एन्. जिनरत्न महास्थविरले धर्मको निमित्त गर्नुभएको योगदानको कदरस्वरूप श्रीलंकाका मलवत्तस्थित श्यामनिकाय द्वारा उहाँलाई "भारतको संघनायक" पदबाट विभूषित गरिएको थियो। यस्तै सन् १९६० मा विद्योदय परिवेण (विश्वविद्यालयमा परिणत-सन् १९५९ देखि) विश्वविद्यालयले पनि आफ्नो पहिलो सभामै भिक्षु एन्. जिनरत्न महास्थविर लाई उहाँको योगदानको कदरस्वरूप विशेष सम्मान गरिएको थियो।

३ अगस्त १९६८ का दिन महाबोधि सभाका महासचिव देवप्रिय वलिसिन्हाको निधनपश्चात् उहाँको सम्पूर्ण कार्यभार अर्थात् महासचिव पद भिक्षु एन्. जिनरत्न नायक महास्थविरलाई सुम्पेको थियो।

भिक्षु एन. जिनरत्न नायक महास्थविरको योग्यताको पुष्टयाई उहाँलाई कलकत्ता विश्वविद्यालयको एक सल्लाहकारमा नियुक्त गरिएबाट स्पष्ट हुन्छ। उहाँ बुद्धगया मन्दिर व्यवस्थापन समितिको पनि एक सदस्य हुनुहुन्थ्यो। उहाँले महाबोधि सभाको तर्फबाट कैयौं बौद्ध राष्ट्रहरू एवं विशेषतः जापानसित भारतको घनिष्ठ सम्बन्ध वृद्धि गराई दिनुभएको थियो।

भिक्षु एन. जिनरत्न नायक महास्थविरले सन् १९५६ मा बुद्धको २५०० औं परिनिर्वाण दिवस (जयन्ती) भव्य रूपमा मनाउन विशेष सहयोग गर्नुभए जस्तै सन् १९७६ मा बुद्धको २६०० औं जन्मजयन्ती पनि साप्ताहिक कार्यक्रमको रूपमा भव्यरूपमा मनाउन उहाँले उपर्युक्त सिंहली प्रतिष्ठित व्यक्ति आनन्द डब्ल्यू. पी. गुरुगेलाई कार्यसमिति महासचिवको रूपमा नियुक्त गरी भव्यरूपमा मनाइएको थियो। यसै वर्ष (सन् १९७६)



Downloaded from http://dhamma.digital

मा उहाँमा नवनालन्दा महाविहारले "डी.लिट्" को उपाधि प्रदान गरिएको थियो ।

भिक्षु एन्. जिनरत्न नायक महास्थविर Asian Buddhist conference for Peace र International Buddhist Brotherhood Association of Japan का संस्थापक उपाध्यक्ष पनि हुनुहुन्थ्यो । यसैअन्तर्गत उहाँले धेरै पटक विदेशको यात्रा गर्ने सुअवसर प्राप्त गर्नुभएको थियो । जसमा जापानलगायत दक्षिण पूर्व एशियाका प्राय: जसो मुलुकहरूमा भ्रमण गर्ने सुअवसर प्राप्त गर्नुभएको थियो ।

यस पंक्तिका लेखकले उहाँको दर्शन गर्ने सुअवसर सन् १९८० को जनवरी महिनामा पाएको थियो । त्यसताका आफू पिताका साथ पूज्यवर भिक्षु विवेकानन्द महास्थविर (वि.सं. १९७३-२०४२) को नेतृत्वमा भक्तपुरको बौद्ध समंकृत विहारबाट आयोजना गरिएको तेश्रो पटकको बौद्ध तीर्थयात्रामा सम्मिलित हुन पाएको फलस्वरूप कलकत्तास्थित महाबोधि सभाको प्रधान कार्यालय-धर्मराजिक विहारमा दुई रात बास बस्न पाइएको थियो । त्यसैबेला नेलुवे श्री जिनरत्न नायक महास्थविरको दर्शन गर्नुको साथै उहाँसित महाबोधि सभाका संस्थापक अनागारिक धर्मपाल (सन् १८६४-१९३३) का केही तस्वीर, बुद्ध-मूर्ति र केही पुस्तकहरू यस पंक्तिका लेखकले किनेर ल्याएको थियो ।

भिक्षु एन्. जिनरत्न नायक महास्थविर सन् १९८३ को जुलाई महिनामा नेपालका आचार्य भिक्षु अमृतानन्द महास्थविर (सन् १९१८-९०) को निमन्त्रणामा आनन्दकुटी विहारमा आइपुग्नुभएको थियो । केही दिनको निमित्त नेपाल आगमन गर्नुभएका उहाँ यस अघि (३० वर्ष अगाडि) सन् १९५१ को नवम्बर महिना (बुद्धका अग्रश्रावक अस्थिधातु आगमनको बेला) मा पनि आउनुभएको थियो ।



Downloaded from http://dhamma.digital

सन् १९८३ को नेपाल आगमनपश्चात् भारत् फर्कनुभएका भिक्षु एन्. जिनरत्न नायक महास्थविर ५ महिनानै नबित्दै हृदयघातबाट ९ नवम्बर १९८३ का दिन कलकत्ताको धर्मराजिक विहारमै आफ्नो ७० वर्षको जीवनकाल (पूरा ४५-४६ वर्ष विशेषत: कलकत्ताको धर्मराजिक विहारमा रही अनुकरणीय रूपमा धर्मको प्रचार-प्रसार गरिसकेपछि) अन्त गर्नुभएको थियो ।

उहाँको शवलाई ३ दिनसम्म देश-विदेशका श्रद्धालुहरूको दर्शनार्थ कलकत्ताको धर्मराजिक विहारमा राखिसकेपछि १३ नवम्बर १९८३ का दिन उहाँको पार्थिव शरीरको भव्य शवयात्रा गरी दाहक्रियास्थल क्यिर तल्लामा पुऱ्याइएको थियो । सो घाटमा उपस्थित जनसमूहलाई भिक्षु धर्माधर महास्थविरको तर्फबाट अनित्य स्वभावको बारेमा केही उपदेश भएपश्चात् उहाँको शवलाई "विद्युतीय भट्ठी" मा राखिएको थियो जसबाट उहाँको भौतिक शरीर २ घण्टामै खरानी भएको थियो ।

यसप्रकार भिक्षु एन्. जिनरत्न नायक महास्थविरले बुद्ध धर्मको प्रचार-प्रसारको निमित्त आफ्नो मातृभूमि छोडी विदेशमा बसी यावत्-जीवन महाबोधि सभाको निमित्त अर्पण गरी अविस्मरणीय देन छोडेर जानुभएको थियो ।

■

## - सन्दर्भ -


a) The Maha Bodhi - vol. 91, No. 10 -12 (Oct. Dec 1983)

b) The Maha Bodhi Centenary Volume (1891-1991)
- The Maha Bodhi Society of India

c) 'आनन्द भूमि' वर्ष-११, अंक ३ र ८ (श्रावण र पौष २०४०)


"ज्योतिउदय" अंक - ९
(बु.सं. २५४६ - वि.सं. २०५९)



Downloaded from http://dhamma.digital



डा. भदन्त एच. सद्धातिस्स नायक महास्थविर

(सन् १९१४-९०)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# डा. भदन्त एच.सद्धातिस्स नायक महास्थविर

२० औं शताब्दीमा एशिया, यूरोप एवं अमेरिकामा समेत ख्यातिप्राप्त बौद्ध धर्मदूत व्यक्तित्वहरूमा भदन्त एच. सद्धातिस्स नायक महास्थविर पनि एक प्रमुख हुनुहुन्छ।

उहाँको जन्म २८ मई १९१४ का दिन श्रीलंकाको सत्कोरेल प्रान्तको 'हम्मलव' नामक गाउँमा, स्थानीय एक आयुर्वेदिक चिकित्सकको पुत्रको रूपमा भएको थियो।

आफ्नो प्राथमिक शिक्षाको समाप्तिपश्चात्नै सन् १९२६ को अन्तमा "हम्मलव सद्धातिस्स" नामबाट प्रव्रजित हुनुभएका उहाँले आफ्नो माध्यमिक शिक्षा शास्त्रोदय परिवेण, सान्डलङ्कावाबाट प्राप्त गर्नुभएको थियो। माध्यमिक शिक्षापश्चात् उहाँले आफ्नो अध्ययन तीव्र गर्ने मनसायले कोलम्बो आउनुभयो र त्यहाँस्थित "विद्योदय परिवेण" मा प्रवेश गर्नुभयो जहाँ उहाँले ६ वर्षको अध्ययनकालभित्रमा पाली, संस्कृत, प्राकृत, सिंहली र बौद्धइतिहासको बारेमा यथेष्ट ज्ञान हासिल गर्नुभयो। यसै अवधि (सन् १९३९) भित्रमा उहाँ उपसम्पन्न भई "भिक्षु हम्मलव सद्धातिस्स" भइसक्नुभएको थियो।

यसको लगत्तै सन् १९४० देखि उहाँ विक्रमशिला परिवेण, पल्लेवेलामा अध्यापक नियुक्त भएको फलस्वरूप शिक्षणकार्य शुरू गर्दै



Downloaded from http://dhamma.digital

ल्याउनुभएको थियो । उहाँले अध्यापनकार्य गर्नुको साथै पुनः अध्ययन विस्तृत गर्दै लानुभएको थियो जसअनुसार उहाँले सन् १९४४ भित्रमा प्राच्य अध्ययन-संस्थान (Oriental Studies Society) कोलम्बोबाट तर्कशास्त्र, इतिहास र पुरातत्त्वमा अन्तिम उपाधि परीक्षा (पण्डित) उत्तीर्ण गर्नुभएको थियो ।

उहाँको यसकिसिमको प्रगति वा पाण्डित्यबाट प्रभावित भई भारतीय महाबोधि-सभाले उहाँलाई "बौद्ध-धर्मदूत" को रूपमा भारतमा आमन्त्रित गरियो । भारतमा आएर पनि उहाँले केही वर्षको अवधिमै केही भारतीय भाषाहरूमा हिन्दी, उर्दू, गुजराती र पञ्जाबीमा दक्षता (वार्तालाप) प्राप्त गर्नुभएको थियो । जसको फलस्वरूप उहाँले चाँडैनै भारतीय जनमानसमा आफ्नो प्रभाव बढाउन सफल भए ।

सन् १९४८ मै भिक्षु एच.सद्धातिस्सले हिन्दी भाषामा एक पालिव्याकरण पुस्तक "सरल पालि शिक्षा" लेखी "महाबोधि-सभा, सारनाथ" बाट प्रकाशन गर्न सफल हुनुभएको थियो । त्यसताका उहाँ "महाबोधि कलेज, सारनाथ" का पालि अध्यापक थिए ।

सन् १९५० मा भदन्त एच. सद्धातिस्स स्थविर सारनाथबाट दिल्ली-बुद्ध विहारका प्रबन्धक (इन्चार्ज) नियुक्त हुनुभएको थियो । स्मरणीय छ, महाबोधि सभाको उक्त बुद्ध-विहारमा उहाँभन्दा अगाडि इन्चार्जको रूपमा नेपाली भिक्षु महानाम "कोविद' (सन् १९१७ - ९६) रहनुभएको थियो जसले भिक्षु सद्धातिस्सलाई "सरल पालि शिक्षा" पुस्तक लेखनकार्यमा पनि शुरूदेखि अन्तसम्म धेरै नै मद्दत गर्नुभएको थियो ।

सन् १९५० मा भिक्षु एच. सद्धातिस्स बुद्ध विहार, दिल्लीका इन्चार्जको रूपमा रहँदै आउनुभएको बेलामा पनि (पूर्ववत् रूपमा)



Downloaded from http://dhamma.digital

भारतका संविधान निर्माता एवं दलितवर्गका नेता बाबासाहेब डा. भीमराव रामजी अम्बेडकर सो विहारमा आउँदै गरेका थिए। उहाँले भिक्षु सद्धातिस्ससित पनि बुद्ध-धर्म सम्बन्धी छलफल गरे। डा. अम्बेडकर भिक्षु सद्धातिस्सदेखि निकै प्रभावित भए। पहिलो भेटघाटमै भिक्षु सद्धातिस्सले उहाँलाई बुद्ध धर्मको मूलाधार नै मानवताको कल्याण रहेको र बुद्धधर्मको मूल स्रोत पनि भारत नै रहेको कारण बुद्ध-धर्म-विशुद्ध भारतीय धर्म रहेको कुराबारे स्पष्ट अगवत गराउनुभएको थियो। भिक्षु सद्धातिस्सको तर्क एवं उहाँसितको वार्तालापबाट बाबासाहेब डा. अम्बेडकर यति प्रभावित हुनुभएको थियो कि एकपटक उहाँको सम्मुख नै डा. अम्बेडकरले भन्नुभयो –

"भिक्षुओंमें मैं आपको बहुत पसंद करता हूं।" फेरि एक ठाउँमा बुद्ध-धर्मको प्रचार-प्रसारको प्रसंगमा पुन: उहाँले भन्नुभएको थियो-

"काश। मुझे भिक्षु सद्धातिस्स जैसा एक और भिक्षु मिल गया होता।"

यस्तै नागपुरमा सम्पन्न दीक्षान्त समारोहको बेलामा पनि डा. भीमराव अम्बेडकरले भिक्षु एच. सद्धातिस्सलाई सम्बोधन गरि भन्नुभएको थियो-

"मुझे किसीका भाषण नहीं चाहिए केवल आपका भाषण चाहिए।"

यसप्रकार डा. भीमराव अम्बेडकर र भदन्त एच. सद्धातिस्स महास्थविरका बीच पहिलो भेटघाटको समयदेखि नै प्रगाढसम्बन्ध रहन गएको थियो।

सन् १९५० मा भदन्त एच. सद्धातिस्स स्थविरले महाबोधि-सभाको सहयोग लिई दिल्लीमा एक भव्य जुलूसको आयोजना गरी वैशाख-पूर्णिमा



Downloaded from http://dhamma.digital

महोत्सव सम्पन्न गरेको थियो। भारतमा शताब्दियौंपश्चात् यस किसिमले बुद्धका जन्मोत्सव भव्यरूपमा सम्पन्न गरेको थियो । सो जुलूसमा हजारौं श्रद्धालुहरूको जमघट भएको थियो। जुलूस नयाँ दिल्लीको बजार हुँदै अम्बेडकर भवनमा पुगी समारोहमा परिणत भएको थियो। यस समारोहमा कयौं राजदूतहरू पनि उपस्थित भएका थिए त डा. अम्बेडकरले पनि बुद्ध-धर्मको श्रेष्ठताको बारेमा जोशिलो व्याख्यान दिनुभएको थियो।

सन् १९५० मै श्रीलंकामा "विश्व बौद्ध भातृत्व संघ" स्थापना भई "प्रथम विश्व बौद्ध सम्मेलन" को आयोजना पनि गरेको थियो । सो सम्मेलनको अवलोकन एवं बुद्ध-धर्मको महत्ताबारे थप ज्ञान हासिल गर्ने हेतु डा. अम्बेडकर पनि सो सम्मेलनमा सामिल हुनुभएको थियो । यहाँ पनि उहाँले "भारतमा बुद्ध-धर्मको उत्थान र पतन" बारेमा बोल्नुभएको थियो।

सम्मेलन समाप्तिपश्चात् उहाँ भिक्षु सद्धातिस्सका साथ श्रीलंकाका प्राचीन ऐतिहासिक नगर एवं स्थलहरूको अवलोकन गर्न जानुभएको थियो।

यसप्रकार भिक्षु सद्धातिस्स महास्थविर भारतमा रहनुभई धर्मदूतको कार्य गर्दै रहनुको साथै आफ्नो योग्यतामा पनि वृद्धि गर्दै जानुभएको थियो। उहाँ एकातिर पाली इन्स्टिच्यूट, नालन्दाका परीक्षकको भार बहन गर्दै थिए त बनारस हिन्दू विश्वविद्यालयबाट पुनः पाली, संस्कृत, र प्राचीन भारतीय इतिहासविषयमा स्नातक उत्तीर्ण गर्नमा सफल भए-यो सन् १९५४ को कुरा हो।

सन् १९५५ मा भिक्षु सद्धातिस्स महास्थविर बर्मामा सम्पन्न भइरहेको छट्ठ संगायनमा एक संगीतिकारक भई सहभागी हुनुभएको थियो।



Downloaded from http://dhamma.digital

त्यसताका उहाँ बनारस (काशी) हिन्दू विश्वविद्यालयका एक परीक्षक नियुक्त भइसक्नुभएको थियो । उहाँले सो पद सन् १९५७ सम्म बहन गर्नुभएको थियो त यसै अवधिभित्र उहाँले सोही विश्वविद्यालयबाट पाली र संस्कृतमा एम.ए. पनि गर्नुभएको थियो ।

स्मरणीय छ, १४ अक्टोबर १९५६, विजयादशमी का दिन, बाबासाहेब डा. अम्बेडकर आफ्ना ५ लाख अनुयायीहरूका साथ नागपुर (महाराष्ट्र प्रदेश) मा वरिष्ठ भारतीय भिक्षु ऊ.चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) समक्ष पञ्चशील ग्रहण गरी "बौद्ध" घोषित हुनुभएको थियो । यसको तयारीमा अघिल्लो दिन (१३ अक्टोबर) त्यसको प्रबन्धार्थ बडो निर्भीक रूपमा भिक्षु सद्धातिस्स महास्थविरले उहाँलाई साथ दिनुभएको थियो । त्यसताका दीक्षा-समारोहमा उपस्थित हुन आउने बाबासाहेब अम्बेडकरलाई "राष्ट्रिय स्वयं संघ" (आजकाल शीव सेनादल जस्तो) ले मार्ने धम्कीसमेत दिई दीक्षा समारोहको बाटोमै जम्मा भइरहेको थियो । दीक्षा-समारोहको मूलबाटोबाटनै जाने अठोट डा. अम्बेडकरले लिए त उहाँको साथमा जाने भिक्षुहरूको अगुवा हुनुभएका भिक्षु सद्धातिस्सले डा. अम्बेडकरलाई स्पष्ट जवाफ दिए –

"बाबासाहेब ! हम सब भिक्षु भी आपके साथ चलेंगे । अगर आप के साथ रहने मे हमारे प्राण भी न्योछावर हो जायेंगे तो हम समझेंगे कि हमने धर्म के लिए अपना बलिदान दिया हैं ।"

दीक्षान्त समारोहको बेला बाबासाहेबको आदेशमा भिक्षु सद्धातिस्सले ऐतिहासिक भाषण दिनुएको थियो उक्त भाषणलाई उहाँले "A New chapter begins in the History of India" अर्थात् "आधुनिक भारतको इतिहासमा एक नवीन अध्यायको प्रारम्भ" को रूपमा प्रकाशित गरिएको थियो । सो लेख भारतमा "The Maha Bothi" पत्रिका र श्रीलंकामा "The Buddhist" मा छापिएको थियो ।



Downloaded from http://dhamma.digital

धर्मान्तर दिन (दीक्षा-समारोह) को स्मरणस्वरूप भदन्त एच.सद्धातिस्स महास्थविर उल्लेख गर्नुहुन्छ –

"मुझ से पहले लाखों भिक्षु हुए हैं और आगे लाखों होगे किन्तु जो अपूर्व दृश्य १४ अक्टोबर १९५६ को देखा था वह शायद ही किसी के भाग्य मे देखना होगा। जब मैं हिन्दी और बाद में अंग्रेजी मे भाषण दे रहा था तो मेरा मन प्रसन्नता और आनन्द से विभोर हो उठा था। मैं अपने आपको धन्य समझ रहा था। मैं गौरव अनुभव कर रहा था। मैं भी आखिर मानव हुं। मुझे धर्मचक्र प्रवर्तन पर प्रवचन करनेका गौरव प्राप्त है। मैं ऐसा करना अपना सौभाग्य समझता हूँ। मेरे जीवनका यह महत्त्वपूर्ण और प्रसन्नताका दिन था।"

स्मरणीय छ, बाबासाहेब डा. अम्बेडकरको त्यस दीक्षान्त समारोहको दिन भिक्षु ऊ.चन्द्रमणि महास्थविर र भिक्षु सद्धातिस्सलगायत भिक्षु एम्. संघरत्न, भिक्षु पञ्ञातिस्स, भिक्षु पञ्ञानन्द र महाबोधि सभाका महासचिव देवप्रिय बलिसिन्हा आदि मंचमा सुशोभित हुनुभएको थियो।

यसको महिनादिनपछि नेपालमा सम्पन्न चतुर्थ विश्व बौद्ध सम्मेलनमा सहभागी भई फर्कनुभएका बाबासाहेब डा. अम्बेडकरसित भदन्त सद्धातिस्स महास्थविरको भेट बनारस एवं सारनाथमा भएको थियो। सारनाथको प्रोग्राम पछि दिल्ली प्रस्थानको निमित्त बनारसको बाबतपुर हवाइअड्डामा बिदाइ दिन जानुभएको बेला प्रसंगवश बाबासाहेब अम्बेडकरले भदन्त सद्धातिस्स महास्थविरलाई भन्नुभएको थियो–

"मुझे विद्वताभरी कोरी बाते करनेवाले बौद्ध नहीं चाहिए बल्कि मैं ऐसे बौद्ध चाहता हूँ जो पंचशीलका पालन करे। हमें अपने उत्तम



Downloaded from http://dhamma.digital



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

चरित्र निर्माणके आदर्शका सारे संसारको परिचय देना है । आप युवक भिक्षु है । आप जैसे भिक्षुओंको मैदानमे आना चाहिए । आप पर बहुत भारी जिम्मेवारी है । अगर आप मेरे लोगोको पंचशील पर आचरण करनेके लिए प्रेरित करेंगे तो मुझे अत्यन्त प्रसन्नता होगी ।"

२७ नवम्बर १९५६ का दिन दिनुभएको यस लवज नै डा. अम्बेडकर को अन्तिम लवज हुन गएको थियो- भिक्षु सद्धातिस्स महास्थविरलाई । यसको १० दिनपछि नै बेजोड प्रतिभावान्, युगपुरूष, महान बौद्ध नेता डा. भीमराव रामजी अम्बेडकरले आफ्नो ६५ वर्षको संघर्षशील जीवन दिल्लीस्थित आफ्नै निवासस्थानमा परित्याग गरेको खबरले भिक्षु सद्धातिस्स लगायत सारा बौद्धजगत् एवं करौंडो अछूत एवं दलितहरूलाई स्तब्ध पारे ।

भदन्त एच. सद्धातिस्स महास्थविर-डा. अम्बेडकरको जीवनकालसम्म भारतमा रहनुभयो । यसको वर्षदिनपछि सन् १९५७ मा "ब्रिटिश महाबोधि सोसाइटी "को निमन्त्रणामा उहाँ बौद्ध धर्मदूतको रूपमा लन्डन पुग्नुभयो र लन्डन बौद्ध विहारको प्रमुख पदमा नियुक्त रहनुभयो । सन् १९५८ मा उहाँ लन्डन विश्वविद्यालयको अध्यापक पदमा नियुक्त हुनुभयो । सन् १९६१ सम्म उहाँ यस पद (बौद्ध-दर्शनशास्त्रका प्रोफेसर) मा रहनुभयो ।

सन् १९६३ मा आएर भदन्त एच. सद्धातिस्स महास्थविर लन्डनस्थित Pali Text Society का कार्यकारिणी सदस्य नियुक्त हुनुभयो त यसै साल (सन् १९६३ मै) मा उहाँले स्कटलैण्डको इडिनवर्ग विश्वविद्यालयबाट Ph.D. उपाधि हासिल गर्नुभएको थियो । उहाँको डाक्टरेट उपाधिको विषय थियो "A critical edition and study of the



Downloaded from http://dhamma.digital

Upasakajanalankara" "उपासकजनलङ्कार"। यो १२ औं शताब्दीको प्राचीन एक पाली ग्रन्थ थियो, जुन राजा पराक्रमबाहू प्रथमको पालामा आनन्द नामक एक विद्वान् भिक्षुले रचना गरेका थिंए।

डा. भदन्त एच. सद्धातिस्स महास्थविरको यस शोधग्रन्थलाई सन् १९५६ मा Pali Text Society ले प्रकाशन गरेको थियो।

यसप्रकार भदन्त एच. सद्धातिस्स महास्थविरले आफ्नो शैक्षिक योग्यता आफ्नो देश श्रीलंका देखि लिएर भारत एवं यूरोपसम्म पनि आएर क्रमशः बढाउँदै लगे।

सन् १९६६ मा उहाँ "ब्रिटिश महाबोधि सोसाइटी, लन्डन" र "ग्रेट ब्रिटेनको संघ काउन्सिल" का अध्यक्ष पनि नियुक्त हुनुभयो। यसैवर्षदेखि टोरोन्टो विश्वविद्यालय, क्यानाडाको बौद्ध अध्ययनविभागका प्रोफेसर एवं परीक्षक पनि नियुक्त हुनुभएको थियो। यसबेलादेखि सन् १९६९ सम्म उहाँ टोरोन्टो विश्वविद्यालयका प्रोफेसर एवं परीक्षक हुनुभएको थियो त सन् १९७६ मा उहाँ अक्सफोर्ड विश्वविद्यालयका बौद्धअध्ययन विभागका भिजिटिङ्ग प्रोफेसर नियुक्त हुनुभएको थियो।

डा. भदन्त एच. सद्धातिस्स महास्थविर "पालि-टेक्स्ट सोसाइटी" को कार्यकारिणी सदस्यबाट पछि उपाध्यक्ष समेत नियुक्त हुनुभएको थियो। उहाँले "पालि टेक्स्ट सोसाइटी" को प्रगति एवं क्यौं पाली ग्रन्थहरूको सम्पादन एवं अनुवाद कार्यमा हात राख्नुभएको थियो त उहाँले पाली त्रिपिटकको "शब्द-सूची" पनि संग्रह गरेको थियो। स्मरणीय छ, भिक्षु एच. सद्धातिस्स-सन् १९६६ देखि American oriental society का सदस्य पनि नियुक्त हुँदै आउनुभएको थियो।



Downloaded from http://dhamma.digital

सन् १९७८ मा जापानका अनेक विश्वविद्यालयहरूमा पाली एवं स्थविरवाद बुद्ध-धर्मका भिजिटिङ्ग प्रोफेसर रहिसक्नुभएका डा. भदन्त एच. सद्धातिस्स महास्थविरलाई उहाँले बुद्ध-धर्म, विश्वसाहित्य एवं सार्वभौमविचारधाराअनूरूप लोकसेवा गर्नुभएको कदरस्वरूप श्रीलंकाको केलनियास्थित विद्यालंकार विश्वविद्यालयले सन् १९७९ मा उहाँलाई "डी.लिट." उपाधि प्रदान गरेको थियो। यस्तै सन् १९८१ मा श्रीलंकाको श्री जयवर्द्धनपुर र पेरेदेनिया विश्वविद्यालयले पनि उहाँको योगदानको कदरस्वरूप "D.Litt" उपाधि प्रदान गरियो। त्यसैताका (सन् १९८०-८१मा) डा. भदन्त एच. सद्धातिस्स महास्थविरले एशिया, यूरोप एवं अमेरिकामा समेत बुद्ध-धर्मको प्रचार-प्रसार गर्नुभएको योगदानको कदरस्वरूप श्रीलंकाका बुद्ध धर्मका तीनै संघनिकाय (रामञ्ञ निकाय, श्यामनिकाय र अमरपुर निकाय) ले उहाँलाई संयुक्त रूपमा "ब्रिटेनका संघमहानायक" उपाधि प्रदान गरिएको थियो। श्रीलंकामा तीनै निकाय संयुक्त भई एक धार्मिक नेताको रूपमा रहनुभएका भिक्षुलाई सम्मान गरेको यो पहिलो अवसर थियो।

डा. भदन्त एच. सद्धातिस्स महास्थविरले अंग्रेजी, सिंहली र हिन्दीमा गरी कयौं पुस्तकहरू लेख्नुभएको थियो। अंग्रेजीमा लेखिएका उहाँका केही प्रमुख पुस्तकहरू यूरोप एवं अमेरिकाका केही कलेज एवं विश्वविद्यालयको पाठ्यक्रममा पनि राखिएको थियो। उहाँका ती पुस्तकहरूमा "The Buddha's way" अति प्रसिद्ध रहेको थियो। यस पुस्तकको साथै "The life of Buddha" र ब्रिटिश महाबोधि सभाका प्रधान सचिव रुसेल वेब (Russel webb) को साथ संयुक्तरूपमा लेखिएको "A Buddhist's manual" पुस्तकको प्रकाशन लन्डनको जर्ज एलेन एण्ड अनविन लिमिटेड (George Allen and Unwin Ltd.) र



Downloaded from http://dhamma.digital

ब्रिटिश महाबोधि सोसाइटीले प्रकाशन गरेको थियो । डा. सद्धातिस्सको Buddhist Ethics (बुद्धको नीतिशास्त्र) नामक पुस्तकको प्रकाशन पनि "जर्ज एलेन एण्ड अनविन लिमिटेड" ले नै गरेको थियो । उहाँका केही पुस्तकहरूको अनुवाद जर्मन, फ्रेन्च, स्पेनिश, पोर्तुगीज, फिनिशियन, जापानी र हिन्दीभाषामा पनि भइसकेको छ ।

उहाँको "The life of Buddha" नामक पुस्तकको हिन्दी अनुवाद "आरोग्य मन्दिर, गोरखपुर" का संस्थापक डा.विट्ठलदास मोदी (सन् १९१२-२०००) - जो कुशीनगर विपश्यना केन्द्रका सहायक आचार्य पनि थिए ले "बुद्ध-जीवन और दर्शन" को रूपमा गर्नुभई सन् १९८१ मा पहिलो संस्करण प्रकाशित गरिएको थियो । सन् १९८६ सम्ममा यस पुस्तकको तेस्रो संस्करण समेत भइसकेको थियो जुन "सस्ता साहित्य मण्डल" प्रकाशनबाट भइरहेको थियो ।

डा. भदन्त एच.सद्धातिस्स नायक महास्थविरले उपर्युक्त विभिन्न कृतिहरूका साथै अनगिन्ती लेखहरू पनि एशिया एवं यूरोपका प्रसिद्ध पत्रिकाहरूमा निरन्तर प्रकाशन गर्दै आउनुभएको थियो । ती पत्रिकाहरूमा विशेषत: भारतीय महाबोधि सभाको अंग्रेजी मासिक पत्रिका "The Maha Bodhi" र हिन्दी मासिक पत्रिका "धर्मदूत", श्रीलंकाको Y.M.B.A. को वार्षिक पत्रिका "The Buddhist", श्रीलंका कै Buddhist Publication Society को वार्षिक पत्रिका "World Buddhism", ब्रिटिश महाबोधि सोसाईटीको "Buddhist quarterly" र Buddhist Society London को "The Middle way" प्रमुख छन् ।

यी पत्रिकाहरूको अतिरिक्त डा.भदन्त एच.सद्धातिस्स महास्थविरले विशेषत: थाइलैण्ड, कम्बोडिया र लाओसको पाली साहित्यसम्बन्धमा



Downloaded from http://dhamma.digital

गरिएका अनुसन्धात्मक लेखहरू पनि बौद्धजगत्का सुप्रसिद्ध विद्वानहरूको स्मृतिग्रन्थ एवं बधाइग्रन्थ (Felicitation Volume) हरूमा प्रकाशित गर्दै आएको थियो । जस्तो–

1. "The dawn of Pali literature in Thailand"
   – Malalasekara commemoration volume.
2. "Pali Buddhist studies in Thailand today"
   – Nyanatiloka centenary volume.
3. "Pali Studies in Combodia" - Buddhist studies in honour of Walpola Rahula
4. "Literature in Pali from Laos"- A Homage volume to the memory of Jagadish Kashyap.

यसप्रकार बौद्ध साहित्यिक क्षेत्रमा पनि बेजोड भूमिका निभाउँदै आउनुभएका डा. हम्मलव सद्धातिस्स नायक महास्थविर सन् १९८३ मा पुनः एकपटक पूर्वी एशियामा आउनुभयो । हेतु थियो-बंगलादेशको राजधानी ढाकास्थित धर्मराजिक विहार, कमलापुरमा प्राचीन बौद्ध दार्शनिक आचार्य दीपंकर श्रीज्ञान (सन् ९८२-१०५४) को १००० औं जन्म जयन्ती-जुन ४ दिन (२६ जनवरी-४ मार्च १९८३) सम्म बडो भव्यरूपमा मनाउन लागेको कार्यक्रममा सहभागी हुन आउनुभएको थियो । त्यहाँको कार्यक्रम सकिएपछि उहाँ नेपाल भ्रमणार्थ पनि आउनुभएको थियो ।

त्यसबेला डा. भदन्त एच. सद्धातिस्स महास्थविरले आनन्दकुटी विद्यापीठ, बुद्धविहार-भृकुटीमण्डप, धर्मकीर्ति विहार, त्रिभुवन विश्वविद्यालय आदि ठाउँहरूमा व्याख्यान दिनुभएको थियो ।

यसै वर्ष (सन् १९८३) - उहाँले यूरोपमा वा लन्डनमा धर्मदूतको कार्य गर्न आउनुभएको २५ वर्ष पूर्णभएको स्मरणस्वरूप उहाँका निकटतम



Downloaded from http://dhamma.digital

**धर्मबन्धू एवं सहकर्मीहरू मिली उहाँको सम्मान एवं कदरस्वरूप एक "बधाइ-ग्रन्थ" सम्पादन गरी प्रकाशित गरिएको थियो । त्यो हो - Buddhist studies in Honour of Hammalava Sadhatissa**

**सन् १९८३ मा उहाँ ७० वर्ष पुगिसक्नुभएको थियो । अफशोच । उहाँले आफ्नो जीवनको आठौं दशक पूरा गर्न सक्नुभएन, उहाँ केही दिनको अस्वस्थतापश्चात् लन्डनको एक अस्पतालमा १३ फरवरी १९९० का दिन सदाको निमित्त आफ्नो जीवन परित्याग गर्नुभयो ।**

**उहाँको शवलाई ४ दिनसम्म लन्डनको हैरोस्थित कैन्टनरोडको बुद्ध विहारमा अन्तिम दर्शनार्थ (श्रद्धाञ्जलीको निमित्त) राखिएको थियो । १७ फरवरी १९९० को दिन सो विहारबाट उहाँको शवयात्रा प्रारम्भ गरी डेढ घण्टापश्चात् दाहक्रियास्थल "गोल्डर्स ग्रीन क्रिमेटोरियम" मा पुऱ्याइयो । दिनको १२.४५ बजे डा. भदन्त एच.सद्धातिस्स महास्थविरको पार्थिव शरीरमा अग्नि दिइयो त केही घण्टापश्चात् नै उहाँको भौतिक देह यस संसारबाट विलीन भयो ।**

**यसप्रकार २० औं शताब्दीका एक तेजस्वी, निर्भीक, ओजस्वी वक्ता, महान् त्यागी, प्रसिद्ध लेखक हुनुभएका डा. भदन्त एच. सद्धातिस्स नायक महास्थविर-एशियाको श्रीलंका देशमा प्रादुर्भाव भएका व्यक्ति धर्मसेवाकै दौरानमा वा लोककल्याणार्थ आफ्नो देशबाट सातसमुद्रपार रहेको देश एवं महादेश (यूरोप) मा झण्डै आफ्नो अर्ध-जीवन बिताई एक अनुकरणीय सच्चा बुद्ध-पुत्र भई आफ्नो जीवन पश्चिमेलीहरुको माझमा नै अन्त गर्नुभयो ।**

■



Downloaded from http://dhamma.digital

## - सन्दर्भ -

1. Buddhist Studies in Honour of Hammalava Saddhatissa

Editors - Gatere Dhammapala
- Rechard Gombrich
- K.R. Norman
- Hammalava Saddhatissa Felicitation volume commettee University of Sri Jayawardenepure, Nugegoda, Sri Lanka - 1984

२. युगपुरूष अम्बेडकर - बी. आर. साँपला
- डा. अम्बेडकर समाज कल्याण परिषद नई दिल्ली-१९९० (द्वि.सं.)

३. बुद्ध-जीवन और दर्शन - डा. सद्धातिस्स
हिन्दी अनुवादक - विट्ठलदास मोदी,
- सस्ता साहित्य मण्डल प्रकाशन नईदिल्ली- १९८६ (तृ.सं.)

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# भिक्षु प्रियदर्शी महास्थविर

नेपालमा स्थविरवाद बुद्ध-धर्मको व्यापक प्रचार-प्रसार गर्न अतुलनीय योगदान दिनुभएका केही विदेशी भिक्षुहरूमा भिक्षु प्रियदर्शी महास्थविर पनि एक हुनुहुन्छ ।

उहाँको जन्म ८ जुलाई १९१४ का दिन श्रीलंकाको कोलम्बोस्थित कोटहेनामा पिता करोलिस देवलमुनि र माता रोसलिन हेटियाराच्चीका तेस्रो सन्तानको रूपमा भएको थियो । माता पिताले उहाँलाई "प्रेमरत्न" नामकरण गरेका थिए ।

आफ्नो प्रारम्भिक शिक्षा मिशिनरी (क्रिश्चियन) स्कूलमा गराएको भएतापनि मातापिताकै प्रेरणाबाट प्रेमरत्नले बुद्धधर्मसम्बन्धी प्रारम्भिक शिक्षा पनि शुरूगर्दै जाने अवसर पाएको थियो ।

१४ वर्षको उमेरमा मिशिनरी स्कूलपश्चात् नालन्दा विद्यालय (कलेज) मा अध्ययनरत हुनुभएका प्रेमरत्नको सम्पर्क कोलम्बो बम्बलपिटियास्थित वजिराराम विहारका नायक भिक्षु पेलेन वजिरञाण महास्थविर (सन् १८७८-१९५५) सित पनि सम्पर्क हुँदै आएको फलस्वरूप सिंहली साहित्यको साथै बुद्धधर्मको अभिधर्मविषयमा पनि अध्ययन हुँदै आएको थियो ।

पेलेन वजिरञाण महास्थविरका ज्येष्ठ एवं प्रमुख शिष्य भिक्षु नारद महास्थविर (सन् १८९८-१९८३) एवं उहाँका एक नातेदार बुद्ध-



Downloaded from http://dhamma.digital



**भिक्षु प्रियदर्शी महास्थविर**

(सन् १९१४-९८)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

धर्मप्रति समर्पित जिनदासाले एक दिन उहाँ (प्रेमरत्न) लाई प्रव्रजित हुन सल्लाह दिए। त्यसताका उहाँहरूको सल्लाहलाई प्रेमरत्नले त्यति हतार मान्नु भएन जब एक दिन रविवारीय कक्षापश्चात् महानायक पेलेन वजिरञाण महास्थविर स्वयंले उहाँलाई भन्नुभयो–

"प्रेमरत्न। अब तिमीले नालन्दा विद्यालयमा अध्ययन गर्न जान आवश्यक छैन। तिमी यहाँ (वजिराराम) आऊ र आफ्नो अध्ययन जारी राख। हामी कहाँ ठूलो पुस्तकालय छ।"

स्वयं महानायक पेलेन वजिरञाण महास्थविरकै तर्फबाट यसप्रकार सल्लाह दिएपश्चात् प्रेमरत्नले माता-पितासित अनुमति लिई पूरा २० वर्षको उमेरमा सन् १९३४ को जुलाई महिनामा पेलेन वजिरञाण महास्थविर कै आचार्यत्वमा प्रव्रजित हुनुभयो र यसको ५ महिनापछि दिसेम्बर महिनामा वेरगमपित विनयाचार्य रेवत महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न भई "भिक्षु पियदस्सी" अर्थात् "भिक्षु प्रियदर्शी" हुनुभयो।

"भिक्षु प्रियदर्शी"- पेलेन वजिरञाण महास्थविरका प्रमुख शिष्यहरूमा नारद महास्थविर, मद्दिहे पञ्ञासिंह महास्थविरपछिका एक प्रमुख शिष्य साबित हुन आयो। उहाँले २० औं शताब्दीको पाँचौ दशकको शुरूदेखि अर्थात् सन् १९४२-४३ देखिनै धर्मदूतकार्यमा भिक्षु नारद महास्थविर एवं श्रीलंकाका ख्यातिप्राप्त बौद्धविद्वान् सर डोन बारोन जयतिलक (संन् १८६८-१९४४) लाई साथ दिंदै आउनुभएको थियो। त्यसताका उहाँ भिक्षु नारद महास्थविर र सर डोन बारोन जयतिलकका साथ सर्वप्रथम श्रीलंका बाहिर भारतको बैंगलोरमा एक बौद्ध विहारको समुद्घाटन कार्यक्रममा उपस्थित (सहभागी) हुनुभएको थियो। त्यसैताका उहाँले सर्वप्रथम बुद्धका संवेजनीय स्थलहरूको पनि अवलोकन गर्नुभएको थियो।



Downloaded from http://dhamma.digital

यस्तै पाँचौं दशकको मध्येमा वा सन् १९४६ को अप्रिल महिनामा भिक्षु प्रियदर्शी-नारद महास्थविरको अनुकम्पाबाट सर्वप्रथम बुद्धको जन्मस्थल देश नेपालमा आगमन गर्ने अवसर प्राप्त गर्नुभएको थियो । त्यसताका नेपालको कट्टर हिन्दू राणासरकारले बौद्धभिक्षुहरूलाई देशबाट निष्काशन गरेको कारण- स्वदेश आगमन गराउन नेपालकै एक भिक्षु अमृतानन्द (उपसम्पन्न-२५ जनवरी १९४०), जो वजिराराम विहारमै बुद्ध-धर्म अध्ययन गरी फर्केका थिए ले नारद महास्थविर सन्मुख एक शिष्टमण्डल नेपाल आइदिन अनुरोध गरेको थियो । सो अनुरोधलाई स्वीकार गरी भिक्षु नारद महास्थविरले भिक्षु प्रियदर्शीलाई पनि शिष्टमण्डलमा सम्मिलित गराएका थिए ।

यसप्रकार भिक्षु प्रियदर्शी एवं भिक्षु नारद महास्थविरको पनि पहिलो नेपालयात्रा वि.सं. २००३ सालको वैशाख महिनामा शुरूभएको थियो । नेपाली भिक्षु अमृतानन्दसहितको ५ जनाको सो शिष्टमण्डलले नेपालका नयाँ प्रधानमन्त्री श्री ३ पद्मशम्शेर (शासनकाल, सन् १९४५-४८) सित भेटवार्ता गरी आफ्नो यात्रा सफल गरी फर्केको थियो ।

त्यसबेलादेखि भिक्षु नारद महास्थविर एवं भिक्षु प्रियदर्शीले नेपालको यात्रा निरन्तर गर्दै रहे । भिक्षु प्रियदर्शीले आफ्नो १३ पटकसम्मको विश्व-धर्मदूत यात्राको दौरानमा बीच-बीचमा अवसर निकाली नेपालमा पनि निमन्त्रित भई नेपाली जनसमुदायलाई बुद्धको कुशल उपदेशलाई सरलरूपमा व्याख्यान दिई निकै प्रभावित पारी जाने गर्नुहुन्थ्यो ।

यस पंक्तिका लेखकले उहाँको प्रथम दर्शन यस्तै व्याख्यानमालाको क्रममा सन् १९७३ को नेपालयात्राको समयमा "बौद्ध संघ भक्तपुर" को तर्फबाट आमन्त्रण गरी भक्तपुरको "बौद्ध समकृत विहार" मा धर्मोपदेश दिन लगाएको बेलामा पाइएको थियो । त्यसताका उहाँ "बुद्धशासन सेवा



Downloaded from http://dhamma.digital

समिति, गणमहाविहार" का सचिव भिक्षु सुमंगल (वि.सं.१९८६-२०५५) को निम्तोमा नेपाल आगमन गर्नुभएको थियो र भिक्षु प्रियदर्शीको प्रत्येक व्याख्यानको अनुवाद उहाँले नै गर्नुभएको थियो ।

भिक्षु पेलेन वजिरञाण महास्थविरका विश्वप्रचारक धर्मदूत शिष्यहरूमा प्रमुख शिष्य नारद महास्थविरपश्चात् भिक्षु प्रियदर्शी नै प्रमुख प्रचारक हुनुभएको थियो । सन् १९५२ मा उहाँले सर्वप्रथम सुदूर पूर्वका देशहरूमा धर्मप्रचार गर्न जानुभएको थियो त सन् १९५८ मा पहिलोपल्ट यूरोपीय देशहरूमा धर्मप्रचार गर्न जानुभयो । यसपश्चात् उहाँको धर्मदूत यात्रा भइनै रह्यो ।

स्मरणीय छ, सन् १९६४ मा भिक्षु प्रियदर्शीले अमेरिकाको हार्वर्ड विश्वविद्यालयमा बुद्ध-धर्म एवं अन्य धर्मको तुलनात्मक अध्ययन गर्ने सु-अवसर प्राप्त गर्नुभएको थियो । यसमा उहाँलाई वर्षदिनको निमित्त छात्रवृत्ति Asia Foundation बाट प्राप्त भएको थियो ।

यसको २ वर्षपछि भिक्षु प्रियदर्शी महास्थविरले The world Fellowship of Buddhist र All Cylon Buddhist congress को संयुक्त सहयोगमा पश्चिम अफ्रिकाका मुलुक घाना (Ghana) मा धर्मयात्रा गर्न जानुभयो । यो नै पश्चिम अफ्रिकामा पहिलो पल्ट पुगेको बौद्धमिशन थियो ।

घानामा उहाँले धर्मदूतकार्यअन्तर्गत अनुराधापुरबाट प्राप्त महाबोधिवृक्षको एक हाँगा पनि पुर्‍याई आक्रा (Accra) स्थित ओसु कास्टल (Osucastle) मा रोप्नुभएको थियो । भिक्षु प्रियदर्शी महास्थविरले सन् १९७३ मा पनि घानाको यात्रा गर्नुभएको थियो । घानाबाट उहाँ दक्षिण अमेरिका जानुभयो र ब्राजिलमा एक ध्यान केन्द्रको पनि स्थापना गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

यस्तै सन् १९७५ मा भिक्षु प्रियदर्शी महास्थविरले उत्तर अमेरिकाका कयौं ठूल्ठूला शहरहरूमा पुगी बुद्ध धर्मसम्बन्धी व्याख्यान दिनुभएको थियो। ती शहरहरूमा लसएन्जेल, सान फ्रान्सिस्को, सिटल, टोरोन्टो आदि प्रमुख थिए। क्यानाडामा त उहाँबाट विहारनै निर्माण भएको थियो।

यसप्रकारको भिक्षु प्रियदर्शी महास्थविरद्वारा गरिएको धर्मदूतयात्राको वर्णन गरेर साध्य नै छैन। उहाँले आफ्नो जन्मभूमि, बुद्ध-भूमि, सूर्योदयको देश, अन्धकारको महादेश, विचित्रको महादेशका मुलुकहरूप्रति त्यतिकै समभावले विचरण गरी तथागतको सन्देशलाई व्यापक रूपमा प्रचार-प्रसार अथक रूपमा गर्दैरहेको थियो।

देश-देशावरमात्र होइन संसारका ६ वटै महादेशमा निरन्तर घुमफिर गरी धर्मदूतयात्रा सम्पन्न गर्दै रहने भिक्षु प्रियदर्शी महास्थविरले आफ्नो देश श्रीलंकाको कुनाकाप्चासम्म पुगी धर्मव्याख्यानमा सहभागी हुनु स्वाभाविकै हुन गयो। विदेशका प्रायः सम्पूर्ण बौद्ध धर्मावलम्बीहरूद्वारा सुपरिचित भिक्षु प्रियदर्शी महास्थविरलाई स्वदेशका सम्पूर्ण बौद्धधर्मावलम्बीहरूद्वारा परिचित नहुने त कुरै भएन।

उहाँ सुविख्यात बौद्धविद्वान, लेखक, घुमक्कड हुनुको साथै Buddhist Publication Society, Kandy का एक संस्थापक पनि हुनुहुन्थ्यो। उहाँको 'The Seven Factors of Enlightenment' नामक पुस्तक नै यस प्रकाशनको Wheel Publication को पहिलो पुस्तक थियो। उहाँ पछि आएर यस Publication को सिंहली विभागका सम्पादक सल्लाहकार हुनुभएको थियो।

यस्तै भिक्षु प्रियदर्शी महास्थविर श्रीलंकाका All Ceylon Buddhist Student Union का चीफ डाइरेक्टर पनि भई श्रीलंकाका



Downloaded from http://dhamma.digital

देशव्यापी बौद्ध विद्यार्थीहरूलाई एक आपसमा सम्बन्ध वृद्धि गराउनुको साथै धार्मिक छलफल, सामाजिक कार्य आदिमा सरिक गराई देशको सेवा गराउनमा पनि प्रेरणा दिन लगाएका थिए ।

२० औं शताब्दीको दोस्रो दशकमा जन्मनुभएका भिक्षु प्रियदर्शी महास्थविरद्वारा यस शताब्दीको अन्तिम दशकसम्म पनि धर्मयात्रा गर्दैरहेको थियो। अत: उहाँको अतुलनीय योगदानलाई स्मरण गरी श्रीलंकाका राष्ट्रप्रमुखहरू पनि सम्मिलित गराई विशेषत: श्रीलंकाका "अमरपुर निकाय" का भिक्षु महासंघले उहाँलाई "विश्वकीर्ति श्री शासनशोभन" पदबाट विभूषित गरिएको थियो साथै "संघनायक थेर" को उपाधि पनि प्रदान गरिएको थियो । उहाँको देनको स्मरणस्वरूप "प्रियदर्शन" नामक एक संस्मरणात्मक बधाइग्रन्थ (Felicitation volume) पनि प्रकाशित गरिएको थियो ।

उहाँलाई यस सम्मान उहाँको १२ औं पटकको विश्वधर्मप्रचार यात्रापश्चात् १८ जुलाई १९९१ का दिन प्रदान गरिएको थियो भने यसको ३ महिनापछि पुन: १३ औं पटक वा अन्तिम विश्वधर्मदूतयात्राको निमित्त उहाँले २३ अक्टोबर १९९१ का दिन श्रीलंकाबाट प्रस्थान गर्नुभएको थियो ।

विश्वका अनेकौं बौद्ध-संघ-संस्थाहरूको सहयोगबाट सम्पन्न उहाँको यस अन्तिम धर्मदूतयात्रा पूरा वर्षदिनको थियो अर्थात् उहाँ सन् १९९२ को अक्टोबर महिनामा यात्रा सम्पन्न गरी श्रीलंका फर्कनुभएको थियो । यस यात्रामा उहाँले इटाली, स्वीट्जरलैण्ड, फ्रान्स, हलैण्ड, स्वीडेन, इङ्गलैण्ड, संयुक्त राज्य अमेरिका, जापान, दक्षिण कोरिया, इन्डोनेशियाका साथै अष्ट्रेलिया र सिंगापुरमा पनि धर्मयात्रा सम्पन्न गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

यस यात्राका केही संस्मरणहरूमा लन्डन बौद्धविहारमा डा.एच.सद्धातिस्स नायक महास्थविरको दोस्रो स्मृति उत्सव (१३ फरवरी १९९२) मा सहभागी, अमेरिकाको वासिङ्टनस्थित "वासिङ्टन विहार" को रजतजयन्ती समारोहको अध्यक्षता (१९ अप्रिल १९९२), सन् १९९२ (बु.सं. २५३६) को वैशाखपूर्णिमा क्यानाडाको टोरोन्टो शहरमा भियतनामीहरूको Amida Temple मा त्यहाँस्थित भियतनामीहरूद्वारा भव्यरूपमा सम्पन्न उत्सवमा प्रमुख अतिथि हुनु, टोरोन्टो महाविहारमै आफ्नो ७८ औं जन्मोत्सव मनाइनु (८ जुलाई १९९२), टोरोन्टोमै जापानस्थित श्रीलंकाका राजदूत सी. महेन्द्रन (आफ्नै मित्र) मार्फत् श्रीलंकाका राष्ट्रपति रणसिंघे प्रेमदासाको बधाइसन्देश (सुस्वास्थ्य एवं दीर्घायुको कामना गरी पठाएको) प्राप्त हुनु, भिक्षु निचिदात्सु फुजीको ८ औं स्मृतिदिवस (१६ जुलाई १९९२) मा विशेष अतिथि हुनु, दक्षिण कोरियाको राजधानी सिओलमा त्यहाँस्थित Tripitaka Graduate School को तर्फबाट "त्रिपिटकाचार्य" उपाधि प्राप्त हुनु आदि प्रमुख हुन् ।

अफशोच । भिक्षु प्रियदर्शी महास्थविरले यस १३ औं पटकको विश्व धर्मदूतयात्रा सम्पन्न गरेको केही वर्षपछि सुदूर पूर्वका केही मुलुकहरू र तथागतको जन्मभूमि नेपालको अन्तिमपटक यात्रा गरेको दुई वर्षपछि २० अगस्त १९९८ का दिन, ८४ वर्षको उमेरमा आफ्नो सर्वव्यापी धर्ममय जीवन श्रीलंकाको कोलम्बोस्थित वजिराराममै अन्त गर्नुभयो ।

■



Downloaded from http://dhamma.digital

## भिक्षु प्रियदर्शी महास्थविरका अंग्रेजी कृतिहरू

1. The Buddha's Ancient path
2. Buddhism a living message
3. The book of Protection
4. Buddhist meditation
5. Stories of Buddhist India
6. One hundred thought
7. The spectrum of Buddhism
8. The Buddha - short study of his life and Teaching
9. Dependent origination - Paticca samuppada
10. The Lamp of the Law
11. Ordination in Theravada Buddhism.
12. Four sacred shrines
13. The philosophy of change
14. The Psychological Aspects of Buddhism.
15. Aspects of Buddhism
16. Buddhist observances and Practice.
17. The story of Mahinda, Sangamitta, sri Mahabodhi
18. The Dhammapada
19. Buddhism in the western world



Downloaded from http://dhamma.digital

20. Selections from the Dhammapada
21. The Threefold Division of the Path
22. The Buddha as a master mind
23. Narada Felicitaion volume
24. The Seven Factors of Enlightenment

**- सन्दर्भ -**

1. Piyadassi - The Wandering Monk His life & Times
- Kirthie Abeyesekera
- Karunaratne & sons Ltd. 647
Kularatne Mawatha colombo 10

2. Buddhism in the Western world
- Ven. Piyadassi Thero
- Lincoln Forum Series - No.2

३) आनन्द भूमि - वर्ष-१, अंक- १
(वैशाख, २०३०)

संघाराम
बुद्धजयन्ती विशेषांङ्क
- २५४७ -



Downloaded from http://dhamma.digital



भिक्षु एल्. आर्यवंश नायक महास्थविर

(सन् १९१५-९४)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# भिक्षु एल. आर्यवंश नायक महास्थविर

आधुनिक युगमा भारतमा बुद्ध-धर्म सुप्रतिष्ठित पार्नमा वा महाबोधि-सभाका संस्थापक अनागारिक धर्मपाल (सन् १८६४-१९३३) को लक्ष्यलाई परिपूर्ति पार्न विशेष महत्त गर्नुभएका व्यक्तिहरूमा भदन्त एल. आर्यवंश नायक महास्थविर पनि एक प्रमुख व्यक्तित्व हुनुहुन्छ।

उहाँको जन्म २३ अक्टोबर १९१५ का दिन हाल बंगलादेश (त्यसताका भारतनै) को एक प्रमुख शहर चटगाउँको 'लाखैरा' नामक जिल्लामा भएको थियो । उहाँ पिता कालीकुमार बरुआ र माता शशीकुमारी बरुआका छैठौं सन्तान थिए । उहाँको पिता एक विख्यात आयुर्वेदिक चिकित्सक थिए । तिनीहरूले आफ्नो छैठौं सन्तानलाई "अपूर्व बरुआ" नामकरण गरिएको थियो । ५ वर्षको उमेरमा गाउँकै एक पाठशालामा भर्ना गरिएका अपूर्व बरुआले आफ्नो कार्यमा निरन्तर प्रगति गर्दै लगे । प्रत्येक कक्षामा प्रथम श्रेणीमा उत्तीर्ण हुनाको कारण गुरुवर हरूले उनलाई एक आदर्श छात्रको रूपमा लिएका थिए ।

माता–पिता लगायत चार दाजुभाइ र दुई दिदी-बहिनीका साथ आफ्नो बाल्यकाल बिताउँदै आएका अपूर्व बरुआले गाउँको पाठशालामा ६ कक्षासम्म मात्र अध्ययन गरे । त्यसैताका उहाँकी दिदीको विवाह एक



Downloaded from http://dhamma.digital

व्यापारीसित भएको थियो जो आफ्नो व्यापारको सिलसिलामा बरोबर बर्मा (म्यानमार) मा जाने गर्दथे । यसै क्रममा अपूर्व बरुआ पनि १३ वर्षको उमेरमा आफ्नो पिताका साथ भिनाज्यूको व्यापारको सिलसिलामा रंगून पुगेका थिए । महिना दिनको रंगून निवासकालमा अपूर्व बरुआले त्यहाँका कयौं ख्याति प्राप्त चैत्यहरू र बौद्ध विहारहरूको अवलोकन गर्न पाएको थियो साथै त्यहाँका बौद्धहरूको धार्मिक सामाजिक जीवन प्रत्यक्ष देख्न पाएको फलस्वरूप अपूर्व बरुआमा पनि आफ्नो जातीय धर्मप्रति ठूलो श्रद्धा र जागृति पैदा भयो । यसैको परिणामस्वरूप बर्माबाट फर्केको लगत्तै आफ्नै गाउँको विहारमा रहनुभएका विनयाचार्य भिक्षु प्रज्ञालंकार महास्थविरको सान्निध्यमा रही पाली एवं अन्य बौद्धसाहित्यको अध्ययन (प्रारम्भिक ज्ञान) शुरु गर्दै लगे । यतिले मात्र सन्तोष नभई उहाँले १४ वर्षकै उमेरमा आफ्नो पिता एवं अन्य स्वबन्धुहरूसित समेत अनुमति लिई सन् १९२८ मा आफ्ना कुलगुरु भिक्षु प्रज्ञालंकार महास्थविरकै आचार्यत्वमा आफ्नै गाउँ लाखैरामा श्रामणेर दीक्षा लिए ।

श्रामणेर हुनुभएको केही दिनपछिनै उहाँ आफ्ना गुरु, पिता एवं अन्य विहारका उपासकोपासिकाहरूका साथ बुद्धका संवेजनीय स्मारक स्थल (लुम्बिनी, बुद्धगया, सारनाथ र कुशीनगर आदि) हरूको अवलोकनार्थ भारतको विहार र उत्तर प्रदेशमा आइपुगे । यसै यात्राकालमा श्रामणेर अपूर्व रंजनले सारनाथमा श्रीलंकाका सुप्रसिद्ध भिक्षु आर्यवंश महानायक महास्थविरसित भेट गर्ने सुअवसर प्राप्त गरे । उहाँले उक्त महास्थविर समक्ष आफू पनि श्रीलंकामा आई बौद्ध साहित्यको गहन अध्ययन गर्ने इच्छा जाहेर गरे जसलाई महानायक महास्थविरले सहर्ष स्वीकार गरे । त्यसताका महानायक महास्थविर पनि अन्य भिक्षुहरूका साथ तीर्थयात्रा गर्न त्यहाँ पुगेका थिए ।



Downloaded from http://dhamma.digital

श्रामणेर अपूर्व तीर्थयात्रापश्चात् आफ्नै गाउँको 'महामुनि हाईस्कूल' मा ७ कक्षामा भर्ना भए । उहाँले सो स्कूलमा १० कक्षासम्म अध्ययन गरे साथै विहारमा विशेषत: धर्मालोक महास्थविरसित धार्मिक शिक्षा पनि निरन्तर अध्ययन गर्दै रहे ।

स्मरणीय छ, सन् १९३० मा महाबोधि-सभाका संस्थापक अनागारिक धर्मपालले तथागतको प्रथम धर्मचक्रप्रवर्तन स्थल सारनाथ (ऋषिपतन मृगदावन) मा एक "अन्तर्राष्ट्रिय बौद्ध शिक्षण संस्थान" स्थापना गर्नुभएको थियो । सो शिक्षण संस्थानमा अध्ययन गराउन उहाँ (अनागारिक धर्मपाल) ले श्रीलंकाबाट १० जना श्रामणेरहरू जम्मा गरी भारत ल्याएका थिए । यस्तै यस शिक्षण संस्थानमा अध्ययन गराउन चटगाउँबाट पनि १० जना श्रामणेरहरू ल्याउने निर्देशन आफ्ना प्रमुख शिष्य देवप्रिय बलिसिन्हा (सन् १९०४-६८) लाई दिएको थियो । अत: देवप्रियको निमन्त्रणमा श्रामणेर अपूर्व ९ जना अन्य श्रामणेरहरूका साथ चटगाउँबाट महाबोधि सभा, कलकत्ता हुँदै १६ जून १९३१ का दिन सारनाथ आइपुगे । त्यसताका सो शिक्षण संस्थानका प्रधानाचार्य श्रीलंकाबाट नै भदन्त डी. शासनश्री (सन् १८९९-१९६६) लाई नियुक्त गरी उपर्युक्त १० जना सिंहली श्रामणेरहरूका साथै भारतमा निमन्त्रित गराइएको थियो । अत: चटगाउँका ती श्रामणेरहरूले पनि भदन्त डी. शासनश्रीको सान्निध्यमा रही पाली एवं सिंहली साहित्यको ज्ञान हासिल गर्दै लगे ।

सन् १९३२ को जुलाई महिनामा श्रामणेर अपूर्वलाई श्रीलंकाबाट एक पत्र प्राप्त भयो जुन पत्र महानायक आर्यवंश महास्थविरबाट पठाइएको थियो । त्यस पत्रमा श्रामणेर अपूर्वलाई श्रीलंकामा अध्ययनार्थ निमन्त्रित गरिएको थियो । अत: श्रामणेर अपूर्व प्रसन्नताका साथ सारनाथबाट बिदा भई चटगाउँ हुँदै १८ वर्षको उमेरमा श्रीलंका पुगे ।



Downloaded from http://dhamma.digital

श्रीलंका पुगी श्रामणेर अपूर्व रंजनले "प्रवचनोदय ओरियन्टल कलेज, मौल्लीगोडा" मा आचार्य आर्यवंश महास्थविरको पथप्रदर्शनमा पाली त्रिपिटक-सिंहली भाषा र साहित्य ९ वर्षसम्म क्रमिक रूपमा अध्ययन-मनन गरे । त्रिपिटक विशारद परिवेण प्रथम तथा अन्तिम उपाधि गर्न ९-१० वर्ष लाग्ने रहेछ । उहाँले बौद्ध साहित्यको साथसाथै पाली व्याकरण, अलंकार शास्त्र, भाषा विज्ञान र संस्कृत साहित्यको विस्तृत अध्ययन गरेका थिए ।

श्रामणेर अपूर्वले श्रीलंकामा अध्ययनरत भइरहेकै बेला सन् १९३८ को जून महिनामा त्यहाँको "कोहेमंगल उपोसथागार कल्याणी धर्म सामग्री महासभा" मा बडो भव्यरूपमा महानायक भिक्षु आर्यवंश महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न भई गुरुवरकै अनुकम्पाबाट गुरुवरकै नाममा "भिक्षु एल. आर्यवंश" हुनुभयो । उपसम्पदापश्चात् भिक्षु एल. आर्यवंशले श्रीलंकामा नै "सुबोधालंकार" र "चतुरार्य सत्य" नामक दुईवटा कृतिको रचना गर्नुभएको थियो ।

भिक्षु एल. आर्यवंशले २ दिसेम्बर १९४१ का दिन "प्रवचनोदय युनिवर्सिटी, मौल्लीगौडा" बाट "सद्धर्माचार्य" उपाधि ग्रहण गरे पश्चात् श्रीलंकाको अध्ययन समाप्त गर्नुभयो । उपाधि वितरण (दीक्षान्त समारोह) का दिन भिक्षु एल. आर्यवंशले एक सारगर्भित एवं मर्मस्पर्शी भाषण पनि दिनुभएको थियो जसमा उहाँले आफ्नो ९-१० वर्षको सिंहल निवासकालको सिंहावलोकन गरी आफ्ना आचार्य, गुरुजन एवं सहपाठीहरूप्रति सम्मान एवं स्नेह व्यक्त गरी - सिंहलमा रही प्राप्त गरेको ज्ञानले भारतमा रही यथासक्य बुद्धधर्मको प्रचार-प्रसार गर्ने अठोट गर्नुभयो ।

साँच्चै नै भिक्षु एल. आर्यवंश श्रीलंकाबाट जलयान र रेलमार्गबाट कलकत्ता पुगी सर्वप्रथम आफ्नो गाउं 'लाखैरा' पुग्नुभयो । त्यहाँ उहाँले



Downloaded from http://dhamma.digital

आफ्नो प्रव्रजित गुरु विनयाचार्य प्रज्ञालंकार महास्थविरका साथ "अभय विहार" मा रही स्थानीय एवं सुदूरवर्ती क्षेत्रहरूमा अनेक धर्मसभा, सम्मेलन र समारोह आदिको माध्यमबाट बुद्ध धर्मको प्रचार-प्रसारमा लागि रहनुभयो ।

सन् १९४९ को अक्टोबर महिनामा महाबोधि-सभाका प्रधान सचिव श्री देवप्रिय बलिसिन्हाको अनुरोधमा भिक्षु एल. आर्यवंश महाबोधि सभाको धर्मदूतको रूपमा कलकत्ता आउनुभयो । त्यसैबेला उहाँले बंगालीभाषामा "बौद्ध नीति शिक्षा" नामक ३५ पेजको एक पुस्तक पनि लेखी प्रकाशित गर्नुभएको थियो । कलकत्तामा वर्षदिन रही उहाँ देवप्रियकै इच्छानुसार नवम्बर, १९५० मा सारनाथ पुग्नुभयो । सारनाथमा स्थायीरूपमा रही सभाको कार्य संचालन गर्दै लगे । उहाँले सर्वप्रथम त्यहाँ एक पुस्तकालयको प्रबन्धार्थ अति मेहनत गर्नुभयो । तर उहाँको कठोर परिश्रम र त्यहाँको प्रतिकूल वायुको कारण भिक्षु एल. आर्यवंश बिरामी भयो र सन् १९५१ को अगस्तको पहिलो हप्तामै उहाँ उपचारको निमित्त कलकत्ता फर्कनुभयो । कलकत्ताका डाक्टरहरूको सल्लाहनुसार उहाँ शिलाङ्ग (मेघालय प्रदेश) जानुभयो जहाँ ३ महिनाको बसाईपछि उहाँ पूर्ण स्वस्थ भई कलकत्ता फर्कनुभयो ।

महाबोधि-सभाले तब उहाँलाई सारनाथमा होइन दिल्ली मन्दिर मार्ग वा बिडलामार्गस्थित बुद्ध विहारमा इन्चार्जको रुपमा नियुक्त गरी पठाए । उहां ७ नवम्बर १९५१ का दिन सो विहारमा पुगे । त्यसताका सो विहारमा श्रीलंकाका प्रतिष्ठित भिक्षु एच.सद्धातिस्स महास्थविर (प्रव्रजित-१९२६) रहँदै आउनुभएको थियो । उहाँले भिक्षु एल. आर्यवंशलाई भारतको राजधानीमा अवस्थित सो विहारमा रहन विशेष योग्यताको आवश्यकता देखेको कारण उहाँ (भिक्षु एल. आर्यवंश) को



Downloaded from http://dhamma.digital

परीक्षा लिइसकेपछि मात्र निश्चित रूपमा उहाँलाई राखी आफू सारनाथ जानुभयो ।

भिक्षु एच. सद्धातिस्स महास्थविर सन् १९४७ मा श्रीलंकाबाट भारत आउनुभएको थियो । उहाँ महाबोधि इंटर कालेज, सारनाथको निमित्त पाली अध्यापक नियुक्त भई आउनुभएको थियो । सारनाथबाट केही समयको निमित्त दिल्ली बुद्धविहारको प्रबन्धक हुन पुग्नुभएका उहाँ भिक्षु एल्.आर्यवंशको दिल्ली आगमनपश्चात् सारनाथ मै फर्कनुभयो ।

स्मरणीय छ, दिल्लीस्थित सो विहारको जग्गा सर्वानन्द बरुआको थियो र उसलाई सो जग्गा भारतका वायसराय (Viceroy) को सेवक भएको नाताले प्राप्तभएको थियो । उहाँ (सर्वानन्द बरुआ) सो जग्गामा बुद्ध विहार बनाउन चाहन्थे तर आफ्नो असमर्थताको कारण उहाँले सो जग्गा विहार बनाउने शर्तमा महाबोधि सभालाई प्रदान गरे । महाबोधि सभाका प्रधान सचिव श्री देवप्रिय बलिसिन्हाले यसको निमित्त सेठ जुगल किशोर बिडला (सन् १८८३-१९६७) सित सरसल्लाह गरे । सेठ जुगल किशोर बिडलाले आफूले निर्माण गर्न लगाएको "लक्ष्मीनारायण मन्दिर" सँगै सो बुद्ध-विहार पनि पूर्ण रूपमा आफ्नै उदारताले तयार गर्न लगाई आफ्ना पिता बलदेवदास बिडलाको स्मृतिमा समर्पण गरिदिए । यस विहार निर्माणको शिलान्यास ३१ अक्टोबर १९३६ का दिन जापानका जनरल कन्सल के. योनेजावाको हातबाट भएको थियो । विहारको पूर्ण निर्माणपछि त्यसको समुद्घाटन १८ मार्च १९३९ का दिन भारतका अहिंसावादी नेता एवं भावी राष्ट्रपिता महात्मा गान्धी (सन् १८६९-१९४८) को हातबाट भएको थियो ।

भिक्षु एल. आर्यवंश स्थविर दिल्लीमा आउनुभएदेखि उहाँले बुद्ध विहार मन्दिर मार्गलाई सुव्यवस्थित रूपमा संचालन गर्न कठोर परिश्रम



Downloaded from http://dhamma.digital

गर्नुभयो। उहाँको मिलनसारिता, व्यवहार कुशलता आदि गुणको कारण उहाँको ख्याति बढ्दै गयो। भारतको राजधानी दिल्लीमा अवस्थित महाबोधि-सभाको त्यस बुद्ध विहारमा क्यौं राष्ट्रपति एवं प्रधानमन्त्रीहरूको आगमन हुँदै आयो।

विदेशका क्यौं राष्ट्रप्रमुखहरू पनि सो विहारमा आई आ-आफ्नो श्रद्धा प्रकट गरेर जाने क्रम पनि हुँदै आए जसमा प्रमुखतः श्रीलंका, बर्मा, थाइलैण्ड, जापान, चीन, कोरिया आदि देशका राष्ट्रप्रमुख, मन्त्री, राजदूत एवं अन्य उच्च अधिकारीहरूको आगमनलाई लिन सकिन्छ।

भिक्षु एल.आर्यवंश महास्थविर सो विहारको इन्चार्जको रूपमा रही सबै काम आफैंले गर्दथे जसमा विहारमा बढार्ने कामदेखि लिएर धर्मोपदेशसम्मको थियो। उहाँकै विशेष प्रयत्नमा दिल्लीमा वर्षेपिच्छे वैशाख पूर्णिमा महोत्सव, अनागारिक धर्मपाल जयन्ती मात्र होइन अन्य धार्मिक एवं सांस्कृतिक कार्यक्रमहरूको आयोजना पनि उहाँ स्वयं नै गर्नुहुन्थ्यो। उहाँकै विशेष प्रयत्नमा दिल्ली विश्वविद्यालयमा "बौद्ध शिक्षा अध्ययन विभाग" स्थापना भएको थियो साथै काशी हिन्दूविश्वविद्यालयमा पनि त्यसको विभाग स्थापना गर्नमा उहाँको विशेष सहयोग रहेको थियो। उहाँ आफैंले पनि पाली एवं अन्य बौद्ध-धर्म-दर्शन सम्बन्धी व्याख्यान विहारमा मात्र होइन दिल्लीका कैयौं ठाउँ-ठाउँहरूमा पनि दिंदै जाने गर्दथे।

भिक्षु एल. आर्यवंश महास्थविर महाबोधि-सभाका एक उपाध्यक्ष थिए त विश्व बौद्ध संघ सभा (The World Buddhist Sangha Council) का पनि उपाध्यक्ष थिए। उहाँलाई सन् १९७९ मा मंगोलियाको राजधानी उलानबाटोरमा सम्पन्न एशियाई बौद्ध सम्मेलनमा "शान्ति पुरस्कार" प्रदान गरिएको थियो त सोहि सालमै (१९७९) उहाँलाई श्रीलंकाको



Downloaded from http://dhamma.digital

बौद्ध संघले "उत्तर भारतका नायक महाथेर" को उपाधि प्रदान गरेको थियो । उहाँ सन् १९७७ र १९८२ मा मास्को (रुस) मा सम्पन्न विश्व धर्म शान्ति सम्मेलनमा सम्मिलित (प्रतिनिधि) हुनुभएको थियो । सन् १९७८ मा जापानमा सम्पन्न भएको विश्व बौद्ध भ्रातृत्व संघ (The World Fellowship of Buddhists) को १२ औं विश्व बौद्ध सम्मेलनमा उहाँलाई प्रमुख अतिथिको रूपमा निम्त्याइएको थियो । यस्तै सन् १९८५ को अक्टोबर महिनामा बौद्धहरूको प्रमुख प्रतिनिधित्व गरी चीन भ्रमण पनि गर्नुभएको थियो ।

यी अनेक सभा-सम्मेलनहरूमा प्रतिनिधित्व गरी देश-विदेशको भ्रमण गर्नुको अतिरिक्त उहाँले नेपाल, बंगलादेश, मलेशिया, भूटान, बर्मा र थाइलैण्ड आदि देशहरूमा पनि कैयौं पटक यात्रा गर्नुभएको थियो ।

जीवनको अन्तमा उहाँ लामो समयसम्म बिरामी हुनुभयो । ४४ वर्षसम्म अथक लगन, मेहनत, इमान्दारी र निष्ठाबाट उक्त दिल्लीको बिडला मार्ग वा मन्दिर मार्गमा अवस्थित बुद्ध-विहारको व्यवस्था सुचारु रूपमा चलाइसकेपछि १ अक्टोबर १९९४ का दिन उहाँ सदाको निमित्त यस संसारबाट बिदा लिनुभयो ।

उहाँको निधन भएको ३ महिनापछि ३० दिसम्बर १९९४ का दिन दिल्लीको उक्त विहारमा उहाँको पुण्यस्मृतिमा भव्यरूपमा भिक्षु महासंघद्वारा अहोरात्र महापरित्राण पाठ सम्पन्न गरिएको थियो । उक्त महापरित्राण पाठमा यस पंक्तिका लेखक पनि आफ्नो सहोदर दाजु भिक्षु धम्मशोभन (उपसम्पदा-१९ फरवरी १९७६) का साथ सहभागी भई महापरित्राण पाठ श्रवण गर्ने सुअवसर प्राप्त गरेको थियो । यसै महापरित्राणको बेला त्यसताकाका महाबोधि-सभाका प्रधान सचिव भिक्षु एम्. विपुलसार



Downloaded from http://dhamma.digital

महास्थविर र एस. विजितधम्म स्थविरलाई पनि दर्शन गर्ने अवसर पाइएको थियो । अत: उक्त कार्यक्रम (महापरित्राण) मा सहभागी हुन पाउनु यस पंक्तिका लेखकले आफ्नो जीवनको एक सौभाग्य मानेको छ ।

■

- सन्दर्भ -

1) The MahaBodhi Centenary Volume (1891-1991)
- The MahaBodhi Society of India
4 A Bankim Chatterjee Street
Calcutta 700073

२) प्रबुद्ध जगत् - वर्ष- १, अंक-६ (अक्टोबर, १९९७)

३) 'धर्मदूत' - वर्ष-२, अंक-७ (नवम्बर, १९३६)

Dhamma.Digital

"शान्ति-सन्देश"
वर्ष-३, अंक-३
(कार्तिक-२०५९)



Downloaded from http://dhamma.digital

# भिक्षु महानाम महास्थविर 'कोविद'

नेपालमा स्थविरवाद बुद्ध-धर्म, नेपालभाषा एवं यसको साहित्य प्रचार-प्रसार गर्नमा विशेष योगदान गर्नुभएका महानुभावहरूमा भिक्षु महानाम महास्थविर 'कोविद' पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म २१ माघ १९७४ अर्थात ४ फरवरी १९१७ का दिन काठमाडौंको केलटोलमा भएको थियो । उहाँ पिता तेजरत्न कंसाकार र माता हर्षलानी कंसाकारका सुपुत्र हुनुहुन्छ । मातापिताका तर्फबाट उहाँले आफ्नो नाम "मोहनरत्न" पाउनुभएको थियो ।

उहाँको ७ वर्षको उमेरमै पिता तेजरत्न कंसाकारले यस संसार लाई छोडेर जानुभएको थियो । अत: उहाँको बाल्यकाल कष्टमय थियो तैपनि उहाँले नेपालको सबभन्दा पुरानो "दरबार हाइस्कूल" मा केही वर्ष अध्ययन गर्नुभएको थियो ।

संयोगको कुरा, त्यसबेला एक प्रतिष्ठित व्यापारीको रुपमा रहेको बारां साहू (पछि भिक्षु धर्मालोक) आफ्ना कनिष्ठ पुत्र त्रिरत्नलाई साथ लिई श्रीलंका जाने तरखरमा हुनुहुन्थ्यो । यस मौकामा मोहनरत्न कंसाकारका एक हितैषी हस्तिरत्न विचारीले त्यस कुरालाई थाहापाई मोहनरत्न एकजनालाई पनि श्रीलंकामा लगी विद्याध्ययन गर्न लगाए बेश होला भन्ने



Downloaded from http://dhamma.digital



भिक्षु महानाम महास्थविर 'कोविद'

(सन् १९१७-९६)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

सुझाव दशरत्न (वारां) साहूकहाँ पुऱ्याए । दशरत्न साहूले पनि मन्जूर गरिहाले । अतः उहाँले दुवै बच्चाहरू लिई श्रीलंका जानको निमित्त सन् १९२९ को शुरुमा भारत प्रस्थान गर्नुभएको थियो । दशरत्न साहू सर्वप्रथम कुशीनगर जानुभयो ।

कुशीनगरबाट लुम्बिनी एकचोटि आउनुभई त्यसपछि सारनाथ जानुभयो र सारनाथको अवलोकनपश्चात् कलकत्ता प्रस्थान गर्नुभयो । यसप्रकार मोहनरत्नले तथागतको संवेजनीय स्थलहरूको प्रथम दर्शन १२-१३ वर्षको उमेरमै गर्नुभएको थियो ।

त्यसबेला उहाँहरूको कलकत्ता निवासकाल २ हप्ता जतिको थियो । त्यस अवधिभित्रमा दशरत्न साहूले बच्चाहरूको निमित्त केही सरसामान जोरजाम गरे । त्यसपछि श्रीलंकासम्म पुऱ्याइदिने एक सज्जन (जहाजमा काम गर्ने व्यक्ति) लाई भेटी उनैको साथ सकुशल केलनियास्थित विद्यालंकार परिवेणमा पुग्नुभयो जहाँ उहाँको ज्येष्ठ पुत्र गजरत्न जो श्रामणेर अनिरुद्ध भइसकेका थिए बुद्ध-धर्म अध्ययनार्थ रहँदै थिए ।

दशरत्न साहू श्रीलंकामा एक महिना जतिरही दर्शनीय स्थलहरू अवलोकन गरिसकेपछि दुवै बच्चाहरू श्रामणेर अनिरुद्धलाई जिम्मा दिई कलकत्ता फर्कनुभयो । श्रीलंकामा ती दुई बालकहरूमध्ये मोहनरत्न कंसाकार केही महिनापछि सन् १९३० मा विद्यालंकार परिवेणका नायकपाद लु. धम्मानन्द महास्थविर (सन् १९६९-१९४५) को आचार्यत्वमा प्रव्रजित भई "श्रामणेर महानाम" हुनुभयो र त्रिरत्न तुलाधर ३ वर्षजति रही गृहस्थकै रूपमा कलकत्ता फर्कनुभएको थियो ।

श्रामणेर महानाम विद्यालंकार परिवेणमा ३ वर्षजति रही संस्कृत, पाली, सिंहली भाषा अध्ययन गर्नुभयो । त्यसपश्चात् गुरुवर लु. धम्मानन्द



Downloaded from http://dhamma.digital

महास्थविरकै आदेशानुसार श्रीलंकाको दक्षिणी भू-भागमा अवस्थित महामन्तिन्द परिवेण, मातरमा विस्तृत पालिसाहित्य अध्ययनको निमित्त जानुभयो । त्यहाँ ६ वर्षसम्म बौद्धसाहित्य अध्ययन गरिसकेपछि सन् १९३८-३९ तिर विद्यालंकार परिवेणमै फर्कनुभयो ।

श्रीलंकामा अध्ययनरत हुनुभएको बेलामै श्रामणेर महानामको भाजुरत्न साहू (वि.सं. १९४०-२०१३) सित पत्राचार भइसकेको थियो । श्रीलंकामा अध्ययन समाप्त गरी श्रामणेर महानामलाई भाजुरत्न साहूकै अनुकम्पा (बाटो खर्च समेत) बाट भारत आगमन गर्न सहज भएको थियो । अतः उहाँ कलकत्ता पुगी केही दिनपछिनै कालिम्पोङ जानुभएको थियो ।

यस अवधि (सन् १९४०) भित्रमा सारनाथस्थित "महाबोधि सभा" को तर्फबाट सन् १९३५ (बु.सं. २४७९) को बैशाखपूर्णिमादेखि "धर्मदूत" मासिक पत्रिकाको प्रकाशन शुरूभएको थियो ।

यसै पत्रिकाले वर्ष ५ को अंक ८ मा एउटा सूचना छापियो जसमा लेखिएको थियो-

"अनुभव से मालूम हुआ है कि 'धर्म-दूत' के कुछ प्रेमियोंको नेपालमें भाषा की कठिनाई रहती है । उनका लाभ के लिए 'धर्म-दूत' के आगामी अंकसे आरम्भ करके प्रत्येक महीने एक लेख नेपाली (गोर्खाली) भाषामें प्रकाशित करने की योजना की गई है ।"

यसअनुसार वर्ष- ५ को अंक-९ र १० मा "धर्म-संग्रह' शीर्षकमा दुइवटा लेखमात्र प्रकाशित गरिएको थियो । त्यस अवधिभित्रमा प्रायः जसो 'धर्म-दूत' को नेपाली पाठक (नेवार) हरूले सयौं पत्र 'धर्म-दूत' का सम्पादक (भदन्त आनन्द कौशल्यायन) समक्ष पुऱ्याए जुन पत्रमा सबैको



Downloaded from http://dhamma.digital

आशय एउटै थियो, त्यो हो- 'धर्म-दूत' पत्रिकामा प्रकाशित हुने एउटा लेख गोरखालीको सट्टा नेपालभाषाबाट छापिनु । तर यस विषयमा सम्पादकलाई समस्या थियो जुन उहाँकै शब्दमा –

"धर्म-दूत' मे जब से यह सूचना छपी है कि उसमे एक लेख प्रतिमास गोरखाली में भी देनेका प्रयत्न किया जायेगा, हमारे पास नेपालके 'धर्मदूत' के प्रेमियों के पत्रोंका ताँती लग गया है, जिन्हे पाकर हमें बडी प्रसन्नता हुइ हैं । प्राय: सभी पत्र-प्रेषकोंका आग्रह है कि लेख गोरखाली की बजाय यदि नेवारी में हो तो नेपाली पाठकोंको विशेष सुविधा होगी । हम उनके विचार से पूर्णत: सहमत है लेकिन विचारे सम्पादकका दुर्भाग्य है कि वह नेवारी भाषा से सर्वथा अपरिचित है । गोरखाली और हिन्दी बहुत कुछ एक दूसरे के समीप होने से किसी न किसी तरह काम चल सकता है, लेकिन जिस भाषाके उसे कुछ भी परिचय नहिं उस भाषामें लेख छापना जिन लेखोंको सम्पादक समझ नहीं सकता, उन्हे छापना तथा प्रकाशित करने कि जिम्मेवारी लेना, हमारी ही दृष्टि में नहीं हमारा विश्वास है हमारे पत्रप्रेषक महानुभावों की दृष्टि में भी दुस्साहस ही होगा ।"

यस सूचना छापिएको अंक (वर्ष-५, अंक-१०= फरवरी, १९४०) पछि सिर्फ ११-१२ अंक संयुक्तरूपमा छापी एउटा अंक मात्र 'धर्मदूत' प्रकाशित भएको थियो । त्यसपछि वर्षदिनको लागि विशेष कारणवश पत्रिका बन्द भयो ।

सन् १९४१ को अप्रिल (चैत्र, १९९७ वि.सं.) देखि पुन: वर्ष-६, अंक-१ शुभारम्भ भयो । यस अवधिभित्रमा श्रामणेर महानाम कालिम्पोङ, कलकत्ता आदि ठाउँमा रही सारनाथ आइपुग्नुभएको थियो । अत: संयोगवश उहाँलाई सम्पादक हुने मौका प्राप्त भयो । 'धर्मदूत' मा प्रकाशित गरिने



Downloaded from http://dhamma.digital

नेपालभाषाको लेख (४ पेज) को सम्पादन गर्ने जिम्मा श्रामणेर महानामले लिने गरेबाट वर्ष-६ को , शुरू अंकदेखि 'धर्म-दूत' मा नेपालभाषाबाट लेख छापिन थाल्यो । पहिलो लेख उहाँकै 'शील' शिर्षकबाट शुरुभयो । पछि क्रमशः भिक्षु महाप्रज्ञा, भिक्षु अमृतानन्द, भिक्षु सुबोधानन्द एवं अन्य उपासकोपासिकाको लेख पनि छापिंदै गयो । यो क्रम ('धर्म-दूत' मा नेपालभाषाको लेख छापिंने) वर्ष-१३ को अंक-६ (अगस्त, १९४८) सम्म निरन्तर प्रकाशित भएको थियो । यसअवधि (सन् १९४१-४८) भित्रमा श्रामणेर महानामले अन्य विशेष उल्लेखनीय धार्मिक एवं साहित्यिक कार्यहरू गर्नुको साथै केही उल्लेखनीय घटनाहरू पनि घटेको थियो जो निम्न प्रकारका छन् :-

१) सन् १९४१ मै श्रामणेर महानामले हिन्दी साहित्यमा 'कोविद' परीक्षा पास गर्नुभएको फलस्वरूप उहाँको मित्रहरूले उहाँको नाममै 'कोविद' उपाधि जोडी महानाम 'कोविद' नामकरण गरियो ।

२) श्रामणेर महानाम श्रीलंकाबाट फर्कनुभएदेखि प्रायः भारतमै रहनुभएको कारण उहाँको सम्पर्क विभिन्न भारतीय बौद्धविद्वान्‌हरूसित हुनु स्वभाविकै थियो । ती प्रतिष्ठित विद्वान्‌हरूमा लखनऊ, बुद्ध विहारका विहाराधिपति भिक्षु बोधानन्द महास्थविर (सन् १८७४-१९५२) पनि एक हुनुहुन्छ । अतः उहाँसित पनि श्रामणेर महानामको विशेष परिचय थियो । सन् १९४२ (बु.सं. २४८६) को वैशाखपूर्णिमा उहाँले आफ्ना ज्येष्ठ गुरुभाई भदन्त आनन्द कौशल्यायन (सन् १९०५-८८) का साथ लखनऊको बुद्धविहारमा बिताउनुभएको थियो । उक्त दिन शायद बिहान श्रीलंकाको एक बौद्धपुत्र भिक्षु बोधानन्द महास्थविरको शिष्यत्व एवं उहाँको मद्दतगारको रुपमा रहन प्रव्रजित हुनुभएको थियो । प्रव्रज्यापश्चात् उहाँको नाम "गलगेदर प्रज्ञानन्द" राखिएको थियो । उहाँ हाल लखनऊ बुद्ध



Downloaded from http://dhamma.digital



महापण्डित राहुल साँकृत्यायन–भदन्त आनन्द कौशल्यायन (बायाँ)
र श्रामणेर महानाम (दायाँ)
(२३ जुलाई १९४२)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

विहारका विहाराधिपति हुनुहुन्छ । त्यसै दिन (बु.सं. २४८६ औ वैशाखपूर्णिमा) लखनऊ, रेडियोबाट भदन्त आनन्द कौशल्यायनले हिन्दीमा र श्रामणेर महानामले पालिबाट धर्मोपदेश प्रसारण गर्नुभएको थियो ।

३) 'त्रिपिटकाचार्य', महापण्डित राहुल साँकृत्यायन-श्रामणेर महानामका श्रीलंकादेखि (बाल्यकालदेखि) को परिचित व्यक्ति हुनुहुन्छ । विद्यालंकार परिवेणमा भिक्षु राहुल साँकृत्यायनकै छत्रछायामा रही श्रामणेर महानामले संस्कृतभाषा अध्ययन गर्नुभएको थियो । उहाँ (राहुल साँकृत्यायन) ले प्राचीन लुप्त संस्कृत ग्रन्थहरूको खोजविनको निमित्त ४ पटक सम्म दुर्गम क्षेत्र-तिब्बतको यात्रा गर्नुभएको थियो । चौथोंपटकको तिब्बतको यात्रा (२३ अप्रिल -३ अक्टोबर १९३८) पश्चात् राहुल साँकृत्यायनले सक्रियरूपमा पुन:राजनीतिमा भागलिनुभएको थियो । जसको फलस्वरूप उहाँलाई २९ महिना (मार्च, १९४०-जुलाई, १९४२) सम्म कारावास (जेल जीवन) को सजायँ दिइएको थियो । यद्यपि यस जेलयात्राकाल उहाँको निमित्त वरदान नै हुन गएको थियो उहाँको सुप्रसिद्ध ग्रन्थहरू विश्वकी रुपरेखा, मानवसमाज, दर्शन-दिग्दर्शन, वैज्ञानिक भौतिकवाद, सिंह सेनापति र वोल्गा सें गंगा एवं अन्य ८ वटा भोजपुरी नाटकहरू पनि यस जेलयात्राकालमानै लेख्नुभएको थियो । २३ जुलाई १९४२ का दिन उहाँलाई रिहाई गरियो । रिहाई भएको दिन वा यसको भोलिपल्ट उहाँ जेलको वेशमै सारनाथ आइपुग्नुभयो, जहाँ उहाँको जीवनको अभिन्न अङ्गको रूपमा रहेका भदन्त आनन्द कौशल्यायन रहँदै थिए, साथै सहोदर श्रामणेर महानाम पनि । यसैको स्मृतिको निमित्त उहाँहरूले दुइवटा फोटो पनि खिचेको थियो- जसको Negative यस पंक्तिका लेखकले भिक्षु महानाम महास्थविरसित लिई केही प्रचार-प्रसार गरेको थिएँ, त्यही एक फोटो डा. कमला साँकृत्यायनकहाँ पुऱ्याएबाट "साप्ताहिक हिन्दुस्तान"



Downloaded from http://dhamma.digital

अगस्त/सितेम्बर १९९२ (जन्मशती विशेषको रूपमा प्रकाशित गरिएको अंक) मा छापियो ।

४) श्रामणेर महानाम १७ अक्टोबर १९४३ का दिन सारनाथको आर्यसंघाराम (बर्मी विहार) मा भिक्षु ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को उपाध्यायत्वमा उपसम्पन्न भई "भिक्षु महानाम" हुनुभएको थियो । उहाँको साथै 'श्रामणेर प्रज्ञारश्मि' पनि उपसम्पन्न भई "भिक्षु प्रज्ञारश्मि" हुनुभएको थियो । उहाँहरू उपसम्पन्न हुनुभएको बेला त्यहाँ भिक्षु अमृतानन्द (वि.सं. १९७५-२०४७) एवं लोकरत्न उपासक पनि थिए । उहाँहरूको उपसम्पदाका दाता भाजुरत्न साहू हुनुभएको थियो ।

५) भिक्षु महानाम 'कोविद' उपसम्पन्न हुनुभएको ६ महिनापछि सन् १९४४ को मई (वैशाख, २००१ साल) महिनातिर नेपालमा एकपटक आउनुभएको थियो । यो भिक्षु महानामको १५-१६ वर्षपश्चात्को स्वदेशगमन थियो । उहाँ एक-डेढ महिना नेपाल (किन्दोल विहार) मा रही भारत फर्कनुभयो । उहाँ नौतनवामा भिक्षु श्रीनिवास नायक महास्थविर (सन् १८९४-१९६८) कहाँ रहँदै थिए की ३० जुलाई १९४४-१५ श्रावण २००१ का दिन नेपालमा राणा प्रधानमन्त्री श्री ३ जुद्धशम्शेर (शासनकाल-सन् १९३२-४५) को सरकारले ८ जना स्थविरवादी भिक्षु एवं श्रामणेरहरूलाई देश निष्कासन गरिएको थियो जसमध्ये श्रामणेर अग्गधम्मले उहाँकहाँ (नौतनवामा) आई सारा वृत्तान्त सुनाएको थियो ।

६) सन् १९४४ को वर्षावासकाल समाप्तिपछि नेपालबाट निर्वासित गरिएका एवं भारतको यत्रतत्र रहनुभएका नेपाली भिक्षुहरू सबै सारनाथमा मूलगन्धकुटी विहारको वार्षिकोत्सवमा जम्मा हुन आउनुभयो, यसको भोलिपल्ट ३१ अक्टोबर १९४४ का दिन नेपाल एवं भारतमा



Downloaded from http://dhamma.digital

रहनुभएका देशी एवं विदेशी भिक्षुहरू सम्मिलित भई नेपालबाट निर्वासित गरिएका भिक्षुहरूलाई स्वदेशागमन गराउनुका साथै विभिन्न तवरबाट धर्मको प्रचार-प्रसार गर्नेगराउने हेतु "धर्मोदय-सभा" स्थापना गरिएको थियो । जसको अध्यक्षपदमा भिक्षु ऊ. चन्द्रमणि महास्थविर नियुक्त हुनुभएको थियो । उपाध्यक्षपदमा भदन्त आनन्द कौशल्यायन, मन्त्रीपदमा भिक्षु अमृतानन्द र संयुक्तमन्त्रीमा भिक्षु महानाम नियुक्त हुनुभएको थियो । कोषाध्यक्षपदमा साहू मणिहर्षज्योति कंसाकार नियुक्त हुनुभएको थियो त सदस्यहरूमा भिक्षु ऊ. कित्तिमा महास्थविर, भिक्षु महाप्रज्ञा स्थविर, भिक्षु धम्मालोक स्थविर नियुक्त हुनुभएको थियो ।

७) 'धर्मोदय सभा' स्थापनापश्चात् यसको पहिलो उद्देश्यअनुरूप बुद्धधर्मका पुस्तकहरू सम्पादन एवं प्रकाशनको शुभारम्भ भिक्षु अमृतानन्दद्वारा अनूदित भदन्ताचार्य बुद्धघोष महास्थविरको धम्मपदअट्ठकथा प्रथम थियो । नेपालभाषामा अनूदित यस ग्रन्थ प्रकाशनको निमित्त संयुक्तमन्त्रीको रुपमा रहनुभएका भिक्षु महानामले निकै प्रयत्न गर्नुभएको थियो । यो ग्रन्थ धर्मोदय सभा स्थापना वर्ष (बु.सं. २४८८-ने.सं. १०६४) मै भएको थियो ।

Dhamma.Digital

८) 'धर्मोदय सभा' स्थापना भएको ३ वर्षपछि, यसको प्रधानकेन्द्र सारनाथको आर्य संघाराम (बर्मीज विहार) बाट कालिम्पोङ्गको Eldze Villa नामक बङ्गला जुन 'धर्मोदय विहार' को रुपमा परिणत भइसकेको थियो, दोस्रो प्रधान केन्द्रको रूपमा सरुवा भएदेखि 'धर्मोदय-सभा' ले आफ्नो मुख-पत्रको रूपमा "धर्मोदय" नामक एक मासिक पत्रिका प्रकाशन गर्ने निर्णय गऱ्यो । सम्पादनको निमित्त 'धर्म-दूत' पत्रिकामा नेपालभाषाका लेख सम्पादनका अनुभव प्राप्त गरिसकेका भिक्षु महानाम 'कोविद' र भिक्षु अनिरुद्धलाई नियुक्त गरिएको थियो । यसको पहिलो अंक कौलाथ्व, १०६७ वा अक्टोबर, १९४७ थियो ।



Downloaded from http://dhamma.digital

स्मरणीय छ, नेपालका प्रथम पत्रकार धर्मादित्य धर्माचार्य (ने.सं. १०२२-८३) ले "बुद्ध-धर्म" पत्रिका (पछि बुद्ध-धर्म व नेपालभाषा) शुरु (बु.सं. २४६९, वैशाख पूर्णिमा) गर्नुभएको १० वर्षपछि सारनाथबाट 'धर्म-दूत' पत्रिका बु.सं. २४७९ को वैशाख पूर्णिमादेखि शुरुभएको थियो । 'धर्म-दूत' पत्रिका शुरुभएको १२ वर्षपछि बु.सं. २४९१ देखि कालेम्पोङ (पछि कलकत्ता) बाट 'धर्मोदय' पत्रिकाको प्रकाशन शुरुभएको थियो । 'धर्मोदय' पत्रिका पुरै नेपालभाषामा प्रकाशित भएको केही महिनापश्चात् 'धर्म-दूत' मा नेपालभाषाको लेख प्रकाशन बन्द गरिएको थियो ।

भिक्षु महानाम 'कोविद' ले धर्मोदय पत्रिकाको सम्पादनकालमा १३ वर्ष (अन्तिम अंक-वर्ष-१३, संख्या- १४६) बिताइसकेपछि पुन: 'महाबोधि-सभा' कै विभिन्न क्रियाकलापहरूमा सक्रिय हुनुभयो । यसैको दौरानमा महाबोधि-सभाका बुद्धगया, नयाँ दिल्ली, बम्बई आदि स्थानहरूमा अवस्थित शाखाहरूको इञ्चार्ज भई कयौं वर्ष बुद्ध-धर्मको प्रचार-प्रसारमा व्यस्त हुनुभएको थियो ।

आफ्नो उमेर ५० वर्ष नाघिसकेपछि मात्र भिक्षु महानाम 'कोविद' नेपाल आउनुभयो । यस अवधिभित्रमा उहाँले सन् १९५३ मा 'धर्मोदय' पत्रिकाको सम्पूर्ण कार्यभार सहायक सम्पादक श्रामणेर सुदर्शन (प्रव्रजित-सन् १९५०) लाई जिम्मा दिई लुम्बिनीको उद्धारहेतु एक दशकसम्म लुम्बिनीमा रही लुम्बिनीमा थाना, हुलाक, स्वास्थ्य केन्द्र, विद्यालय आदिको प्रबन्ध गरी पुन: एकपटक भारतको यत्र-तत्र ठाउँमा रही काठमाडौंको आनन्दकुटी विहारमा आउनुभएको थियो ।

भिक्षु महानाम 'कोविद' स्थायीरूपमा काठमाडौंमा रहन आएको वर्षदिनअगाडि उहाँ कालिम्पोङमा थिए । उहाँले "कालिम्पोङ धर्मोदय



Downloaded from http://dhamma.digital

सभा" लाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याई सारनाथमा सम्पन्न भएको सातौ विश्व बौद्ध सम्मेलन (२९ नवम्बर-४ दिसम्बर १९६४) देखि प्रतिनिधित्व गराउन सफल हुनुभएको थियो ।

वि.सं. २०२२ सालतिर काठमाडौं आउनुभएका भिक्षु महानाम 'कोविद' ले भिक्षु अमृतानन्दको अनुरोधमा वि.सं. २०२३ सालदेखि २०४३ सालसम्म पूरा दुई दशक "आनन्दकुटी विद्यापीठ" का विभिन्न प्रशासकीय पदमा रही 'आनन्दकुटी विद्यापीठ' को उज्ज्वलतामा टेवा दिनुभएको थियो । यसै अवधिभित्रमा भिक्षु महानाम 'कोविद' ले आनन्दकुटी विहार गुठी (स्थापना-सन् १९७३) बाट प्रकाशित "आनन्दभूमि" मासिक पत्रिकाको व्यवस्थापकको रुपमा शुरू अंक (वर्ष-१, अंक-१= वैशाख, २०३०) देखि वर्ष-११, अंक-८ (पौष, २०४०) सम्म कार्य गर्नुभएको थियो ।

भिक्षु महानाम 'कोविद' ले धर्मोदय सभाको तर्फबाट मात्र पुस्तक प्रकाशन गर्नुभएको थिएन आफ्नै तर्फबाट पनि 'जीवरत्न ग्रन्थमाला' को प्रकाशन शुरूगर्नुभएको थियो । यसै ग्रन्थमालाको पाँचौ वा अन्तिम पुष्प उहाँले यस पंक्तिका लेखकको "बौद्धजगत्का स्मरणीय व्यक्तिहरू- पहिलो भाग" प्रकाशित गरिदिनुभएको थियो । यस ग्रन्थमालाको पहिलो पुष्प भदन्त आनन्द कौशल्यायनको संस्कृत हिन्दी अनुवाद "बुद्ध-शतकम्" थियो जुन सन् १९४४ मा प्रकाशित भएको थियो ।

यसप्रकार बौद्धसाहित्य वृद्धि गर्नमा उहाँको अथक योगदान थियो । यसैमा उहाँले पनि एक यस्तो किताबको अनुवाद हिन्दीबाट नेपालभाषामा गर्नुभएको थियो जुन पुस्तकको आफ्नै विशेषता थियो । सत्यसमाजका संस्थापक स्वामी सत्यभक्तका "बुद्धहृदय" नामक उक्त पुस्तकको अनुवादलाई



Downloaded from http://dhamma.digital

उहाँले 'नुग:' नामबाट सन् १९४९ (बु.सं. २४९३) मा "धर्मोदय ग्रन्थमाला-१७" को रुपमा प्रथम संस्करण प्रकाशित गर्नुभएको थियो ।

यसप्रकार १२-१३ वर्षको उमेरदेखि बुद्धधर्ममा समर्पित हुनुभएका भिक्षु महानाम महास्थविरले श्रीलंकामा एक दशकको बौद्धसाहित्य अध्ययनकालपछि भारतमा झण्डै ३ दशक र नेपालमा पूरा ३ दशक बिताई तथागतको धर्म र विनयलाई प्रचार-प्रसार गर्नमा योगदान दिनुभएको थियो ।

जीवनको अन्त हुनको निमित्त लिभरटयुमररोग हेतुको रूपमा बहन गर्दै रहनुभएका भिक्षु महानाम महास्थविरलाई उहाँको स्वस्थकालमै उहाँले नेपालभाषा एवं यसको साहित्यप्रति गर्नुभएको योगदानको कदर स्वरूप १ कार्तिक २०५२ का दिन "नेपालभाषा परिषद" ले "भाषाथुवा:" को उपाधि प्रदान गरेको थियो ।

यसको लगत्तै २५ कार्तिक २०५२ का दिन उहाँ आफ्नोरोगको उपचारार्थ बैङ्कक प्रस्थान गर्नुभएको थियो । साढे तीन महिनासम्म बैङ्ककमा चिकित्सा गरेबाट पनि उहाँ पूर्ण स्वस्थरूपमा फर्कन सक्नुभएन । सन् १९९६ को फरवरीको अन्तिम हप्तातिर नेपाल फर्कनुभएका उहाँ यसको डेढ-दुई हप्तापछिनै यहाँ स्मृतिमात्र छोडी ७ मार्च १९९६ तद्नुसार २४ फागुन २०५२ का दिन कीर्तिपुरको श्रीकीर्ति विहारमा आफ्नो ७९ वर्षको पवित्र जीवनकाल समाप्त गर्नुभयो ।

■

वैशाख महोत्सव
रत्नाकर महाविहार,
ल्यायम्ह पुच: हखाबहाल, ललितपुर
बुद्ध सम्वत् २५४२



Downloaded from http://dhamma.digital



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# लेखकका अन्य प्रकाशित पुस्तकहरू

| | पुस्तक | | प्रकाशक |
|---|---|---|---|
| १) | नेपालको इतिहासमा कलंकित घटना | - | युवा बौद्ध पुचः, भक्तपुर-२०४८ |
| २) | भिक्षु धर्मालोक महास्थविर | - | आनन्दकुटी विहारगुठी, आनन्दकुटी विहार स्वयम्भू, काठमाडौं-२०४८ |
| ३) | बौद्धजगत्का स्मरणीय व्यक्तिहरू-प्रथम भाग | - | भिक्षु महानाम महास्थविर आनन्दकुटी विहार, स्वयम्भू काठमाडौं-२०४९ |
| ४) | बाबासाहेब डा. अम्बेडकर | - | बौद्ध संघ भक्तपुर, बौद्ध समंकृत विहार-२०४९ |
| ५) | अनागारिका धम्मावती | - | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, काठमाडौं-२०४९ |
| ६) | 'पियदसि' पं. जवाहरलाल नेहरू | - | रत्नायन परिवार खमाबहाल, भक्तपुर - २०४९ |
| ७) | भिक्षुत्रयी - महापण्डित राहुल सांकृत्यायन, भदन्त आनन्द कौशल्यायन र भिक्षु जगदीश काश्यपको जीवनी | - | धर्मोदय सभा, भक्तपुर शाखा-२०४९ |
| ८) | भिक्षु ऊ. चन्द्रमणि महास्थविर | - | अनागारिका वजिरञाणी र संघशीला बौद्ध समंकृत विहार, भक्तपुर-२०४९ |
| ९) | महान् उपन्यासकार प्रेमचन्द | - | श्रीमती लक्ष्मीशोभा शाक्य पालाखे टोल, भक्तपुर-२०४९ |
| १०) | जीवनयात्रा में दार्शनिक दृष्टियाँ डा.भदन्त शान्ति "शास्त्री" का लेख प्रस्तुत | - | प्रस्तुतकर्ता स्वयं, यलाछें टोल, भक्तपुर-२०४९ |
| ११) | बौद्ध-ऋषि महाप्रज्ञा | - | संघरत्न, पूर्णचन्द्र र सिद्धिरत्न शाक्य भक्तपुर-२०५० |
| १२) | मनू म्हसिकेगु मखु ? भिक्षु अश्वघोषया लेख सम्पादन | - | श्रीमती पञ्चमाया वज्राचार्य नापं शेक्तराज, दिव्यराज व विक्रमराज वज्राचार्य, इताछें भक्तपुर-२०५० |
| १३) | भिक्षु ऊ. कितिमा महास्थविर | - | अनागारिका संघरक्षिता संघरक्षिता विहार, चैकिटोल पाटन- २०५० |



Downloaded from http://dhamma.digital

१४) वे बुद्ध के चरणचिन्ह पर चले थे-
अनागारिक धर्मपालको प्रसंगमा
सन्तनिहाल सिंहले लेखिएको लेख प्रस्तुत - ज्योतिदय संघ
ज्योतिविहार, चापागाउँ- २०५०

१५) भिक्षु विवेकानन्द महास्थविर व वसपोलया रचना संग्रह - श्रीमती सप्तमाया शाक्य
घालाछें टोल, भक्तपुर-२०५०

१६) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू -दोस्रो भाग - मानदास लुमन्ति प्रकाशन
असन, कमलाछी, काठमाडौं-२०५०

१७) एक व्यक्तित्व - श्री भुवनलाल प्रधान - भुवनलाल प्रधान अभिनन्दन समिति
-२४ वैशाख २०५१-

१८) स्वतन्त्रता सेनानी- धर्मरत्न 'यमि' - बौद्ध संघ भक्तपुर
बौद्ध समंकृत विहार-२०५१

१९) भिक्षु निचिदात्सु फूजी - अशोक जापानी लैंग्वेज इन्स्टिच्यूट
नासमना, भक्तपुर-२०५१

२०) भिक्षु मेधंकर स्थविर व वसपोलया रचना संग्रह - श्रीमती सानुशोभा शाक्य
घालाछें, बेखाल, भक्तपुर-२०५२

२१) मानसिक शान्ति
- प्रो लालजीराम शुक्लका लेख सम्पादन - सतीशचन्द्र पौल, सुकुम्भित रोड,
बैङ्कक, थाइलैण्ड-२०५३

२२) संघनायक भिक्षु अनिरुद्ध महास्थविर - संघनायक अभिनन्दन समारोह समिति
- १२ वैशाख २०५५ -

२३) थेरवाद और महायान मे भेद
- महापण्डित राहुल सांकृत्यायनका लेख प्रस्तुत - प्रस्तुतकर्ता स्वयं
महालक्ष्मी सडक, भक्तपुर - २०५५

२४) बौद्धजगत्का स्मरणीय व्यक्तिरू - तेस्रो भाग - वजिरत्नाणी लुमन्ति प्रकाशन
बौद्ध समंकृत विहार, भक्तपुर-२०५७

२५) प्रभात स्तुति - न्ह्यब्व:पिं स्वयं
(भिक्षु सुदर्शन महास्थविर व रत्नसुन्दर शाक्य)

२६) भिक्षु सम्यकज्योति महास्थविरया जीवनी - बौद्ध संघ भक्तपुर
(भिक्षु सम्यकज्योति अभिनन्दन दिं)
- ३१ जेष्ठ २०६० -



Dhamma.Digital
Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital